मानवअधिकार प्रहरी कानून

मानवअधिकार-प्रहरी-कानून

लेखक

रमेश बडाल

हरि फुयाँल

सम्पादन

माधव पन्थी

सामाजिक न्याय र मानवअधिकारको लागि

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

कलंकी, काठमाडौं, नेपाल

पोष्ट बक्स नं. २७२६

फो नं. २७०७७० / २७८७७०

फ्याक्स नं. २७०५५१

मानवअधिकार-प्रहरी-कानून

सर्वाधिकार
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मा सुरक्षित

प्रकाशक
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

संख्या
दुई हजार

मूल्य : रू ५०।-

कभर फोटो
प्रजातन्त्रको उदय र प्रहरी दर्पण ०५२ बाट

मुद्रक :
इन्द्रेणी अफसेट प्रेस
बागबजार
फोन - २२५९५४

Digitized By: Bimal Chandra Sharma

भूमिका

मानवअधिकारको वहाली र सम्मान गर्नु पर्ने दायित्व सबैको हो तर जनताको जीउधनको सुरक्षा लगायत उनीहरूका हक अधिकारको संरक्षण गर्ने दायित्व राज्यको भएकोले मानवअधिकारको वहालीमा राज्य पक्षको बढी दायित्व हुन्छ भन्ने कुरामा कसैको दुइ मत छैन। राज्य वा सरकारले आफ्ना साधन र श्रोत परिचालन गरी आफ्नो भूमिका स्पष्ट पारेको हुन्छ। सरकारको यस कामको जिम्मेवारी शान्ति सुरक्षा कायम गर्ने निकाय वा संस्थाको हुन्छ र हाम्रो देशमा शान्ति सुरक्षाको जिम्मेवारी बोकेको गृह प्रशासन र त्यसको मातहतमा रहेको प्रहरी प्रशासनले यस किसिमको दायित्व निर्वाह गर्दै आएको छ।

देशमा मानवअधिकारको स्थिति सुध्रिनु र विग्रनुमा राज्यको एक महत्वपूर्ण निकायको रूपमा काम गर्ने प्रहरी प्रशासनको भूमिका महत्वपूर्ण हुन्छ। यद्यपि हरेक देशको कानूनले प्रहरी प्रशासनको काम कर्तव्य र दायित्व बारे तोकिदिएको हन्छ तर बिकासोन्मुख मुलुकदेखि लिएर अत्यन्त विकसित मुलुकहरूमा समेत प्रहरीले आफु खुशी नागरिकका अधिकार कटौती गरेको र मानवअधिकारको उल्लंघन गरेका घटनाहरू प्रकाशमा आएका छन।

हाम्रो देशको बर्तमान संबिधानले जनताका मौलिक हक कुण्ठित हुने छैनन्,गैरकानूनी रूपमा कसैलाई पनि गिरफ्तार गर्ने र यातना दिने काम गरिने छैन,जनताका बिरोध प्रदर्शन लगायत बिचार अभिब्यक्तिको स्वतन्त्रताको अपहरण गरिने छैन र राजनीतिक पार्टी माथि प्रतिबन्ध लगाइने छैन भनिएको छ। तर यस अबधिमा सरकारी पक्षबाट भए गरेका कामको सामान्य सिंहावलोकन गर्दा संबिधानले प्रतिबद्धता ब्यक्त गरेका बिषयहरूको बारंबार उल्लंघन गरिएको छ र अहिले पनि देशको मानव अधिकारको स्थाति सन्तोषजनक छ भन्न सकिदैन।

प्रजातान्त्रिक ब्यबस्थामा कानूनको दृष्टिमा सबै समान हुनु पर्छ र देशको शासन व्यवस्था नियम कानूनका आधारमा चल्नु पर्दछ। देशमा मानवअधिकारको वहाली रक्षा एवं बिकासमा राज्यको दायित्व हुन्छ। राज्यले एकातिर देशमा शान्ति सुरक्षाको ब्यबस्था गर्नु पर्छ भने अर्कोतिर कुनै पनि निहूँमा नागरिकको अधिकारको कटौती वा हनन हुनुहुदैन। अहिले पनि प्रहरी प्रशासनले गरेका सबै काम कार्बाही बिधिसंमत छन् भनेर निर्धक्कका साथ भन्न सक्ने स्थिति बनेको छैन।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले २०४५ साल देखि मानव अधिकार र सामाजिक न्यायको क्षेत्रमा बिबिध कार्यक्रम गर्दै आएको छ।हामीले ग्रामीण तहका जनता बीच मानव अधिकार र मौलिक अधिकारको बारेमा सचेतन कार्यक्रम संचालन गर्दै आएका

छौं। मानव अधिकारको बहाली र संमान गर्नु भनेको आफ्नो अधिकार प्रति जागरूक रहदै जनसमुदायलाई सचेत पार्नु पनि हो। यसकै एक कडीको रूपमा यस पटक नेपालको मानव अधिकार आन्दोलनका अथक योध्दा स्व. प्रकाश काफ्लेको पाँचौ पुण्य स्मृतिमा अधिवक्ताद्वय हरि फूयाँल र रमेश वडालले मेहेनतपूर्वक लेख्नु भएको "मानवअधिकार - प्रहरी - कानून" नामक पुस्तक प्रकाशित गरेका छौं।

जनताका प्रजातान्त्रिक अधिकारको उपभोग र सम्मान गर्ने दायित्व बोकेको प्रहरी प्रशासनको के कस्तो भूमिका हुन्छ?प्रहरीको प्रशासनिक संयन्त्र र संगठनात्मक स्थिति कस्तो छ?प्रहरी सम्बन्धी प्रचलित कानूनमा उनीहरूलाई के कस्तो अधिकार प्रदान गरिएको छ? प्रहरी प्रशासनले प्रयोग गर्ने गरेको बल.एवं शक्ति प्रयोगको कानूनी औचित्य छ कि छैन? त्यसले यो देशको मानवअधिकारको सम्मान गरेको छ वा छैन? भन्ने विषयमा जनतालाई आंशिक रूपमा भए पनि केही जानकारी गराउने छ भन्ने अपेक्षा गरिएको छ।साथै प्रस्तुत पुस्तकमा मानवअधिकार संग प्रत्यक्ष सरोकारको विषय बनेको यातना विरूद्धको क्षतीपूर्ति सम्बन्धी ऐन - ०५३, सरकारी मुद्दा सम्बन्धी ऐन - ०४८ र कारागार ऐन - ०१९ पनि परिशिष्टमा राखिएको छ।

यस पुस्तकको पाण्डुलिपी हेरी सकारात्मक धारणा व्यक्त गर्नु हुने अतिरिक्त प्रहरी महानिरीक्षक प्रदीप शमशेर जबराले सहयोग गर्नु भएको छ । साथै केन्द्रीय कार्यालयका सबै साथीहरूले विविध किसिमले गर्नु भएको सहयोग प्रशंसनीय छ।

प्रस्तुत पुस्तकले प्रहरी, प्रहरी बारे जानकारी राख्ने व्यक्तिहरू र आफ्नो अधिकार एवं कर्तव्य प्रति सचेत हुने जो कसैलाई पनि सहयोग पुऱ्याउने नै छ भन्ने हामीले आशा राखेका छौं।

पुस्तकबारे प्राप्त हुने रचनात्मक सुझावलाई हामी सदैव स्वागत गर्नेछौं।

२०५४ साउन १६।

सुशील प्याकुरेल
अध्यक्ष

विषय सूची

	पेज
परिच्छेद एक	
प्रहरी के हो	१-५
परिच्छेद दुई	
अपराध अनुसन्धान र प्रहरी	६-२३
परिच्छेद तीन	
जनप्रदर्शन र प्रहरी	२४-३०
.परिच्छेद चार	
यातना र क्षतिपूर्ति	३१-३७
.परिच्छेद पाँच	
कारागार व्यवस्था	३८-४८
परिच्छेद छ	
प्रहरीले पालन गर्नु पर्ने कर्तव्य र आचरण	४९-६४
परिशिष्टांक एक	
सरकारी मुद्दा सम्बन्धी ऐन २०४९	६५-७९
परिशिष्टांक दुई	
थुनुवा रहँदा यातना दिइएका व्यक्तिलाई क्षतिपूर्ति दिने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०५३	८०-८२
परिशिष्टांक तीन	
कारागार ऐन २०१९	८३-९४

परिच्छेद १

प्रहरी के हो ?

प्रहरी भनेको समाजमा डर, त्रास तथा संकटको बेला समाजको सहयोगी बनेर चिनिने एक संगठित समूह हो। प्रहरी भन्नाले राज्यले शान्ति सुरक्षा कायम राख्न संगठित रूपमा तयार पारेको त्यो एउटा विशिष्ट शक्ति भन्ने बुझाउँछ। अर्थात निश्चित रूपमा संगठित भएका मानिसहरूको समूह नै प्रहरी हो जसले नागरिक व्यवस्था, सार्वजनिक सुरक्षा, कानूनको पालना र कानूनको उल्लंघन भएको अवस्थामा छानविन गर्ने काम गर्दछ। विशेषतः प्रहरीले अपराधिक क्रियाकलापहरू नियन्त्रण गरी राज्यको तर्फबाट शान्ति सुरक्षाको प्रत्याभूति दिने कार्यहरू गर्दछ।

समाजमा शान्ति सुरक्षा कायम राख्न कुनै न कुनै उपायको जरूरी पर्दछ। तसर्थ यस प्रकारको शान्ति सुरक्षा कायम राख्न विश्वव्यापी रूपमा प्रहरी संयन्त्रको परिकल्पना गरिएको पाइन्छ। राज्यले प्रहरीहरूलाई पूर्णकालीन रूपमा राजनीति, परम्परा र कानूनी हिसाबले नियन्त्रित हुने गरी विशेष प्रकारको जिम्मेवारीका साथ नियुक्त गर्दछ। प्रायः जसो देशहरूमा प्रहरीहरू राज्यले नै नियुक्त गर्दछ। कतिपय संघीय राज्य प्रणाली भएका देशहरूमा संघीय राज्यहरूले पनि प्रहरीको नियुक्त गर्दछन् भने कतिपय देशमा नगरपालिकाहरूलाई पनि प्रहरीको नियुक्त गर्ने अधिकार प्राप्त हुन्छन्। यस प्रकारले नियुक्त गरिएका प्रहरीहरूको दायित्व, अपराधिक छानविन, सवारी नियन्त्रण र अनिच्छाइएका गतिविधिहरूको रोकथाम गर्ने हुन्छ। राज्यले सामान्यतया राजनैतिक सूचनाहरू संकलन गर्ने र प्रतिक्रान्ति हुने खालका गतिविधि लगायतका अवस्थाहरूको सूचना संकलन गर्नु पर्ने हुन्छ। यस्ता कामहरूको लागि पनि प्रहरीहरू खडा गरिएको हुन्छ। यस प्रकारका प्रहरीहरूलाई वर्दिविहीन प्रहरीहरू भनी चिनिन्छ। अर्थात यस्ता प्रहरीहरूलाई गुप्तचर पनि भनिन्छ।

प्रहरी ऐन २०१२ अनुसार प्रहरी भन्नाले अपराध रोक्ने र पत्ता लगाउने मूल दायित्व साथै जनतालाई झिन्झयाहट हुन दिनबाट रोक्ने, शान्ति व्यवस्थालाई असर पर्ने खालको खबर संकलन गर्ने, कर्तव्य पालन गर्दा अभद्र व्यवहार र हैरानी नलिने, जनतालाई दुर्घटना र खतराबाट बचाउने दैविप्रकोपको अवस्थामा उद्धार कार्य गर्ने र सार्वजनिक बाटो र स्थानमा अवरोध हुन नदिन आवश्यक प्रबन्ध गर्ने र सार्वजनिक कामको लागि श्री ५ को सरकारको नियन्त्रण, रेखदेख र निर्देशनमा रहने गरी प्रहरी ऐन, २०१२ बमोजिम नियुक्त व्यक्तिलाई भनिन्छ।

प्रहरीको इतिहास :

हजारौं वर्ष पहिले देखि नै प्रहरीको इतिहास कुनै न कुनै रूपमा रहेको पाइन्छ। धार्मिक, राजनैतिक र सैनिक प्रहरी बेबिलोनको समयदेखि नै पाइन्छ। उत्पत्तिको हिसाबले प्रहरी शासकहरूको अंग रक्षक तथा युद्ध नाइकेहरूको विशिष्ट शक्ति र सामुदायिक संगठनहरूबाट शुरू भएको पाइन्छ।

आधुनिक प्रहरीको इतिहास सातौं शताब्दीमा रोमबाट शुरू भएको पाइन्छ। धार्मिक

कर्तव्यहरूको पालना गराउनु र अन्य प्रशासनिक काम कार्वाहीहरू गर्नु त्यस बखतका प्रहरीका कार्यहरू थिए। यसैगरी १० औं शताब्दीमा जापानमा अर्ध सैनिक प्रहरीहरूको शुरूवात भएको पाइन्छ। तत्कालीन जापानका सामन्तहरूले शहरी तथा ग्रामीण क्षेत्रमा लडाका दस्ताहरू तयार पारी युद्धको नियन्त्रण तथा शान्ति सुरक्षाको व्यवस्था गर्ने कार्य उक्त प्रहरीलाई दिएका थिए।

सन् १७०० को शुरूतिर रूसमा जारहरूले आफ्ना कानूनहरू लागु गर्न प्रहरीको स्थापना गरे। केही समय पछाडि त्यही प्रहरी शक्तिलाई राज्यको राजनैतिक प्रहरीको रूपमा परिणत गरियो। यस प्रकारको प्रहरीको प्रयोग अहिले विश्वव्यापी रूपमा प्रचलनमा रहेको छ। त्यसैगरी कानूनको निर्माण गरी कानूनद्वारा प्रहरीहरूलाई संगठित गर्ने कार्य वेलायतबाट शुरू भएको र अहिले यस प्रकारको प्रयोग विश्वव्यापी रूपमा समान अवस्थामा रहेको पाइन्छ।

प्रहरीको इतिहासलाई हेर्दा प्रहरी व्यवस्थाको विकासमा केही महत्वपूर्ण सभ्यताहरूको नाम लिन सकिन्छ। जहाँ आफ्नै प्रकारको प्रहरी प्रशासनको विकास भएको थियो। जस्तो एङ्लो शेक्सन व्यवस्था, फ्रेन्च पोलिस व्यवस्था, अंग्रेजी प्रहरी व्यवस्था र अमेरिकी प्रहरी व्यवस्था।

नेपालमा प्रहरीले इतिहास १९६७ सालमा स्थापित "कोतवाली" बाट शुरू भएको पाइन्छ। १९९१ सालको "पुलिस गोश्वारा सवाल" प्रहरी सम्बन्धी नेपालको पहिलो कानून हो। विक्रम सम्बत २००१ सालमा मात्र नेपालमा अधिराज्यभरि लागु हुने गरी प्रहरी व्यवस्था लागु गरियो। नेपालमा कानूनी रूपमा प्रहरीहरूलाई व्यवस्थित र संगठित गर्ने वर्तमान कानून प्रहरी ऐन २०१२ हो।

प्रहरीका कार्यहरु :

राज्यशक्तिलाई स्थिर बनाउने एउटा महत्वपूर्ण शक्ति प्रहरी हो। तर्सथ प्रहरीको कार्यहरू प्रत्यक्ष रूपमा राज्यका कार्यहरूसंग गाँसिएका हुन्छन्। तथापि निम्न कार्यहरूलाई प्रहरीका मुख्य कार्यहरूको रूपमा लिन सकिन्छ।

- शान्ति सुरक्षा र सु-व्यवस्था कायम राख्नु
- अपराधको नियन्त्रण र रोकथाम गर्नु
- दोषीलाई अदालत समक्ष उपस्थित गराउनु
- अदालतद्वारा तोकिएको सजायको कार्यान्वयन गराउनु।
- विपत्ति र दैवी प्रकोपको वेला त्यस्तो अवस्थामा रहेका मानिसहरूको सहयोगको लागि सामेल हुनु।
- हुलदंगा र सार्वजनिक असुरक्षाको नियन्त्रण गर्नु
- सरकार विरूद्धका सूचनाहरूको संकलन गरी प्रतिवेदन पेश गर्नु
- विदेशी नागरिकहरूको गतिविधि माथि जानकारी राख्नु।
- अन्तर्राष्ट्रिय सीमाको संरक्षण र रेखदेख गर्नु।

प्रहरीका कर्तव्यहरु :

प्रहरीको प्रमुख कर्तव्य शान्ति सुरक्षाको लागि आफ्नो हाकिमको आदेशलाई पालना गर्नु हो। तथापि प्रहरी हैसियतमा प्रहरीहरूले गर्ने निम्न वमोजिम कर्तव्यहरूलाई महत्वपूर्ण मान्नु पर्दछ।

- संविधानले नागरिकहरूलाई प्रत्याभूती गरेका अधिकारहरूको संरक्षण गर्नु
- प्रकृया संगत रूपले वनाइएका कानूनहरूको वारेमा प्रश्न नगर्नु र तिनीहरूको विना डर र

विना भेदभाव लागू गर्नु।

- आफ्नो अधिकारको पहिचान र कार्यहरूको सम्मान गर्नु।
- अदालती प्रकृयाबाट दोषी ठहरिएका मानिसहरूलाई सजाय दिलाउनु।
- समाजको शान्ति व्यवस्था कायम राख्न मानिसहरूलाई सल्लाह दिने, सहमत गराउने, चेतावनी दिने, साथै अत्यन्त आवश्यक ठाउँमा बलको प्रयोग गर्ने।
- अव्यवस्था र अपराधको नियन्त्रण गर्ने।
- विना कुनै भेदभाव जनताको हितको लागि काम गर्ने।
- अरूको जीवनको लागि आफ्नो जीवनको प्रवाह नगर्नु।
- आत्मापरक, साहसी र चरित्रवान हुनु
- उच्च अनुशासनको पालन गर्नु
- समाजको सदस्यको रूपमा समाजमा एकता तथा मेलमिलाप कायम राख्न राष्ट्रको सेवा तथा संविधान र कानूनको पालना गर्न र गराउन सदा उदत्त रहनु।

प्रहरी र समाज :

आज भन्दा दुई सय वर्ष अगाडि समाजले प्रहरीलाई हेर्ने अवधारणा र अहिलेको समाजले प्रहरीलाई हेर्ने अवधारणा फरक छ। अर्थात प्रहरीहरू दुई सय वर्ष अगाडी सम्म शान्ति सुरक्षा कायम गर्ने काममा संलग्न नभई राज्यलाई विस्तार गर्ने काममा मात्र प्रयोग हुने गर्दथे। प्रहरीको दायित्व एकै प्रकारको देखिने भएता यो समय र स्थान सापेक्ष हुने गर्दछ। शहरी क्षेत्रमा प्रहरीले लिनु पर्ने दायित्व र ग्रामीण क्षेत्रमा प्रहरीले लिनु पर्ने दायित्व फरक फरक प्रकृतिको हुन्छ। शहरी क्षेत्रमा आधुनिक प्रकारका अपराधहरूमा ध्यान दिनु पर्दछ भने ग्रामीण क्षेत्रमा किसानहरूको चेतना स्तरसंग प्रहरीको दायित्व गासिन्छ। समाजको अवस्था र वस्तुस्थितिलाई मध्यनजर राखेर प्रहरीको दायित्व निर्धारण गरिन्छ। जस्तो हातहतियार सहित हुने अपराधिक क्रियाकलापमा प्रहरीको दायित्व पनि हातहतियार युक्त नै हुने गर्दछ।

मानिसहरूले कानूनहरूको पालना प्रहरीको डरले भन्दा पनि स्वैच्छिक रूपले गर्दछन्। साना र सरल प्रकृतिका समुदायमा प्रहरीको भूमिका पनि सरल नै हुने गर्दछ तर ठूला र अप्ठेरो प्रकृतिका समुदायमा प्रहरीको काम असजिलो र प्राविधिक प्रकृतिको हुने गर्दछ। जस्तो शहरमा सवारी नियन्त्रण एवं लाइसेन्स जस्ता गतिविधिमा पनि केन्द्रित हुने गर्दछ।

प्रहरी र समाजको अन्तरसम्वन्ध आवश्यकीय मात्र नभई वाध्यात्मक पनि हो। यदि समाज सुरक्षा विहिन रह्यो भने आतंकको सृजना हुन सक्दछ तर्सथ प्रहरीको समय र स्थान सापेक्ष भूमिकाले समाजको उत्तरोत्तर प्रगतिको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ।

प्रजातन्त्रमा प्रहरीमा भूमिका :

प्रहरीको कर्तव्य समुदायको वैधानिक हितहरूको संरक्षण गरी जनताको शान्ति सुरक्षाको व्यवस्था गर्नु हो। यस्तो कार्य गर्दा प्रहरीले कानूनद्वारा निर्दिष्ट गरिएका अधिकारहरूको कडाईका साथ पालन गर्नु पर्ने हुन्छ। यस्तो कानूनी अधिकारको प्रयोग गर्दा प्रहरीले कानून विरोधी काम गर्ने मानिसहरूको पनि अधिकारको संरक्षण गर्नु पर्ने हुन्छ। त्यसकारण प्रहरी र अभियुक्त बीचको सम्वन्धलाई निश्चित नियमहरूद्वारा बाधिनु पर्ने हुन्छ।

संविधानद्वारा प्रजातान्त्रिक जीवन पद्धतिको प्रत्याभूति गरिएको छ। शासक र शासित दुवैलाई

बराबरी कानून लाग्दछ। वास्तवमा राज्य शक्तिबाट हुने स्वेच्छाचारी शक्तिको प्रयोग प्रजातन्त्र विरोधी कार्य हुन्छ। त्यसकारण प्रजातन्त्रमा प्रहरी नियम र कानून संगत रूपले चल्नु पर्दछ।

प्रजातान्त्रिक पद्धतिमा प्रहरीको भूमिका कानूनको सर्वोच्चताको सिद्धान्तमा आधारित हुन्छ। प्रहरीहरूले कानून भन्दा माथि केही छैन भन्ने सिद्धान्तलाई आत्मासात गरेर आफ्नो काम कर्तव्यको पालना गर्नु पर्दछ। प्रहरीले राज्यको निर्देशनमा रहेर राज्य शक्तिको प्रयोग गर्ने भएकाले कहिले पनि दमनको औजार भएर काम गर्नु हुदैन। वास्तवमा प्रहरीहरू कानूनका एजेन्ट हुन्, दमनका औजार हैनन्।

सामान्य जनताहरूले प्रहरीको मूल्यांकन उनीहरू आफ्नो कार्यमा कानून प्रति कति वफादार छन् भन्ने कुरावाट गर्दछन्। कानून र समाजका मूल्यहरू प्रति प्रहरीको उत्तरदायित्व नै उनीहरूको मूल्यांकन गर्ने कसी हो त्यस्तै जनसमर्थन नै प्रहरी कार्यको सबैभन्दा शक्तिशाली औजार र उपाय हो।

प्रजातन्त्रमा प्रहरीहरू सरकारका सेवक नभएर कानूनका सेवक हुन्। प्रजातन्त्रमा असल प्रहरीको भूमिका निर्वाह गर्न प्रहरीहरूले निश्चित आचरणहरूको पालन गर्नुपर्दछ। प्रहरीको प्रमुख आचरण भनेको नै आफू भन्दा माथिल्लो अधिकारीको आज्ञाको पालना गर्नु हो। समान्यता प्रहरीहरूले निम्न कार्यहरूमा संलग्न हुनु हुदैन।

- भ्रष्टाचार
- एकतर्फी (पक्षपातपूर्ण) व्यवहार
- अभियुक्त र पक्राउमा परेका मानिसहरूलाई कूटपिट
- अभद्रता
- कर्तव्य प्रति हेलचेक्रयाई
- अशक्त र गरीवहरूलाई मतलव नराख्नु
- प्रमाणहरूको नष्ट गर्नु र मुद्दा अल्झ्याई राख्नु।

प्रहरीहरूले कतिपय निवेदनपत्र र उजुरीपत्रहरू दर्ता नगर्ने, क्रूर व्यवहार गर्ने, कुटपिट गर्ने, दुःख दिने र भ्रष्टाचार गर्ने भन्ने आक्षेप हाम्रो देशमा पनि वारम्वार लाग्ने गरेको पाइन्छ। प्रहरीको भूमिका समाजका कमजोर वर्गलाई शोषणवाट रोक्ने हुनु पर्नेमा हाम्रो देशमा प्रहरीहरू प्रभावकारी मान्छेको मात्र काममा तल्लीन हुन्छन् भन्ने आक्षेप पनि लाग्ने गरेको पाइन्छ।

प्रहरीले प्रजातान्त्रिक संस्थाहरूको कार्यमा सहयोग पुऱ्याउनु , जातीय एकरूपतालाई जोड दिई संरक्षण गर्नु र आजको जस्तो खुल्ला र वहुलवादी समाजमा लैंगिक भेदभावको विरूद्ध काम गर्नु प्रजातान्त्रिक समाजमा प्रहरीको मुख्य प्रकारका कार्यहरू मानिन्छन्। त्यस्तै संगठित आतंकवाद र सशस्त्र विद्रोहको वेला, जतिखेर प्रहरी आफैको सुरक्षामा प्रश्न वाचक रहेका हुन्छ, त्यसवेला प्रहरीको समग्र भूमिका नै अप्ठेरोमा परेको पाइन्छ। यस्तो अवस्थामा प्रहरीले आफूलाई देश र जनताप्रति वफदार राख्नु पर्दछ।

वर्तमान प्रजातान्त्रिक व्यवस्थामा प्रहरीलाई व्यवसायीकरण गर्ने र प्रजातान्त्रीकरण गर्ने सवालमा प्रहरीलाई कुनै राजनैतिक पार्टी वा व्यक्तिको सीमित स्वार्थको लागि प्रयोग गर्ने परम्परा नै मुख्य जिम्मेवार देखिन्छ। स्वेच्छाचारी कार्यले गर्दा नै प्रहरी शक्तिलाई प्रजातान्त्रीकरण गर्न सकिएको छैन।

प्रजातान्त्रिक समाजको निर्माण गर्न महत्वपूर्ण भूमिका भएका प्रहरीहरूको वारेमा समाजमा नकारात्मक भावना हुनुमा विगतमा प्रहरीको उत्पतिको कारण पनि जिम्मेवार छ। शासकहरूको

प्रत्यक्ष नियन्त्रणमा मानिसहरूलाई दमन गर्न र शासकहरूको पक्षमा मानिसहरूलाई यथावत राख्नको लागी प्रहरीको उत्पति र विकास भएको पाइन्छ। वर्तमान अवस्थामा प्रहरी शक्तिको प्रजातान्त्रीकरण गर्न नसक्नुमा प्रहरीहरूले धेरै पढ्नु पर्दैन भन्ने धारणा, उनीहरूको नियुक्तिमा पर्ने अस्वस्थ प्रतिस्प्रधाको प्रभाव र उनीहरूलाई दिइने तलव, सुविधाहरू प्रमुख रहेको छन्। प्रजातन्त्रमा कानूनको शासनप्रति उत्तरदायी प्रहरीलाई बनाउन र जन मैत्रीपूर्ण प्रहरीहरूको निर्माण गर्न वर्तमान प्रहरी व्यवस्थालाई नै पुनर्मूल्यांकन गर्नु पर्ने होकि भन्ने वौद्धिक जमातमा चिन्तन रहेको पाइन्छ।

प्रजातन्त्रमा प्रहरीले आचार संहितामा वसेर काम गर्नु पर्ने र उक्त आचार संहितामा संविधानद्वारा संरक्षित व्यक्तिगत अधिकारहरू संरक्षण गर्न सक्ने क्षमता र भावना भएका मानिसहरू नियुक्ती हुने व्यवस्था गर्नु जरूरी देखिन्छ। शुद्धता र दयापरक भावना प्रहरीमा हुनुपर्ने गुण हुन्।

प्रहरी र मानवअधिकार :

मानव अधिकारको महत्वपूर्ण विषय भनेको व्यक्तिगत सम्मानमा आँच नपुऱ्याउनु हो। समानता, स्वतन्त्रता र व्यक्तिगत सम्मानका विषयलाई संरक्षित गर्नु नै मानव अधिकारको संरक्षण गर्नु हो। अतः प्रहरीले राज्य शक्तिको प्रयोग गर्ने भएकोले उक्त शक्तिको प्रयोग गर्दा व्यक्तिका आधारभूत अधिकारहरूको संरक्षण गर्नुसंग गासिएको विषय नै प्रहरी र मानवअधिकारसंग संबन्धित छ, हुन्छ। प्रहरीले वस्तुगत रूपमा भन्दा राष्ट्रिय कानूनद्वारा तयार पारिएका आधारभूत मानव अधिकारको र मानव अधिकारको विश्वव्यापी घोषणापत्रद्वारा तय गरिएका मानव अधिकारहरूको संरक्षण गर्नु प्रमुख दायित्व हो। अर्थात प्रत्येक व्यक्तिलाई मानवीय व्यवहार गर्नु नै प्रहरीले मानव अधिकारको संरक्षण गर्नु हो।

मानवअधिकारको रक्षाको लागि रोकथाम युक्त प्रहरी कार्य (Preventive Policing) लाई धेरै मानव अधिकारवादी राष्ट्रहरूले स्थान दिएको पाइन्छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्रद्वारा पनि रोकथाम युक्त प्रहरी कार्यलाई विशेष जोड दिइनुका साथै संयुक्त राष्ट्र संघको कानून लागू गर्ने अधिकारीहरूको लागि आचार संहिता (United Nations Code of Conduct for Law Enforcement Officials) ले पनि रोकथामयुक्त प्रहरी कार्यकोलागि विशेष जोड दिएको छ।

■

परिच्छेद २

अपराध-अनुसन्धान र प्रहरी

प्रहरी फोर्सको गठन अपराध रोक्न र पत्ता लगाउने सुयोग्य साधन बनाई देशमा शान्ति सुरक्षा र व्यवस्था कायम राख्नका लागि भएको हो।[1] मूल रूपमा प्रहरी कर्मचारीको दायित्व तथा कर्तव्य भनेको नै देशको शान्ति सु-व्यवस्था कायम गर्ने, सर्वसाधारण जनताको जिउ धनको सुरक्षा गरी अपराध हुन नदिने, अपराधको रोकथाम गर्ने र अपराध भइसकेको छ भने त्यस्ता अपराधीलाई कानूनी कार्वाही गराउने हो। यस्ता जिम्मेवारी पूरा गर्नका लागि कानूनले प्रहरीलाई विभिन्न अधिकारहरू प्रदान गरेको छ। त्यस्तो अधिकारको प्रयोग गर्दा प्रहरी कर्मचारीले कानूनद्वारा प्रदत्त अधिकारलाई संतुलित र संयमित ढंगबाट प्रयोग गर्नु पर्छ। कुनै घटना हुनासाथ तत्काल आत्तिने र हतारमा कार्य गर्नाले अपराधीहरूले सजाय नपाउने अवस्था सृर्जना हुन्छ। दस अपराधी छुटोस तर एउटा निर-पराधीले सजाय नपाओस भन्ने फौजदारी न्यायको सिद्धान्तलाई अंगीकार गरेको हाम्रो जस्तो देश जहाँ शंकाको सुविधा अभियुक्तले पाउने व्यवस्था छ। अर्थात फौज्दारी अपराधमा अभियोग लगाउने पक्षले शंकारहित किसिमबाट अभियोगको पुष्टि गर्नु पर्दछ। अभियोगमा कुनै पनि किसिमको शंकास्पद स्थिति रहनु हुँदैन। अभियोग पक्षमा दोषीको शंकास्पद स्थितिको फाइदा वा सहुलियत प्रतिवादीले पाउने भन्ने सिद्धान्त छ। अतः यस्तो अवस्थामा कुनै अपराध भए पश्चात् प्रहरीको काँधमा मूलरूपमा निम्न दुई जिम्मेवारी आई पर्दछ :

(१) निरपराध व्यक्तिले सजाय नपाओस

(२) अपराधी माथिको अभियोग शंकारहित तवरबाट प्रमाणीत हुन सकोस।

उल्लेखित दायीत्वलाई पुरा गर्न नेपाल कानूनमा प्रहरीहरूले अनुसन्धान सम्बन्धी अधिकार प्रयोग गर्न सक्ने व्यवस्था गरेको छ। यस्तो अधिकारको प्रयोग तल लेखिए बमोजिम गर्नु गराउनु पर्छ।

(क) अपराध सम्बन्धी सूचनाको संकलनः अपराधको सूचना संकलनका लागि प्रहरीले विभिन्न प्रक्रिया अपनाउन सक्छ। सबैभन्दा सजिलो प्रक्रिया भनेको अपराध भए गरेको देख्ने व्यक्तिबाट जानकारी हासिल गर्नु हो। सरकारी मुद्दा सम्बन्धी ऐनको अनुसूची १ मा लेखिएका विषयका कुनै अपराध भएको वा भइरहेको वा हुन लागेको छ भन्ने कुरा थाहा पाउने व्यक्तिले त्यस सम्बन्धी अपराध बारे निजलाई थाहा भएसम्म वा निजले देखेसम्मको सवुद प्रमाण खुलाई छिटो भन्दा छिटो लिखीत वा मौखिक रूपमा प्रहरी कार्यालयमा सूचना दिनुपर्छ।[2] यस्तो दरखास्त दिने व्यक्तिले सकेसम्म निम्न विषय खुलाउनु पर्ने कानूनी व्यवस्था रहेको छ।

(क) अपराध भएको वा भइरहेको वा हुने संभावना भएको मिति, समय र ठाउँ

(ख) अपराध गर्ने व्यक्तिको नाम, ठेगाना र हुलीया

(ग) अपराधसंग सम्वन्धित सवुद प्रमाण

(घ) अपराधको प्रकृति र अपराधसंग सम्वन्धित अन्य विषय।[3]

माथि उल्लेखित विषयको सूचनालाई सामान्य अर्थमा जाहेरी भन्ने बुझिन्छ। यदी कसैले मौखिक जाहेरी दिएको छ भने सम्बन्धित प्रहरी कर्मचारीले उसले भनेको सबैकुराहरू खुलाई लेखि सम्बन्धित व्यक्तिलाई पढेर सुनाउनु पर्छ। यसरी सुनाइसकेपछि निजको सहिछाप समेत गराई राख्नु पर्छ।[४] माथि उल्लेखित प्रक्रियाबाट र प्रहरी कर्मचारीले अन्य कुनै प्रक्रियाबाट प्राप्त गरेको सूचनालाई दर्ता किताबमा दर्ता गरी राख्नु पर्छ।[५] उपरोक्त कानूनी व्यवस्थाबाट प्रहरी कर्मचारीले उल्लेखित प्रक्रिया बाहेक अन्य जुनसुकै प्रक्रियाबाट समेत अपराधको सूचना प्राप्त गर्न सक्ने देखिन्छ।

हाम्रो देशमा कतिपय अपराध भएको सूचना समेत प्रहरीले दर्ता गर्न मान्दैन भने कतिपय अवस्थामा सूचना दर्ता भए पनि त्यस सम्बन्धमा अनुसन्धान गर्दैन। जसलाई हाम्रो देशको कानूनले स्वीकार गरेको छ। वास्तवमा अपराधको सूचना एउटै मात्र प्राप्त हुनु पर्छ भन्ने केही छैन। एउटै व्यक्तिले पटक पटक गरी थप प्रमाण दिन र छुट्टाछुट्टै व्यक्तिहरूले यस्तो सूचना (जाहेरी) दिन्छन भने त्यसलाई दर्ता गरी अनुसन्धान गर्नु नै राम्रो हुन्छ। तर यहाँ यस्तो भइरहेको छैन। धेरै सूचना प्राप्त हुँदा सूचना बीचको तादत्म्यता पहिल्याउन र अपराध रोकथामका लागि वैकल्पिक बाटो प्रयोग गर्न समेत मद्धत हुन सक्छ। हाम्रो कानूनी व्यवस्था अनुसार यदि कुनै प्रहरी कर्मचारीले अपराधको सूचना दर्ता गर्न इन्कार गरेमा अपराधको सूचना गर्ने व्यक्तिले सो कुरा खुलाई सम्बन्धित प्रमुख जिल्ला अधिकारी वा यसरी सुचना दर्ता गर्नुपर्ने प्रहरी कार्यालय भन्दा माथिल्लो प्रहरी कार्यालयमा अपराधको सूचना दिन सक्नेछ। त्यसरी सूचना प्राप्त गर्ने प्रमुख जिल्ला अधिकारी वा प्रहरी कार्यालयमा प्रहरी कर्मचारीले सो कुराको अभिलेख राखी आवश्यक निर्देशन सहित लिखित रूपमा त्यस्तो अपराधको सूचना आवश्यक कारवाहीको लागि सम्बन्धित प्रहरी कार्यालयमा पठाउनु पर्ने र त्यसरी दर्ता हुन आएको सूचनालाई सम्बन्धित प्रहरी कार्यालयले दर्ता गर्नु पर्ने व्यवस्था गरेको छ।[६] यसबाट प्रहरी कर्मचारीहरूले आफ्नो चित्त अनुकुल नभएमा जाहेरी दर्ता नगर्ने गरेको लज्जास्पद अवस्था रहेको स्पष्ट हुन्छ। यस्तो यथार्थता प्रमुख जिल्ला अधिकारीको कार्यालय र जिल्ला प्रहरी कार्यालयले समेत जाहेरी दर्ता नगरेको र सो उपर सर्वोच्च अदालतमा पीडित पक्षको निवेदन परेकोबाट स्पष्ट हुन्छ। (ध्रुव वर्मा वि.जि.प्र.का.समेत) जसबाट कानूनको व्यावहारिक प्रयोग गलत रूपमा भईरहेको स्पष्ट हुन्छ। जसलाई सुधार गर्नु आवश्यक छ।

अन्य प्रहरीकार्यालयमा सूचना दिने

सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ को अनुसूची १ मा उल्लेखित कुनै अपराधको सम्बन्धमा प्राप्त भएको सूचनाको व्यहोराबाट सो अपराध अन्य प्रहरी कार्यालयको क्षेत्र भित्र भएको वा भइरहेको वा हुन लागेको देखिएमा सुचना प्राप्त गर्ने प्रहरी कार्यालयले त्यस्तो सूचना यथाशीघ्र सम्बन्धित प्रहरी कार्यालयमा पठाइ दिनु पर्ने छ। र आवश्यकता अनुसार सूचना दिने व्यक्तिलाई पनि सो प्रहरी कार्यालयमा उपस्थित हुन जानकारी दिनु पर्ने छ।

गिरफ्तारीको आदेश र गिरफ्तारी

प्रहरीले आफ्नो क्षेत्र भित्र शान्ति सुरक्षा कार्य गर्नका लागि वा अपराध हुन नदिनका लागि वा अपराध भए पश्चात पनि अपराधी उम्कन नदिनका लागि र अपराधिक क्रियाकलापमा संलग्न व्यक्तिलाई गिरफ्तार गर्नुपर्ने हुन्छ। यसरी गिरफ्तार गर्नका लागि पनि प्रहरीले केही संवैधानिक र कानूनी प्रक्रियाहरू पुरा गर्नु पर्छ। जस अनुसार कुनै पनि व्यक्तिलाई पक्राउ गर्दा निजलाई पक्राउ

भएको कारण सहितको सूचना यथाशक्य चाँडो दिनुपर्छ। त्यस्ता व्यक्तिले चाहेमा निजले रोजेको कानून व्यवसायीसंग सल्लाह लिने र निजद्वारा पूर्पक्ष गर्ने अवसर दिनुपर्छ।[७] यसरी नै पक्राउ गरिएको र थुनामा राखिएको प्रत्येक व्यक्तिलाई पक्राउ भएको ठाउँवाट वाटोको म्याद वाहेक चौविस घण्टा भित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्छ। र कुनै पनि व्यक्तिलाई त्यस्ता अधिकारीको आदेशले वाहेक सो अवधि भन्दा वढी समयसम्म थुनामा राख्नु हुँदैन।[८] तर माथी उल्लेखित कुराहरू शत्रु राज्यका नागरिकका हकमा लागु हुँदैन।[९]

सरकारी मुद्दा सम्वन्धी ऐन २०४९ को अनुसूची १ वमोजिम का अपराध सम्वन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीले कुनै व्यक्ति त्यस्तो अपराधमा संलग्न छ भन्ने शंका गर्नुपर्ने मुनासिव कारण देखेमा त्यस्ता व्यक्तिलाई पक्राउ गर्न सक्ने छ तर त्यस्ता व्यक्तिलाई पक्राउको कारण सहितको सूचना नदिई थुनामा राख्न हुँदैन। यसरी पक्राउ गर्दा निजलाई पक्राउ गर्नुपर्ने कारण खोली संझाइ आत्मसमर्पण गर्ने आदेश दिनुपर्छ। कुनै व्यक्तिले आत्म समर्पण नगरी पक्राउबाट वच्ने वा भाग्ने उम्कने प्रयत्न गरेमा निजलाई पक्रन प्रहरी कर्मचारीले आवश्यक वल प्रयोग गर्न सक्ने छ। महिलालाई पक्राउ गर्दा यथासंभव महिला प्रहरी नै प्रयोग गर्नु पर्छ। कुनै व्यक्तिले अपराध भएकोदेखि अपराधीलाई पक्राउ गरी प्रहरी कार्यालयमा वुझायो भने पनि उपरोक्त वमोजिमको सूचना दिने लगायतका प्रक्रियाहरू अपनाउनु पर्छ।[१०]

कुनै पनि प्रहरी कर्मचारीले अधिकार प्राप्त अधिकारीले कानून वमोजिम दिएको आदेश वा जारी गरेको वारेन्ट तदारूखता साथ पालन वा तामेल गर्नुपर्छ। यसरी नै कानून वमोजिम पक्रनु पर्ने व्यक्तिलाई र पक्रनुपर्ने पर्याप्त कारण भएका व्यक्तिलाई पक्रनु प्रहरीको कर्तव्य हो। यस्तै पक्राउ भएका वा थुनामा रहेका व्यक्ति घायल र विरामी भएमा आवश्यक मद्दतलाई चाहिने कारवाही तुरून्त गर्न र त्यस्तालाई पहरा दिदा वा अन्ने लैजादा निजको व्यवस्थाको उचित ख्याल राख्ने गर्नुपर्छ। पक्राउ परेको थुनामा रहेका व्यक्तिलाई चाहिने सिदा र वासको उचित व्यवथा मिलाउनु पर्छ।[११]

विना वारेन्ट गिरफ्तारी : कतिपय अवस्थामा प्रहरी कर्मचारीले विना वारेन्ट गिरफ्तारी गर्नसक्ने अधिकार पाएका छन्। यस्ता अधिकारको प्रयोग निम्न अवस्थामा गर्न सकिन्छ- [१२]

(क) कानूनले ३ वर्ष वा त्यस भन्दा वढी कैदको सजाय हुने अपराध गरेको वा गर्न आँटेको छ भन्ने थाहा भएको व्यक्ति,

(ख) फरार घोषित गरिएको पक्रन पर्ने अपराधी,

(ग) कर्फ्यू लागेको समयमा शंका पर्ने गरी हिडडुल गरिरहेको व्यक्ति

(घ) मनासिव कारण नभई रातमा हात हतियार खरखजाना वा रातमा घर फोर्ने औजार साथमा भएको व्यक्ति

(ङ) कानून अनुसार थुनिएको ठाउँबाट भागेको वा भाग्न उद्योग गर्ने व्यक्ति

(च) नेपाल सेवा वा प्रहरी फोर्स छाडी भागेको भन्ने मनासिव शंका परेको व्यक्ति,

(घ) प्रहरी ऐन २०१२ को परिच्छेद ६ अन्तरगत अपराध हुने कार्य गरेको छ भन्ने मुनासीव शंका भएका व्यक्तिहरू।

यसरी नै निम्न लिखित सार्वजनिक अपराध गर्ने व्यक्तिलाई पनि प्रहरीले विना वारेन्ट गिरफ्तार गर्न सक्छ।[१३]

(१) कुटपीट वा हुल हुज्जात गरी वा अरू कुनै किसिमवाट कुनै राष्ट्र सेवकलाई आफ्नो

आदेशको कर्तव्य पालन गर्नमा वाधा पुऱ्याउने।

(२) सार्वजनिक स्थानमा कुटपिट वा हुलहुज्जात गरी शान्ति भंग गर्ने

(३) सार्वजनिक स्वास्थ्य वा स्वास्थ्य विज्ञानको लागि वाहेक अश्लिल भाषा वा अश्लिल भाव आउने शब्द वा चित्रद्वारा अश्लील कुरा छाप्ने वा प्रकाशित गर्ने वा त्यस्तो अश्लील प्रकाशनहरू सार्वजनिक स्थानमा प्रदर्शन वा विक्री वितरण गर्ने

(४) हुलाक संचालनमा अनुचित वाधा पुऱ्याउने।

(५) सरकारी वा गैर सरकारी कार्यालयमा वा कसैको घर जग्गा भित्र हुल हुज्जत गरी अनधिकृत प्रवेश गर्ने वा अनधिकृत रूपमा रहने।

(६) हुलहुज्जात गरी वा ढुंगामुढा गरी वा अन्य कुनै प्रक्रियाद्वारा सार्वजनिक वा निजी सम्पतिमा क्षति पुऱ्याउने।

(७) सार्वजानिक स्थानमा जथाभावी व्यवहार गर्ने

(८) कसैलाई हैरानी गर्ने वा सताउने उद्देश्यले कही वसिरहेको अवस्थामा वा वाटो घाटोमा हिडिरहेको वा कुनै सवारीबाट गइरहेको अवस्थामा कुनै प्रकारले वाधा विरोध वा छेक थुन (घेराउ) गर्ने वा हुलहुज्जात, हातपात, कुटपीट, विजाई, उपद्रयाई गर्ने र त्यस्तो व्यक्तिको साथमा भएको कुनै सम्पति खोसी लिने वा नोक्सान गर्ने वा सवारीको साधनमा नोक्सान पुऱ्याउने।

(९) कसैलाई डर त्रास वा दुख दिने अपमान वा वेइज्जत गर्ने वा हैरानी गर्ने हेतुले टेलिफोन, चिठीपत्र वा अन्य कुनै साधन वा माध्यमद्वारा धम्की वा गाली दिने वा जिस्क्याउने वा अन्य कुनै अनुचीत काम कुरा गर्ने।

(१०) जुनसुकै सभा जुलुसमा घुसी वा नघुसी कसैले शान्ति भंग हुने गरी जन साधारणमा त्रास आतंक फैलने कुनै कुरा गरेमा वा हतीयारको प्रदर्शन गरेमा

त्यस्तै जासुसी ऐन २०१८ को दफा ४(१) को प्रतिवन्धात्मक वाक्यांश अनुसार जासुसी गर्ने व्यक्तिलाई वारेन्ट जारी गरी ल्याउने समयसम्म भाग्ने संभावना छ भन्ने लागेमा विना वारेन्ट गिरफ्तार गर्न सकिने व्यवस्था गरेको छ। त्यस्तै इजाजत विना विष्फोटन पदार्थ उत्पादन गर्ने राख्ने, प्रयोग गर्ने, परिवहन गर्ने र पैठारी गर्ने काममा संलग्न व्यक्ति फेला परेमा र निजको सो कामले गर्दा कुनै विष्फोटक पदार्थ उत्पादन हुने वा थन्क्याउने कुनै ठाउँमा वा कुनै रेल्वे लाइन वा कुनै हवाई अड्डा वा कुनै वोझ वाहकमा वा त्यसको आसपासमा विष्फोटन हुने वा आगलागी हुने संभावना देखिएमा कुनै प्रहरी कर्मचारीले अवस्था अनुसार सो ठाउँको भोगचलन गर्ने व्यक्तिले वा निजको प्रतिनिधि वा नोकर वा निजबाट अधिकार पाएको अरू व्यक्तिले वा रेल्वे प्रशासन वा हवाई अड्डाका कुनै कर्मचारीले विना वारेन्ट त्यस्तो व्यक्तिलाई गिरफ्तार गर्न सक्ने छ।[१४] त्यस्तै लाइसेन्स विना वा लाइसेन्समा तोकिएको शर्त वन्देज नाघेर हातहतियार लिएर हिंडेमा वा निर्वाचनको समयमा उमेदवारीपत्र दर्ता भएको मितिदेखि निर्वाचन परिणाम घोषणा भएको ७ दिन ननाघेसम्म सरकारी कर्मचारी वाहेक अरूले हात हतियार लिइ हिंडेमा वा गैरकानूनी काम गर्ने उद्देश्यले हातहतियार नेपालबाट निकासी गरेमा वा नेपाल अधिराज्यमा पैठारी गरेमा त्यस्तो व्यक्तिलाई सहायक निरीक्षक दर्जा वा सो भन्दा माथिल्लो दर्जाका प्रहरी अधिकृत वा प्रमुख जिल्ला अधिकारी वा निजले खटाएको व्यक्तिले विना वारेन्ट गिरफ्तार गर्न र निजले साथमा लिएको हात हतियार कब्जा समेत गर्न सक्ने छ।[१५]

यस्तै निषेधित लागु औषधको निर्माण, तयारी, विक्री वितरण निकासी पैठारी गर्ने संचय,

ओसार, पसार र सेवन गर्ने व्यक्तिलाई र प्रचलीत कानूनमा विना वारेन्ट गिरफ्तार गर्न सकिने छ भनी उल्लेख भएको अवस्थामा त्यस्तो कार्य गर्ने व्यक्तिलाई पनि विना वारेन्ट गिरफ्तार गर्न सकिने छ।[१६]

अदालतमा उपस्थित गराउनु पर्ने

कुनै पनि व्यक्तिलाई वारेन्ट जारी गरी गिरफ्तार गरिएको होस् वा वारेन्ट जारी नै नगरी गिरफ्तार गरिएको होस् त्यस्ता व्यक्तिलाई बाटोको म्याद वाहेक गिरफ्तार गरिएको २४ घण्टा भित्र मुद्दा हेर्ने अधिकारी छेउ पेश गर्नु पर्छ।[१७] यदि सो समयमा अड्डा वा मुद्दा हेर्ने अधिकारीको कार्यालय विदा परेको रहेछ भने अड्डा खुल्नासाथ वा अड्डा खुलेको पहिलो दिनमा नै यस्ता व्यक्तिलाई अड्डामा हाजिर गराएमा त्यस्तो म्याद गुज्रेको मानिंदैन।[१८] कुनै गिरफ्तारीमा परेको व्यक्तिलाई अपराधको अनुसन्धान लागि चौविस घण्टाभन्दा वढी थुनामा राख्न हुँदैन। यसरी थुनामा रहेको समयावधिको गणना गर्दा अदालतमा उपस्थित गराउनका लागि प्रहरी कार्यालयमा ल्याउन वा प्रहरी कार्यालयबाट अदालतमा पुऱ्याउन बाटोमा लाग्ने अवधिलाई थुनामा रहेको नमानिने व्यवस्था गरिएको छ।[१९] यदि २४ घण्टा भित्र अनुसन्धान पुरा नहुने भई निजलाई थुनामा राखी अनुसन्धान तहकिकात जारी राख्नुपर्ने देखिएमा तहकिकात गर्ने प्रहरी कर्मचारीले निजलाई अदालत समक्ष उपस्थित गराई अदालतबाट अनुमति लिएर मात्र थुनामा राख्नुपर्ने छ। यसरी अनुमति माग्दा थुनामा परेको व्यक्तिमाथि लगाइएको अभियोग, त्यसको आधार, निजलाई थुनामै राखी तहकिकात गर्नुपर्ने कारण र निजको बयान कागज भइसकेको भए वयान कागजको व्यहोरा स्पष्ट रूपमा उल्लेख गर्नु पर्नेछ।[२०] थुनामा राख्ने अनुमति मागेकामा अदालतले एकै पटक वा पटक-पटक गरी वढीमा २५ दिनसम्म थुनामा राख्ने अनुमति दिन सक्छ।[२१] यस्तो थुनामा राख्ने समयावधि अपराधको प्रकृति हेरी फरक-फरक हुन पनि सक्छ। लागु औषध सम्वन्धी अपराधका अभियुक्तलाई ३ महिनासम्म थुनामा राख्न सकिने व्यवस्था छ। तर अधिकांश मुद्दामा सामान्यतया २५ दिन भित्र नै अनुसन्धान गरी अभियोग पत्र सहित अदालत समक्ष पेश गरी सक्नु पर्छ।

यातना दिन नहुने

प्रहरी र मानव अधिकारको विषयमा प्रश्न उठ्नासाथ यी दुई तत्व वीचको सम्बन्धमा जहिले पनि यातना नै तगारोको रूपमा देखा पर्ने गरेको छ। यो तगारोलाई हटाउन पर्ने मूल दायित्व पनि प्रहरी कै हो। चाहे त्यस्तो यातना समाजका कुनै सदस्यले अर्को सदस्यलाई गरेको होस् वा प्रहरी स्वयंले कुनै व्यक्तिमाथि गरेको होस्। त्यस्तो कार्य नगर्ने वा हुन नदिने कार्य प्रहरीले गर्नुपर्छ। यातना दिने प्रचलन मानव समाजको विकास संगसंगै क्रमशः हुँदै आइरहेको छ। २०४६ सालको जनआन्दोलन पश्चात यातना विरूद्धको हक संवैधानिक हकको रूपमा समेत स्थापित भइसकेको छ। अनुसन्धान तहकिकात वा पूर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको कुनै व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसंग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन।[२२] र यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानूनले निर्धारण गरे वमोजिम क्षतिपूर्ति दिइने छ।[२३] भन्ने व्यवस्था वर्तमान संविधानले गरेवाट यातना विरूद्धमा जनताको अभिमतले संवैधानिक मान्यता गर्न प्राप्त गरेको स्पष्ट हुन्छ। यो संविधान भन्दा अगाडि वहाल रहेको नेपालको संविधान २०१९ मा भने यस्तो व्यवस्था थिएन। हाल यातना दिने कार्य प्रहरी

कर्मचारी लगायत जो सुकै सरकारी कर्मचारी कसैले गरेको रहेछ भने पनि त्यस्तो कार्य दण्डनीय हुन्छ।[२४]

यसका लागि यातना भनेको के हो भने स्पष्ट हुन पर्दछ। सामान्यतया यातना भन्नाले मानिसको मानसिक वा शारीरिक रूपमा अस्वाभाविक पीडा उत्पन्न गर्ने गराउने कार्य भन्ने बुझिन्छ। हाम्रो संवैधानिक तथा कानूनी व्यवस्था अनुसार यातना भन्नाले अनुसन्धान तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई दिएको शारीरिक वा मानसिक यातना बुझ्नुपर्ने व्यवस्था गरेको छ। यसको अतिरिक्त सो खण्डले निजसंग गरिएको निर्मम अमानवीय वा अपमानजनक व्यवहारलाई समेत जनाउने व्यवस्था गरेको छ।[२५] तर प्रचलित कानून बमोजिम थुनामा रहेको कारणबाट स्वभावत हुने कष्टलाई यातना मानिंदैन। [२६] यस सम्वन्धमा विस्तृत रूपमा यातना र क्षतिपूर्ति शिर्षकमा उल्लेख गरिएको छ।

कानून व्यवसायीको प्रतिनिधित्वः

जुनसुकै कारणवाट गिरफ्तार भएको भएता पनि त्यस्ता व्यक्तिलाई निजको तर्फबाट प्रतिनिधित्व गर्ने कानून व्यवसायीसंग सल्लाह गर्न समय दिनु प्रहरीको दायित्व हो। पक्राउमा परेको व्यक्तिले निजले चाहेको कानून व्यवसायीसंग सल्लाह लिने र निजद्वारा पुर्पक्ष गर्ने हकवाट वञ्चित नगरिने हाम्रो संवैधानिक व्यवस्था छ।[२७] यस्तो संवैधानिक हकलाई सामान्यतया व्यवहारमा प्रयोग हुनवाट रोक लगाउने गरिएको पाईन्छ। जुन गलत र गैर कानूनी समेत हुन्छ।

थुनुवा पूर्जी

कुनै पनि पक्राउ परेको व्यक्तिलाई निज पक्राउ परेको कारण सम्वन्धी जनाउ दिनका लागि वारेन्ट पूर्जी वा निजलाई थुनामा राख्दा थुनुवा पूर्जी दिनु आवश्यक छ। यसवाट पक्राउ परेको कुनै पनि व्यक्तिले निजलाई लागेको अभियोग बारे जानकारी पाउन सक्छ।

बाटोको म्याद :

नेपाल अधिराज्यको संविधान र माथि उल्लेखित विभिन्न ऐनमा उल्लेख भएको बाटाको म्याद भन्ने शव्दले बाटोमा जति सुकै समय लगाउन सकिन्छ भन्ने अर्थ लाग्ने देखिंदैन। त्यसको हिसाव गर्दा यातयातको नियमित सेवा चलेको ठाउँमा रेल वा बसबाट आउँदा लागेको दिन, त्यस्तो रेल वा बस नचलेको ठाउँका लागि चारकोसको एक दिनको हिसावले समय गणना गर्नु पर्छ। चारकोस भन्दा घटी कोसलाई एक दिनको हिसाव गर्नु पर्छ। तर जम्मा चार कोस भन्दा घटीको बाटोलाई बाटोको म्याद दिइने छैन।[२८] र यस्तोमा बाटोको म्याद भनि छुट्टै समय पनि पाइने छैन।

अपराध अनुसन्धानमा प्रहरीले तयार गर्नु पर्ने कागजातहरु :

अपराध हुनै नदिनु र अपराध भएमा त्यस्तो अपराधमा संलग्न व्यक्तिको खोजतलास गर्नु प्रहरीको मूल कार्य मध्ये एक हो। यस्तो कार्य सम्पादन गर्ने प्रहरीको क्रियाकलापबाट नै उसप्रति समाजले हेर्ने धारणा निर्धारण हुने गर्दछ त्यसरी नै प्रहरीले कानूनको रित नपुऱ्याई संकलन गरेको प्रमाणलाई प्रमाणको रूपमा अदालतले स्वीकार नगर्ने भएको हुनाले कानूनी व्यवस्थाप्रति पनि प्रहरीहरू सचेत हुन र जानकार हुनु पर्दछ। अपराध अनुसन्धानको क्रममा वाध्यतात्मक रूपमा

प्रहरीले पालन गर्नुपर्ने कुरा सम्वन्धमा वर्तमान कानूनमा केही व्यवस्थाहरू गरिएका छन्। ती मध्ये गिरफ्तार सम्वन्धी प्रावधान सम्वन्धमा माथिनै उल्लेख गरी सकिएको छ। यस वाहेक अपराध सम्वन्धी अनुसन्धान तहकिकात शुरू गर्नु भन्दा पहिले तहकिकात गर्ने प्रहरी कर्मचारीले तहकिकात गर्ने कुराहरू खुलाई सम्वन्धित सरकारी वकिलको कार्यालयमा अपराधसंग सम्वन्धित प्रारम्भिक प्रतिवेदन पेश गर्नुपर्छ।[२९] यस्तो प्रतिवेदन प्राप्त भए पश्चात् सरकारी वकिलले तहकिकात सम्वन्धमा प्रहरीलाई दिएको निर्देशन त्यस्ता कर्मचारीले पालन गर्नु पर्ने हुन्छ।[३०] यसै गरी अपराध भएको वा भइरहेको वा हुन लागिरहेको भन्ने जानकारी प्रहरी कार्यालयमा प्राप्त भएमा त्यस्तो कार्यालयको कम्तीमा प्रहरी सहायक निरीक्षक दर्जाको प्रहरी कर्मचारीले यथाशीघ्र त्यसको अनुसन्धान तहकिकात प्रारम्भ गरी सवुद प्रमाण संकलन गर्न थाल्नु पर्छ। यसरी सवुद प्रमाण संकलन र तहकिकात शुरू गर्दा निम्न लिखित कुराहरू खुलाई मुचुल्का तयार गर्नु पर्ने छ।

(क) अपराध भएको ठाउँको विवरण

(ख) सो अपराधको वस्तुस्थिति तथा अपराध वा अपराधीसंग त्यसको सम्वन्ध

(ग) अपराध भएको ठाउँ वा त्यसको वरिपरि देखिएको वा पाएको अन्य कुनै उल्लेखनीय कुरा

उल्लेखित वस्तु स्थितिको अतिरिक्त, तहकिकात गर्ने प्रहरी कर्मचारीले यथासंभव सो ठाउँको र सो ठाउँमा देखिएको वा पाइएको औंला वा खुट्टाको पाइलाको चिन्ह वा अन्य कुनै महत्वपूर्ण कुराहरूको फोटोसमेत लिनु उपयुक्त हुन्छ। त्यस्तै अपराधसंग सम्वन्धित कागजात वा वस्तु फेला पारेमा त्यसलाई कब्जामा लिनु पर्ने छ। यसरी तहकिकात गर्नका लागि सम्वन्धित प्रहरी कर्मचारीले सम्वन्धित सरकारी वकिलको राय सल्लाह समेत लिन सक्नेछ।[३१] माथि उल्लेख भए वमोजिमको वस्तुस्थिति मुचुल्का तयार गर्दा कम्तिमा दुई जना स्थानीय व्यक्तिहरू र सम्वन्धित गाविस वा नगरपालिकाको एकजना सदस्य वा त्यस्तो सदस्य नभएमा कुनै सरकारी कार्यालयको एकजना कर्मचारीलाई र फेला परेसम्मका अभियुक्त र अपराधको सूचना दिने (जाहेरवाला) लाई समेत रोहवरमा राख्नु पर्नेछ।[३२]

बयान तथा सोधपूछ :

अपराध सम्वन्धमा अनुसन्धान गर्ने कुनै प्रहरीले पकाउ परेका अभियुक्तहरूलाई सरकारी वकिल समक्षमा वयान लिनु पर्छ। त्यस्तो अपराधको सम्वन्धमा शंकास्पद देखिएको वा अपराधको वारेमा महत्वपूर्ण सूचना वा विवरण आदि कुरा छ भन्ने विश्वास गर्नुपर्ने मनासिव कारण भएको व्यक्तिलाई अनुसन्धान गर्ने प्रहरी कर्मचारीले सोधपुछ गरी आवश्यक कुरा वयानको रूपमा लिपिबद्ध गरी राख्नुपर्छ।[३३]

त्यसरी वयान तथा सोधपुछ गर्दा पनि अभियोग लागेको व्यक्तिलाई निजका विरूद्ध साक्षी हुन कर लगाउनु हुँदैन।[३४] अर्थात कसैलाई सावित गराउन अपराधका लागि निजले स्वेच्छाले भनेको देखि वाहेक जोर जुलुम गर्नु हुँदैन।

यसरी नै वयान वा सोधपुछ गर्दा त्यस्ता व्यक्तिलाई शारीरिक र मानासिक यातना दिनु हुँदैन। कुनै अभियुक्त आफू चुपचाप वसेर केही भन्दिन भन्छ भने पनि उसलाई बोल्न वाध्य गरिनु हुँदैन। उसलाई लगाइएको अभियोग अन्य प्रमाणबाट प्रमाणित गर्नु प्रहरीको कर्तव्य हुनेछ। वयान वा सोधपुछको कार्य अनुसन्धानको सिलसिलामा गर्ने भएको हुनाले यस्तो अवस्थामा रहेको अभियुक्त वा अन्य कुनै व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिनु गैर कानूनी कार्य हो। यसलाई हाम्रो संविधानले फौजदारी न्यायको हक अन्तर्गत यातना विरूद्धको हकको रूपमा स्थापित गरेको छ।

यदि कुनै प्रहरी कर्मचारी वा कसैले कुनै व्यक्तिलाई वाध्य गरी वा निज वा अरू कसैलाई यातना दिई वा यातना दिने धम्की दिई वा निजलाई आफ्नो इच्छा विरूद्ध सो कुरा व्यक्त गर्ने स्थितिमा पारी सो कुरा व्यक्त गराएको छ भने त्यस्तो व्यक्तिको वयान निज वा कसैका विरूद्ध प्रमाणमा लाग्न सक्दैन।[३५] यसरी नै त्यस्तो व्यक्ति सचेत अवस्थामा नभएको वा निज आफैले भनेको वा गरेको कुरा वुझ्न सक्ने अवस्थामा थिएन भने निजको वयान पनि प्रमाणमा लाग्न सक्दैन।[३६] त्यस्तै वयान लिने व्यक्तिले निजलाई धम्की वा आश्वासन दिएको र त्यस्तो धम्की वा आश्वासन पूरा गर्ने हैसियत वयान लिने व्यक्तिको छ भने त्यस्ताको धम्की वा आश्वासनमा परी मैले झुट्टा वयान गरेको हुँ भनी पीडित व्यक्तिले युक्तिसंगत रूपमा प्रमाणित गरेमा पनि त्यस्तो वयानलाई प्रमाणको रूपमा ग्राह्य हुँदैन।[३६] त्यसैले प्रहरीले कसैको वयान लिदा वा ठाडो कागज गर्दा करकाप धम्की, प्रलोभन, यातना दिई बनाएको साविति जो मानव समाजको लागि कलंक र मानव अधिकारका दृष्टिले क्रूर र अमानवीय ठहरिन्छ भने त्यस्तो कार्य गर्नुको कुनै अर्थ हुँदैन। जुन कुरा पछि समाज र अदालतबाट अस्वीकार गरिन्छ। त्यसको अर्थ क्षणिक, भावावेशमा आएर वा कथित अपराधी हुँ भनी स्वीकार गराउनको कुनै अर्थ रहदैन। त्यसैले वयान वा कागज गराउदा त्यस्ता व्यक्तिलाई डर, धाक, धम्की र यातनाबाट मुक्त गरिनु आवश्यक छ। त्यसैले संकलित प्रमाण नै वास्तविक अपराधी पत्ता लगाउने कडी हो। यातना दिई गराइएको साविती अपराधी पत्ता लगाउने उपयुक्त र भरपर्दो माध्यम भने होइन।

खान तलासी :

अपराध अनुसन्धानको क्रममा आवश्यक दशी प्रमाण वा अपराधी लुकि छिपिवसेको छ भन्ने लागेमा वा त्यस्तो अवस्था विद्यमान छ भन्ने शंका गर्नु पर्ने प्रयाप्त कारण छ भन्ने लागेमा अनुसन्धान गर्ने प्रहरी कर्मचारीले आवश्यक व्यक्ति वा स्थानमा खान तलासी गर्न सक्ने छ। यसरी खानतलासी लिदा महिलाको जिउ तलासी लिनु पर्दा महिला प्रहरी वा अन्य कुनै महिलाद्वारा नै तलासी लिनु लगाउनु पर्छ।[३८]

खानतलासी लिनु पर्ने व्यक्ति वा ठाउँ अन्य प्रहरी कार्यालयको क्षेत्रमा पर्ने भए तहकिकात गर्ने प्रहरी कर्मचारीले सो प्रहरी कार्यालयलाई त्यस्तो व्यक्ति वा ठाउँको खानतलासी लिन लिखित अनुरोध गर्न सक्ने छ। र त्यसरी अनुरोध भएकोमा सो प्रहरी कार्यालयको कम्तीमा प्रहरी सहायक निरीक्षक दर्जाको प्रहरीले त्यस्तो व्यक्ति वा ठाउँको खनतलासी लिई खानतलासी मुचुल्का तयार गरी सम्बन्धित प्रहरी कर्मचारी कहाँ पठाउनु पर्छ। तर उल्लेख भए वमोजिमको रित पुऱ्याउदा कुनै प्रमाण लोप वा नाश हुने संभावना छ भन्ने लागेमा अनुसन्धान गर्ने प्रहरी कर्मचारी आफैले खानतलासी लिनु पर्ने व्यक्ति कहाँ वा ठाउँमा गई खान तलासी लिन सक्छ र सो को सूचना सम्वन्धित प्रहरी कार्यालयलाई दिनु पर्नेछ।[३९]

यसरी खानतलासी लिई सकेपछि अपराधसंग सम्वन्धित पाइएको वस्तुको विवरण र त्यस्तो वस्तु पाइएको ठाउँ र अवस्था खुलाई खानतलासी लिने कर्मचारीले दुई प्रति मुचुल्का वनाउनु पर्छ। यसरी बनाइएको मुचुल्का एक प्रति सम्वन्धित व्यक्तिलाई दिई एक प्रति मिसिल सामेल राख्नु पर्छ। खानतलासी लिने कर्मचारीले कुनै वस्तु आफ्नो साथमा लैजान चाहेमा सम्बन्धित व्यक्तिलाई त्यसको भरपाई दिएर मात्र लैजान पर्छ।[४०] यसरी कुनै वस्तु लैजादा दिएको भरपाई र एक प्रति मुचुल्का निजले वुझि लिएको भरपाई समेत सम्वन्धित व्यक्तिवाट लिई मिसिल सामेल राख्नु उपयुक्त हुन्छ।

अपराध अनुसन्धानको क्रममा अपराधसंग सम्बद्ध कुनै दशी प्रमाण वा अपराधिक क्रियाकलापसंग सम्वन्धित वस्तु राखिएको वा अपराधी लुकी वसेको वा राखेको छ भन्ने लागेमा त्यस्तो स्थान खान तलासी गर्नु पर्छ। सामान्यतया अपराधमा मानिसको जिऊ, घर, कम्पाउण्ड एवं सवारी साधनको खानतलासी लिनु पर्ने अवस्था उत्पन्न हुन सक्छ। यस्तो खानतलासी नगर्दा अपराधी उम्कने वा अपराधमा संलग्न प्रमाण फेला नपर्ने अवस्था उत्पन्न हुने अवस्था एकातिर छ भने अर्कातिर खानतलासी गर्ने नाममा जनतालाई अनाहकमा दुःख दिनु पनि हुँदैन। जनतालाई अनावश्यक दुःख दिनबाट रोक्न र खानतलासी भएकोमा त्यसवाट कुनै अपराध जन्य प्रमाण फेला परेमा त्यस्तो प्रमाणलाई कानूनको नजरमा समेत प्रमाण योग्य मानिने गराउनका लागि कानूनसम्मत विधि पूरा गर्ने दायित्व खानतलासी गर्ने व्यक्तिको नै हुन्छ।

खानतलासी लिदा अपनाउनु पर्ने प्रक्रिया :

कुनै घर वा ठाउँको तलासी लिनुपर्ने भएमा सो घर वा ठाउँमा वसोवास गरी आएका वा सो घर वा ठाउँको धनी वा जिम्मा लिएको मानिसलाई तलासी लिन खोजेको कारण खोली सो कुराको सूचना दिनु पर्छ। यसरी तलासीको सूचना पाएमा त्यस्ता व्यक्तिले तलासी लिन आएको प्रहरी अधिकृतलाई विना अवरोध सरासर प्रवेश गर्न दिनु पर्छ।[४१]

बलपूर्वक प्रवेश गर्ने :

यसरी सरासर प्रवेश गर्न नदिएमा सो प्रहरी अधिकृतले सो घर वा ठाउँमा रहे वसेको स्वास्नी मानिसहरूलाई हट्ने सूचना र मौका दिई आवश्यकता अनुसार वाहिरी वा भित्री कुनै झ्याल ढोका वा छेका खोली तोडी फोडी भित्र पसी तलासी लिन हुन्छ।

घर भित्र प्रवेश गरी खान तलासी लिदा वा कुनै व्यक्तिलाई पक्राउ गर्दा बारेन्ट जारी गरिएको मानिस वा हतियार खरखजाना सम्वन्धी मुद्दाका अभियुक्तलाई घर भित्र पसी पक्रन वा खानतलासी गर्दा जुनसुकै वखतमा भए पनि निज भाग्न नपाउने गरी वाटो रोक्का गरी जनाउ दिई घर भित्र पसेर पक्रन तलासी लिन हुन्छ। सो वाहेक पक्रन वा तलासी लिनुपर्दा सूर्योदयदेखि सूर्यास्तसम्म गर्नुपर्छ।[४२]

साक्षी राख्नुपर्ने:

कुनै ठाउँ वा घरको खानतलासी लिदा त्यस ठाउँको गाउँ, विकास समिति वा नगरपालिकाको सदस्य वा प्रतिनिधि र पाएसम्म जमिन्दार तालुकदार, पटुवारी समेत साक्षी राखी तलासी लिने र साक्षी वस्ने सवैको जिउ खोली केही वस्तु नलिई सो घर वा ठाउँ भित्र पसी तलासी लिनु पर्छ। साक्षी वस्नु पर्ने मानिस साक्षी वस्न इन्कार गरेमा वा साक्षी वसी सहिछाप नगरेमा निजलाई एकसय रूपैयाँसम्म जरिवाना गर्न सकिन्छ।[४३]

आँङ - जिउ तलासी :

तलासी गर्दा तलासी गरिएको वस्तु धनमालका सम्वन्धमा कुनै व्यक्तिको आङ जिउ तलासी लिनु परेमा सो समेत लिनु पर्छ। यस्तो तलासी गर्दा स्वास्नी मानिसको जिउ तलासी लिनु परेमा निजको वेइज्जत नहुने गरी पत्यारकी अर्की स्वास्नी मानिस वा महिला प्रहरी मार्फत गराउनु पर्छ।[४४]

सनाखत :

कुनै व्यक्ति, वा वस्तुको वास्तविक पहिचान गर्नुलाई सनाखत भनिन्छ। सनाखत सामान्यतया दुई प्रकारको हुन्छ :

(१) मानिसको सनाखत

(२) वस्तुको सनाखत,

कुनै मुद्दामा कुनै मानिसको सनाखत गर्नुपर्ने भएमा सनाखत गर्नु पर्ने मानिसलाई देख्न हेर्न नपाउने ठाउँमा राखी जुन मानिसलाई सनाखत गराउन पर्छ सो मानिस जस्तै किसिमका उमेर वर्ष वर्ण पहिरन मिल्ने कम्तीमा चार जनामा नघटाई अरू मानिसहरू ल्याई यथासंभव सबैलाई एकनास गराई निजहरूलाई साथमा उभ्याई राखी सनाखत गर्ने प्रत्येक मानिस छुट्टाछुट्टै ल्याई सनाखत गराउन पर्छ। सो गराउदा चिन्हेमा चिन्हेको र चिन्ह नसकेमा नसकेको भन्ने व्यहोरा लेखी मिसिल सामेल राख्नु पर्छ।[४५]

हाम्रो कानूनमा सनाखत सम्वन्धमा व्याख्यात्मक व्यवस्था भएको पाइदैन। लास वा वस्तु सनाखत सम्वन्धमा पनि कुनै प्रक्रिया निर्धारण गरिएको छैन। सनाखत गर्ने भन्नु मात्र पर्याप्त हुदैन। सनाखत गर्दा अपनाउने न्यूनतम प्रकृया हुनु पर्ने देखिन्छ।

सनाखत सम्वन्धमा वास्तविक मान्यता के हो भने जो व्यक्तिले कुनै अभियुक्त वा वस्तु सनाखत गर्नसक्छु भन्छ त्यस्ता व्यक्तिलाई सनाखत गराउनु भन्दा पहिले निजले सनाखत गर्ने संभावित व्यक्ति वा वस्तुको हुलीया लिई सो को व्यहोरा लिई कागज गराउनु पर्छ। निजले त्यस्तो कागज गरिसकेपछि सनाखत गर्दा पनि सोही व्यहोरासंग मिल्ने व्यक्ति वा दशी देखिएमा मात्र त्यस्तो सनाखतलाई मान्यता दिनु पर्छ। अन्यथा देखि हेरिसके पछि यही व्यक्ति वा वस्तु नै अपराधसंग सम्वन्धित हो भन्ने अवस्था उत्पन्न हुन्छ। यस्तो शंकाको अवस्था उत्पन्न हुन दिनु उपयुक्त हुदैन।

कुनै मुद्दामा सनाखत गराउनु पर्ने भएमा अभियुक्त वा मुद्दासंग सम्बन्धित दशी वा चिज वस्तुलाई प्रहरी सहायक निरीक्षक दर्जासम्मको प्रहरी कर्मचारीले रीत पुऱ्याई सनाखत गराउन सक्नेछ।[४६] सो भन्दा तल्लो स्तरका प्रहरी कर्मचारीले गरेको सनाखत सदर हुदैन।

वस्तुस्थिति मुचुल्का :

कुनै अपराध भएपछि अपराध भएको स्थान वा अपराध भैसके पछिको परिणाम कुनै स्थानमा रहेकोमा सो स्थानको विवरणले अपराध अनुसन्धानको क्रममा महत्वपूर्ण सहयोग पुऱ्याउन सक्छ। कुनै व्यक्ति खास अपराधमा संलग्न छ कि छैन भन्ने कुरा कतिपय अवस्थामा स्थानको प्रकृतिवाट समेत खुल्न सक्छ। त्यसैले अपराध अनुसन्धानका लागि र वास्तविक अपराधी पत्तालगाउने कार्यका लागि प्रकृतिमुचुल्का गरिने चलन छ। यस्तो प्रकृति मुचुल्का घटनास्थलको विवरण वरामदी मुचुल्का वा लास प्रकृति मुचुल्का वा सरजमिन मुचुल्कामा समेत समावेश गर्ने गरिएको छ।

मूलरूपमा प्रकृति मुचुल्कालाई २ प्रकारले प्रचलनमा ल्याइएको छ। एउटा हो घटनाको विवरण स्पष्ट खुल्ने गरी घटनास्थल प्रकृति मुचुल्का र अर्को हो ज्यानसंग सम्वन्धी अपराधमा लास रहेको स्थान वरपरको र लासको प्रकृति समेत उल्लेख गरी तयार गरिने लास जाँच प्रकृति मुचुल्का / घटनास्थल प्रकृति मुचुल्का वनाउनै पर्ने कानूनी वाध्यता नभएता पनि सरकारी मुद्धा सम्वन्धी ऐनले घर वा ठाउँको वस्तुस्थिति सम्वन्धी मुचुल्का तयार गर्न पर्ने भनी उल्लेख गरेवाट आवश्यक परेमा वस्तुस्थिति मुचुल्का वनाउनु पर्ने रहेछ भने नै देखिन्छ।[४७] उल्लेखित दुवै

मुचुल्कामा मूल रूपमा अपराधसंग सम्वन्धित वस्तु वा लाश वा अन्य कुरा रहेको स्थान कस्तो छ, त्यहाँ वरीपरीको चित्रलाई अक्षरमा उतार गर्नु पर्छ, त्यस्तो स्थान वरपर कुनै व्यक्ति हिंडेको भए पदचिन्ह वा अन्य कुनै चिन्ह भए त्यस्तो चिन्ह समेत खुल्ने गरी विवरण तयार गरिनु पर्छ। यसरी विवरण तयार गरे पछि त्यसको मुचुल्का तल लास प्रकृति मुचुल्का जस्ने गरी तयार गरी राख्नु आवश्यक छ।

लास जाँच प्रकृति मुचुल्का :

कुनै प्रहरी कार्यालयको क्षेत्र भित्र कुनै व्यक्ति कर्तव्य वा दुर्घटना भई वा आत्महत्या गरी वा कुनै अपराधको परिणाम स्वरूप शंकास्पद स्थितिमा मरेको जानकारी प्राप्त भएमा सो क्षेत्रको प्रहरी कार्यलयको कम्तीमा नायव प्रहरी निरीक्षक दर्जाको प्रहरी कर्मचारीले यथाशीघ्र लास रहेको ठाउँमा गई लाश जाँच गरी सकेसम्म तल लेखिएका कुरा खुलाई मुचुल्का वनाउनु पर्छ।[४८] संभव भएको अवस्थामा लाशको र लाश रहेको ठाउँको फोटो समेत खिच्नु पर्छ :

(क) लाशको सनाखत हुने विवरण : यसमा लाशको प्रकृतिको उल्लेखवाट उक्त मृतकको नाम ठेगाना पत्ता लगाउन सकिने गरी विवरण तयार गरिनु पर्छ)

(ख) लाश रहेको ठाउँ र लाशको अवस्था

(ग) लाशमा कुनै घाउ, चोट, निल वा डाम देखिएको ठाउँ, संख्या, लम्वाई, चौडाई, गहिराई समेतको प्रत्येक घाउ चोट निलडामको विवरण,

(घ) मृत्यु गराउने संभावित साधन र लाशमा देखा परेका सो सम्वन्धी लक्षणहरू

(ङ) मृत्युको कारण थाहापाउन सहायक हुने लाशमा देखिएका अन्य कुनै लक्षण भए सो कुरा

(च) अन्य उल्लेखनीय कुराहरू।

यसरी लास जाँच प्रकृति मुचुल्का तयार गर्दा लासमा जे देखिएको छ सोको विवरण अलिकति पनि तलमाथी नपर्ने गरी खुलाउनु पर्छ। अन्यथा यसको विवरण लेखाईमा भएको लापरवाही र त्रुटीले सिङ्गो अनुसन्धान तहकिकातको प्रकृयालाई वेकार वनाउन सक्दछ।

यसैगरी मुलुकी ऐन २०२० को ज्यान सम्वन्धी महलको ३ नम्वरले लास जाँचको सम्वन्धमा गरेको व्यवस्था उत्तिकै महत्वपूर्ण देखिएको छ। जस अनुसार अपहत्या वा कर्तव्य परी मरेको उजुर वा शंका देखिएकोमा मर्नेको लास जाँच र मौका तहकिकात गर्दा वा गर्न जाँदा मौकामा पुग्नासाथ सो लास भए रहेको ठाउँ भन्दा केही वर खडा भै वा वसी निम्न लिखित कुरामा विचार गर्नु पर्छ ::

(क) लास रहेको ठाउँ वरपर भए परेको हात खुट्टा वा अरू केही किसिमको चिन्ह छ वा छैन ?

(ख) लास अन्यत्र कतैवाट घिसारी ल्याएको चिन्ह निशाना इत्यादि छ वा छैन ?

(ग) लासको वरपर अरू दसी प्रमाण हुने केही माल छुटे रहेको छ कि छैन ?

उल्लेखित कुनै चिन्ह, निसाना वा दशी फेला परेमा मुचुल्कामा उक्त कुरा स्पष्ट रूपमा खोल्नु पर्दछ। यसरी नै दसी चिन्ह निसाना भेटिएकोमा सकभर त्यस्तो कुरा नमासिने गरी जस्ताको तस्तो रहने हिसावले लासको सदगद पूर्जी नहुन्जेल सम्म राख्नु पर्दछ। उल्लेखित प्रक्रिया पूरा गरी लास प्रकृति मुचुल्का तयार गर्दा लास रहेको ठाउँ जग्गाको अवस्था, चारकिल्ला समेत खुलाई नक्सा वनाउन सकिने भए सो समेत वनाई रित पूर्वक लास जाँचको कागज खडा गर्नु पर्छ। यसरी लास जाँचको कागज तयार गर्दा निम्न लिखित अवस्थामा निम्न लिखित कुरा स्पष्ट रूपमा खुलाई लेख्नु

पर्छ :

घाउचोटवाट मृत्यु भएकोमा खुलाउनु पर्ने कुराहरु :

घाउ, चोट पटक, निलडाम परी मरेकोमा मर्नेको लासको यो यो ठाउँमा यति-यति लम्वाई चौडाई गहिराई भएको यतिवटा यस्तो यस्तो प्रकारका घाउचोट पटक रहेको छ भनी खुलाउन पर्छ। यसरी नै चोटपकट अंगभंग, निलडाम, सुम्ला परेको भाँचिएको फुटेको वा छाला खुइलिएको, घस्रेको, टाँटेफुटेको घोचेको भन्ने समेत सबै कुरा स्पष्ट खुलाउनु पर्छ। घाउ पुरानो भए पुरानो घाउ भनी खुलाउन पर्छ।

झुण्डीई मृत्यु भएकोमा खुलाउनु पर्ने कुराहरु :

कुनै मानिस झुण्डीई मरेको रहेछ भने निज झुण्डीएको डोरी वा पासो सुरक्षित राखी अड्डामा दाखेला गर्नुपर्छ। यसका अतिरिक्त झुण्डीइ मरेकोमा मर्नेको ओठ फुस्रो र आँखाको नानी ठूलो भएको छ कि छैन खुलाउनु पर्छ। यसरी नै आँखा केही बाहिर निस्केको वा निक्लेको छ कि छैन ?, जिव्रो बाहिर निस्केको वा ओठले च्यापेको छ कि छैन ? उल्लेख गरिनु पर्छ। त्यस्तै नाक, मुख, गुद्द्वार वा इन्द्रीयहरूको प्वालबाट रगत वा राल इत्यादि समेत लस्सादार पानी र मल, वीर्य निस्केको छ कि छैन खुलाउनु पर्छ। लासको घाँटीमा डोरीको डाम झुण्डीय तिर छ वा छैन ? डाम गोल वृं नागवेली कस्तो प्रकारको छ ? कैलो डाम परेको छ कि डोरीले बाँधेको ठाउँमा छाला साह्रो छ वा छैन ? हात मुठी पारेको र खुट्टाले भुई (जमीन) छोएको वा समातेको छ वा छैन ? उल्लेखीत कुराहरू सबै स्पष्ट रूपमा खुलाई मुचुल्का तयार गरिनु पर्छ।

डुवेर मरेकोमा खुलाउनु पर्ने कुराहरु :

- मृतकको लास कुवा, पोखरी, खोला नालामा परेको अवस्थामा रहेछ भने त्यस्तो मृतकको लास प्रकृति मुचुल्का तयार गर्दा निम्न लिखित कुरा खुलाउनु पर्छ :
- पानीबाट उठाउने वित्तिकै हातको छाला चाउरिएको र पेट ढाडिएको छ वा छैन ?
- लास रहेको ठाउँको वरिपरि कुवा पोखरीको किनारा छेउछाउमा र लासको मुखमा रगतको छिटा छ वा छैन ?
- लासको टाउको, गर्धन वा आँङमा समेत कहाँ कहाँ चोटपटक वा रगत लागेको छ सो खुलाउनु पर्छ।
- मुठी खुला छ वा छैन, हातमा केही चीज लिइ राखेको भए यो यो चीज लिइ राखेको थियो भनी खुलाउनु पर्छ।
- मुख आँङको छाला नरम वा खस्रो जस्तो छ उस्तै दुरूस्त गरी लेख्नु पर्छ।
- लासको पेटमा पानी भए नभएको जाँच गर्नका लागि मृतकको नजिकको नातेदार (वारेस) भए निजलाई र निज नभएकोमा अरू मानिस समेतलाई लगाई लासलाई घोप्टोपारी पिठ्यु थिच्न लगाउँदा पानी निस्कन्छ-निस्कदैन पत्ता लगाई लेख्नु पर्छ।
- यसरी नै हातको औंलामा छाला खुइलिएको छ वा छैन।
- मृतक पुरूष भए निजको लिंग खुम्चीएर सानो भएको वा मृतक महिला भए निजको भग (योनी) भित्र माटो परेको छ वा छैन हेरी व्यहोरा जस्ताको तस्तै फरक नपर्ने गरी लेख्नु पर्छ।

विष खाए वा खुवाएकोमा :

कुनै व्यक्ति विष खाए वा खुवाएको कारणवाट मरेको छ भने त्यस्तो मृतकको लास जाँच गर्दा निम्न कुराहरू खुलाउनु पर्छ :

- मर्नु अगाडि आँखा खुम्ची आँखाको नानी सानु र मरिसकेपछि ठूलो हुने भएको थियो वा थिएन ?
- मर्नु अगाडि वेहोस र निद्रा लाग्ने, पसिना धेरै आउने, मुख सुक्ने भएको थियो वा थिएन
- मर्नु अगाडि उन्मत्त, घाँटी मुख सुक्ने र चेहरा (अनुहार) रातो हुने निन्द्रा लाग्ने, आँखा टोलाउने भई आँखाको नानी ठूलो-ठूलो देखिने र वरावर वेहोस भई लरखराई बोल्ने भएको थियो वा थिएन ?
- मर्नु अगाडि झाडावान्ता हुने र पेटमा डाह्रा हुने, ज्यादा प्यास लाग्ने, मुख सुनिए जस्तो देखिने, नाडी चाँडो चाँडो चल्ने नातागती हुने र वेहोस भएको थियो थिएन ?
- मर्ने वेलामा सितांग हुने, खाँदा खेरी मुख घाँटी पेट पोल्ने पिंडौला फर्कने भएको थियो वा थिएन खुलाउनु पर्छ।

सर्पको टोकाईवाट मृत्यु भएकोमा :

सर्पको टोकाईको कारणवाट कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने निजको लास जाँच प्रकृति मुचुल्का तयार गर्दा सर्पले टोकेको ठाउँमा सुनिएको र कपालको रौं लुच्छ्दा सजिलैसंग उखेलिने भएको छ वा छैन ? मर्नु अगाडी सो टोकेको ठाउँमा ठूलो पीर पर्ने गरी दुख्ने र मुखवाट फिज आउने आँखा पनि खुम्ची आँखी भुई अलि अलि पनि खोल्न नसक्ने भई मुख पहेंलो निलो र रगत नीलो पातलो भई चाँडै नजम्ने भएको थियो कि थिएन ? कुरा गर्न नसक्ने लठ्ठ भएर हिड्न पनि नसक्ने भएको थियो वा थिएन ? आदि कुरा स्पष्ट रूपमा खुलाउनु पर्छ।

लास प्रकृति मुचुल्का तयार गर्दा माथी उल्लेख गरिएका कुराहरू स्पष्ट रूपमा खुलाउनु अनिवार्य हुन्छ। माथी उल्लेखित प्रकियाबाट समेत मानिसको मृत्यु, (हत्या) हुन सक्छ। त्यस्तो अवस्था पनि त्यस्तो व्यक्तिको मृत्यु कर्तव्यबाट भएको हो या होइन भनी पछि निर्कोल गर्न मिल्ने सम्पूर्ण विवरण देखेसम्म खुलाई मुचुल्का तयार गर्नु पर्छ। जसवाट मृतकको मृत्युको कारण पत्ता लाग्न सक्छ। कतिपय अवस्थामा उल्लेखित विवरण स्पष्ट नभएको कारणबाट मृत्युको कारण पत्ता लगाउन कठिन भई अपराधी उम्कने मौका पाउछ। फौजदारी न्यायको सिद्धान्त अनुसार कुनै व्यक्तिलाई दोषी ठहर गर्नु अगाडि निजको विरूद्ध लगाएको अभियोग शंकारहित तवरबाट पुष्टि हुन पर्छ। यदि शंकाको कुनै पनि गुञ्जायस रहन्छ भने त्यस्तो शंकाको फाइदा अभियुक्तले पाउछ। त्यसो भएको हुनाले कोही मरेको छ भनेर आत्तिएर वा हतारिएर गरिएको अनुसन्धान व्यर्थ साबित हुन सक्छ। त्यसैले प्रहरी कर्मचारीले लास प्रकृति मुचुल्का तयार गर्दा ज्यादै होसियारिपूर्ण तरिकाले माथी उल्लेखित सवै विवरण खुलाउनु आवश्यक छ।

माथी उल्लेख गरिए बमोजिमको लास जाँच मुचुल्का गर्दा कतिपय अवस्थामा प्रहरी कर्मचारी आई नपुगेको रहेछ भने सम्वन्धित गाउँ विकास समिति वा नगरपालिका समेतले त्यस्तो मुचुल्का तयार गर्न सक्छ।[४९] तर यस्तो मुचुल्का प्रहरी कर्मचारीले आफू उपस्थित भए पछि आफ्नो जिम्मा लिनु पर्छ।

शव परीक्षण (Post martem)

लास जाँच गर्दा कुनै अपराधको परिणाम स्वरूप वा शंकास्पद स्थितिमा मृत्यु भएको देखिन आएमा सम्वन्धित प्रहरी कर्मचारीले सो लासलाई शव परीक्षण (Post martem) को लागी सरकारी खर्चमा सरकारी चिकित्सक समक्ष पठाउनु पर्छ। तर लास सडी गली जाँच गर्न नसकिने अवस्था भएमा वा देखिएमा सम्वन्धित प्रहरी कर्मचारीले सो कुरा खुलाई मुचुल्का खडा गरी राख्नु पर्ने छ। यस्तोमा शव परीक्षणका लागी पठाउनु पर्दैन।[५०] तर मृतकको लास सडेको भए पनि कतिपय कुराहरू जाँच गर्न सकिने संभावना भएको हुनाले लास सकभर परीक्षणका लागी पठाउनु राम्रो हुन्छ। मुलुकी ऐनको ज्यान सम्वन्धी महलको २ नम्वरले त लास जाँच गर्दा डिस्पेन्सरी वा अस्पताल नजिक भएका ठाउँमा अस्पताल भए अस्पतालको र अस्पताल नभएमा डिस्पेन्सरी रहेकोमा त्यहाँको मुख्य चिकित्सकबाट लास जाँच गरी प्रतिवेदन तयार गर्नु पर्छ भन्ने व्यवस्था गरेको छ।

सरकारी मुद्दा सम्वन्धी नियमावलीले दुर्घटनामा परी कुनै मानिसको मृत्यु भएकोमा शव परीक्षण नगर्दा पनि हुने व्यवस्था गरेको छ। जस अनुसार दुर्घटना परी मृत्यु हुनेको नजिकको हकवालाले सो दुर्घटना कसैको कर्तव्यबाट भएको होइन, मृतकको शव परीक्षण नगराई आफ्नो कुल धर्म अनुसार सतगत गर्न पाउन, दुर्घटनामा मरेको होइन भनी पछि कुनै कुराको उजुर गर्ने छैन भनी दुर्घटना भएको जिल्लाको जिल्ला अदालत वा लास रहेको ठाउँबाट सो अदालत टाढा भए नजिकको अन्य अदालतमा निवेदन दिएमा कसैको कर्तव्यवाट मरेको भन्ने शंका गर्नु पर्ने अवस्था नदेखिएमा अदालतको न्यायाधीशले मृतकको शव परीक्षण गराउनु नपर्ने गरी आदेश दिन सक्छ। यस्तो मृतकको शव परीक्षण गराई रहनु पर्दैन। सो वमोजिम अदालतवाट आदेश भए पछि मृतकको शव परीक्षण नगराई कुनै प्रहरी कर्मचारीले त्यस्तो लास नजिकको हकवालालाई दिन सक्छ। त्यसरी लास बुझाउदा त्यस्तो लासको वाहिरी प्रकृति विवरण खुलाई मृतकको पाएसम्मको नजिकको नातेदार र अन्य कम्तिमा दुई जना व्यक्तिको रोहवरमा लास जाँच मुचुल्का गराई राख्नु पर्छ।[५१]

लास जिम्मा दिने :

लास जाँच प्रकृति मुचुल्का तयार गरी पोष्ट मार्टम गर्नु पर्नेमा सो समेत गराई सके पछि वा पोष्टमार्टम गर्नु नपर्नेमा सो को मुचुल्का खडा गरिसकेपछि त्यस्तो मृतकको लास प्रहरी कर्मचारीले सम्वन्धित हकवालालाई भरपाई गरी बुझाउनु पर्छ। हकवालाले लास बुझि नलिएमा वा हकवाला उपस्थित नभएकोमा सम्बन्धित प्रहरी कर्मचारीले सरकारी खर्चमा प्रहरी ऐन बमोजिम लासको सद्गत गराउनु पर्ने छ।[५२]

लास फेला नपरे के गर्ने :[५३]

कतिपय अवस्था यस्तो उत्पन्न हुनसक्छ। जुन बेला कुनै अपराध भई कुनै व्यक्तिको ज्यान मरेको छ भन्ने कुरा थाहा भएता पनि लास फेला नपर्न सक्छ। त्यस्तो अवस्था उत्पन्न भए पनि प्रहरी कर्मचारीले आवश्यक अनुसन्धान गर्नु पर्ने हुन्छ र लास फेला पार्ने प्रयास गर्नु पर्छ। तर लास फेला नपर्दैमा अनुसन्धान कार्य कुनै पनि हालतमा रोक्न भने हुदैन।

रगत वीर्य इत्यादि जाँच गर्ने : अपराधको प्रकृतिबाट पक्राउमा परेका व्यक्तिको वा अपराधसंग सम्बन्धी चिज वस्तु वा प्राणीको, वीर्य र शरीरका अन्य कुनै अंग वा अन्य कुनै कुराको

जाँच गरिएमा अपराध सम्वन्धी प्रमाण उपलव्ध हुन सक्दछ भन्ने विश्वास गर्ने मनासिव आधार भएमा अनुसन्धान गर्ने प्रहरी कर्मचारीले सरकारी चिकित्सकद्वारा वा प्रयोगशालामा त्यस्तो रगत, वीर्यको अंग वा कुनै कुराको जाँच गराउन सक्नेछ। तर महिलाको शारीरिक अंग जाँच गर्नु परेमा पाएसम्म कुनै महिला चिकित्सकद्वारा वा पुरूष चिकित्सकको निर्देशनमा कुनै महिलाद्वारा गराउन सक्ने छ।

यस अन्तर्गत ओठा छाप, हस्ताक्षर, अक्षर, रौं आदि कुराका सम्वन्धमा यकिन गर्नु परेमा समेत जाँच गराउन सकिने देखिन्छ। कुनै पनि अपराधमा संलग्न व्यक्तिले अपराध जतिसुकै सावधानी साथ गरे पनि आफ्नो पहिचानको कुनै न कुनै चिन्ह छोड्छ भन्ने विश्वास गरिन्छ। यसैले पनि कुनै पनि अपराधमा गहन अध्ययन र अनुसन्धान हुने हो भने वास्तविक अपराधी पत्ता लाउन सक्छ तर अपराध भएको छ त्यसैले कुनै न कुनै व्यक्तिलाई अभियुक्त वनाउनै पर्यो भन्ने आधारमा हुने र भएका अनुसन्धान मानव अधिकारका दृष्टिले ज्यादै निष्कृष्ट मानिन्छ।

त्यसैले अपराधको अनुसन्धानका लागी आवश्यक परेमा प्रहरी कर्मचारीले डाक्टर, हस्ताक्षर तथा लेखा विशेषज्ञ, रोगाष्ट जस्ता संस्था र अन्य उपयुक्त विशेषज्ञको सहयोग लिनु पर्ने भएमा तत्काल लिनु पर्दछ।

सरजमीन :

सरजमीन भन्ने वित्तिकै कुनै निश्चित विषयमा समाजका सदस्यहरूको के राय रहेछ भनि जाँच गर्ने प्रक्रियाको रूपमा वुझ्न गरिन्छ। समाजमा अपराध तथा छलकपटको शुरूवात संगसंगै त्यस्तो अपराध र छलकपटमा को दोषी छ भनी पत्ता लगाउनका लागी अवलम्वन गरिने एउटा प्रक्रियाको रूपमा सरजमिन हुने गरेको पाइन्छ। पुरानो जमानामा अपराध अनुसन्धानको अन्य माध्यमहरू नभएको हुनाले को अपराधी हो भन्ने सम्वन्धमा समाजका वहुमत व्यक्तिको के राय रहेछ भन्ने कुरा वुझी वहुमतले जसलाई दोषी ठान्छ त्यसलाई नै अपराधी हो भन्ने विश्वास गरिन्थ्यो। इस्लामिक कानून अनुसार हाल पनि ४ जना व्यक्तिले अपराधी भनी सरजमीन गरिदिएमा त्यसलाई नै दोषी ठानी कार्वाही गरिन्छ। यसै अनुसार तालीवानहरूले हालै एउटा महिलालाई व्यभिचार गरेको भनी मार्च १९९७ मा नै ढुंगाले हानी मारेको घटनाले यसलाई पुष्टि गर्छ। त्यसरी दोषी पत्ता लगाउने प्रक्रियाको लिखतको रूपमा सरजमीनको विकास भएको मान्न सकिन्छ।

वर्तमान अवस्थाका अपराध अनुसन्धान गर्ने प्रयोजनका लागी भन्दा पनि देवानी मुद्दा वा अन्य प्रशासनिक तथा न्यायिक प्रक्रियामा सरजमीनको वढी प्रयोग हुने गरेको पाइन्छ। २०४९ साल भन्दा अगाडि वहाल रहेको सरकारी मुद्दा सम्वन्धी ऐन २०१७ मा अपराध अनुसन्धानका लागी सरजमीन गर्ने व्यवस्था थियो। तर हाल प्रचलनमा रहेको सरकारी मुद्दा सम्वन्धी ऐन २०४९ ले भने अपराध अनुसन्धानका लागी सरजमीन गर्नुपर्ने व्यवस्थालाई कुनै स्थान दिएको छैन। अर्थात सरजमीन आवश्यक भएमा गर्ने र आवश्यक नभएमा नगर्ने अधिकार अपराध अनुसन्धान कार्यमा संलग्न प्रहरी कर्मचारीलाई दिएको छ।

यदि अन्य कुनै प्रक्रियावाट अनुसन्धानका कारवाही अगाडि वढ्न सकेन र सरजमीन गर्नु पर्ने भएमा सरकारी मुद्दा सम्वन्धी नियमावली ०१८ अनुसार सरजमीन गर्नु पर्ने हुन्छ।[५४]

अपराधको सूचना प्राप्त भए पछि केशको व्यहोराबाट जरूरी भै तुरून्त सरजमीन गर्नु पर्नेमा सोही वमोजिम र सो वाहेक अरूमा व्यहोरा वुझ्न तत्काल सुराक लगाउदा अपराध भएको थाहा हुनासाथ इन्सपेक्टर दर्जासम्मको प्रहरी कर्मचारीले नगरपालिकाको इलाकाभित्र जिल्ला सरकारी

अधिवक्ता र गाविसको इलाका भित्र गाविस अध्यक्ष वा उपाध्यक्षलाई लिई वाटाको म्याद वाहेक जाहेरी दस्तखत परेको साधारणतया २४ घण्टा भित्र सकभर चाँडो अपराध भएको ठाउँ वा अभियुक्तसंग सम्वन्धी ठाउँमा पुग्नुपर्छ।

यसरी ठाउँमा पुगेपछि सो ठाउँ र नजीकका गाविस वा नगरपालिकाको सम्वन्धित वडाको सदस्य वा अरू सर्वसाधारण जनता समेतमा पाइएका र उपस्थित भए सम्मका व्यक्तिलाई राखी सरजमीन गर्ने अधिकारीले अपराधका सम्वन्धमा त्यस्तो व्यक्तिहरूले देखे सुने बुझेको जे-जे छ यथार्थ खुलाई मुचुल्का गराउनुपर्छ। त्यस ठाउँमा कसैको घरको खान तलासी गरेकोमा तत्सम्बन्धी मुचुल्का र लास भएकोमा लास जाँच मुचुल्का समेत गराउनु पर्छ।[५५]

कसलाई साक्षी राख्ने :

अनुसन्धानको क्रममा गरिने सरजमीन, घटनास्थल प्रकृति मुचुल्का, लास जाँच प्रकृति मुचुल्का, सनाखत, वरामदी मुचुल्का खान तलासी मुचुल्का आदिमा कानूनमा जुन तहको प्रहरी कर्मचारीले त्यस्तो मुचुल्का गर्नुपर्ने भनिएको छ सोही तहको कर्मचारीले नै गरेको हुनुपर्छ। अन्यथा त्यस्तो मुचुल्काले प्रमाणको रूप ग्रहण गर्न सक्दैन।

त्यसरी नै उल्लेखित कागजात तयार गर्दा राखिएका साक्षीहरू तथा त्यस कागजात तयार गर्दा उपस्थित व्यक्तिहरूलाई कागजमा सहिछाप गराउनु अगाडि त्यस्ता व्यक्तिहरू पछि साक्षीको हैसियतले अदालतमा उपस्थित हुन सक्छन् वा सक्दैनन् भन्ने कुरामा विचार गर्नु पर्छ। प्रमाण ऐन २०३१ को दफा १८ अनुसार "कुनै काम, घट्ना वा अवस्थाका सम्वन्धमा भएको तहकिकात वा जाँचवुझको सिलसिलामा प्रचलित नेपाल कानून वमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा व्यक्त गर्ने व्यक्ति साक्षीका रूपमा अदालतमा उपस्थित भै वयान नगरेमा प्रमाण लिन नसकिने" व्यवस्था गरेको छ। यसो भएको हुनाले अनुसन्धान भई कुनै तथ्य पत्ता लाग्नु मात्र पर्याप्त हुँदैन, त्यसलाई प्रमाणिक रूपमा अदालतलाई ग्राह्य प्रमाणको रूपमा पेश गर्न सकिने अवस्था सृजना समेत गर्नुपर्ने हुन्छ।

यसैले अनुसन्धान गर्ने प्रहरी कर्मचारीले मुचुल्काहरू तयार गर्दा तत्काल जो उपस्थित छ त्यसलाई नै सहिछाप गर्ने गराउने भन्दा पनि स्थानीय व्यक्ति जो पछि सरकारी गवाहको रूपमा अदालतसम्म पनि लैजान सकिन्छ त्यस्ता व्यक्तिलाई नै उल्लेखित कागजातमा साक्षीको रूपमा राख्नु उपयुक्त हुन्छ। अन्यथा त्यस्ता साक्षी राखिएका व्यक्ति अदालतमा उपस्थित भएनन् भने सिङ्गो अनुसन्धान प्रक्रिया नै व्यर्थ हुने कुरामा कुनै शंका हुँदैन।

त्यस्तै कुनै कागज वा मुचुल्का वनाउदा कुनै गाविस वा नगरपालिका वा त्यस्तै संस्थाको कुनै पदको व्यक्ति साक्षी राख्नु पर्ने हुन्छ। यसरी मुचुल्का तयार गर्दा हडवड गर्ने भन्दा प्रत्येक कागजातको प्रामाणिक मूल्य रहने कुरामा वढी ध्यान दिनु आवश्यक हुन्छ।

रोहवरमा राख्नु पर्ने :

कुनै अपराधको अनुसन्धानको सिलसिलामा कुनै घर वा ठाउँको वस्तुस्थिति सम्वन्धी मुचुल्का तयार गर्दा वा कुनै व्यक्ति वा ठाउँको खानतलासी लिंदा वा लाश जाँच गर्दा त्यस्तो ठाउँमा भएका कम्तिमा दुईजना स्थानीय व्यक्तिहरू र सम्वन्धित गाविस वा नगरपालिकाको एक जना सदस्य र त्यस्तो सदस्य नभए कुनै सरकारी कार्यालयको एक जना कर्मचारीलाई र फेला परेसम्म अभियुक्त र अपराधको सूचना दिने व्यक्ति (जाहेरवाला) लाई समेत रोहवरमा राख्नुपर्ने हुन्छ।[५६]

ठाडो कागज गर्ने :

अपराध अनुसन्धान प्रक्रियामा ठाडो कागज भन्ने शब्दको प्रयोग धेरै हुने गरेको पाइन्छ। यो शब्दको प्रयोग वर्तमान सरकारी मुद्दा सम्बन्धी नियमावली २०१८ को नियम ५ मा गरिएको छ तर उक्त नियममा उल्लेख भए झैं हाल अभियुक्तको कागज गरिंदैन ।

सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ जारी भए पश्चात अभियुक्तको बयान सरकारी वकिलको रोहबरमा प्रहरी कर्मचारीले गर्नु पर्ने हुन्छ।[५७]

अनुसन्धानको क्रममा कुनै अपराध सम्बन्धमा शंकास्पद देखिएको कुनै व्यक्तिसंग वा कुनै व्यक्तिलाई अपराधको बारेमा कुनै कुरा थाहा छ भने विश्वास गर्नुपर्ने कुनै कारण भए त्यस्ता व्यक्तिलाई अनुसन्धान गर्ने प्रहरी कर्मचारीले आवश्यक देखेमा निजसंग बयान लिई लेखबद्ध गरी राख्न सक्छ।[५८]

सरकारी मुद्दा सम्बन्धी ऐनमा उल्लेख भएको उपरोक्त विषय नै व्यवहारमा ठाडो कागजको रूपमा चिनिन्छ। यसरी हेर्दा कागज दुई किसिमका व्यक्तिसंग गराउन सकिन्छ :

(१) त्यस्तो व्यक्ति जसमाथि अनुसन्धान गर्ने व्यक्तिले निज अपराधी हुन सक्छ भनी विश्वास गरेको छ तर निज अभियुक्त हो भन्नका लागी स्पष्ट आधार प्राप्त भई सकेको छैन भने त्यस्ता व्यक्तिसंग सोधपुछ गरी कागज गराउन सक्छ।

(२) त्यस्ता व्यक्ति जो अपराधमा संलग्न छैनन् तर अपराधको बारेमा पूरा वा आंशिक रूपमा जानकारी राख्दछन् वा अपराधको बारेमा कुनै जानकारी नभए पनि अपराधी सम्बन्धमा वा अपराधीको बारेमा कुनै जानकारी राख्छन् भने त्यस्ता व्यक्तिसंग निजले जानेसम्मको व्यहोरा सोधपुछ गरी कागज गराउन सक्छ।

यसरी कागज गराउदा वा अपराधको बारेमा निजका भनाई लेखबद्ध गर्दा उनीहरूको भनाइमा फरक नपर्ने गरी जस्ताको तस्तै टिपोट गर्नु पर्छ। यसरी बयान गर्ने वा कागज गर्ने व्यक्तिहरूलाई पछि अदालतले चाहेको बखतमा उपस्थित गराउनु पर्ने हुँदा निजहरूको ठेगाना स्पष्ट रूपमा उल्लेख हुनु पर्छ। एक भन्दा बढी व्यक्तिसंग बयान लिंदा सामान्यतया यस्ता कागज गराउदा प्रहरी कर्मचारीले प्रत्येक व्यक्तिलाई छुट्टाछुट्टै रूपमा गराउनु पर्छ र एउटाले गरेको बयान अर्काले जानकारी पाउन नसक्ने गरी गर्नु पर्छ। यदि कुनै ठाडो कागज गर्ने व्यक्ति मध्येकै मानिस अभियुक्त हो भन्ने स्पष्ट आधार भएमा निजको सरकारी मुद्दा सम्बन्धी ऐनको दफा ९(१) बमोजिम अर्को बयान गराउनु पर्नेछ।

■

---

१. प्रहरी ऐन २०१२ को प्रस्तावना
२. सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ को दफा ३ (१)
३. ऐ दफा ३ (२)
४. ऐ दफा ३ (३)
५. ऐ दफा ३ (४)
६. ऐ दफा ५ र ६
७. नेपाल अधिराज्यको संविधान २०४७ को धारा १४ (५)

८. ऐ धारा १४ (६)
९. ऐ धारा १४ (७)
१०. सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ को दफा १४
११. प्रहरी ऐन २०१२ को दफा १५ (१) (क) (ङ) (ज) (झ)
१२. ऐ दफा १७ (१)
१३. केही सार्वजनिक (अपराध र सजाय) ऐन २०२७ को दफा ३ (१)
१४. विष्फोटक पदार्थ ऐन २०१८ को दफा ७
१५. हातहतियार र खर खजाना ऐन २०१९ को दफा ५, ५क, र ६
१६. लागु औषध (नियन्त्रण) ऐन २०३३ को दफा ९ (१)
१७. नेपाल अधिराज्यको संविधानको धारा १४ (६), लागु औषध (नियन्त्रण) ऐनको दफा १०, हातहतियार तथा खरखजाना ऐनको दफा ५(२), सार्वजनिक अपराध (सजाय) ऐनको दफा ३ (२), विष्फोटक पदार्थ ऐनको दफा ७, प्रहरी ऐनको दफा १७ (२) आदि।
१८. मुलुकी ऐन अ.बं. ४५ नं.
१९. सरकारी मुद्दा सम्बन्धी ऐनको दफा १५ (१)
२०. ऐ दफा १५ (२)
२१. ऐ दफा १५ (४)
२२. संविधानको धारा १४ (४)
२३. ऐ
२४. यातना सम्बन्धी क्षतिपूर्ति ऐन २०५३ को दफा ७
२५. संविधानको धारा १४(४) र यातना सम्बन्धी क्षतिपूर्ति ऐनको दफा २ (क)
२६. यातना सम्बन्धी क्षतिपूर्ति ऐनको दफा ३ (१)
२७. संविधानको धारा १४ (५)
२८. मुलुकी ऐन अ.बं. को ९५ नं.
२९. सरकारी मुद्दा सम्बन्धी ऐनको दफा ६ (१)
३०. ऐ ६ (२)
३१. ऐ -७
३२. ऐ - ८
३३. ऐ - ९
३४. संविधानको धारा १४ (३).
३५. प्रमाण ऐन २०३१ को दफा ९ (२) (क)
३६. ऐ
३७. ऐ
३८. सरकारी मुद्दा सम्बन्धी ऐनको दफा १० (१)
३९. ऐ - १० (२)
४०. ऐ १० (३)
४१. मुलुकी ऐन अ.बं. १७२
४२. ऐ ११६ र १७२ नं
४३. ऐ १७२ (७)
४४. ऐ १७२ (५) र सरकारी मुद्दा सम्बन्धी ऐनको दफा १० (१)
४५. ऐ १७३
४६. सरकारी मुद्दा सम्बन्धी ऐनको दफा १६ (१)
४७. सरकारी मुद्दा सम्बन्धी ऐनको दफा ८
४८. ऐ -११
४९. मुलुकी ऐन ज्यान सम्बन्धीको २ नं.
५०. सरकारी मुद्दा सम्बन्धी ऐनको दफा ११ (३)
५१. सरकारी मुद्दा सम्बनधी नियमावलीको नियम ५ क.
५२. सरकारी मुद्दा सम्बन्धी ऐनको दफा ११ (५)
५३. ऐ १२ / १३
५४. सरकारी मुद्दा सम्बन्धी नियमावलीको नियम ४
५५. ऐ
५६. ऐ दफा ८
५७. ऐ दफा ९ (१)
५८. ऐ दफा ९ (२)

परिच्छेद ३

जन प्रदर्शनी र प्रहरी

२०४६ सालको जन आन्दोलन पश्चात प्रहरीको भूमिकामा व्यापक परिवर्तन आएको छ। २०४६ साल भन्दा अगाडि मूलतः पंचायती व्यवस्था जोगाउनका लागी प्रयोग भएको प्रहरी फोर्स त्यस पछाडी देशको शान्ति सुरक्षा र अपराध नियन्त्रणमा केन्द्रित हुन पुगेको छ। प्रहरीको प्रयोग कसैलाई सत्तामा राख्ने वा हटाउने कार्यमा हुने नभई जनताको जिउधनको सुरक्षा गरी जनतालाई आतंकवाट मुक्त पार्नु हो भन्ने आम विश्वास गरिन्छ। त्यसरी नै नयाँ संविधान जारी हुने अवस्थामा नै नागरिकको विचार र अभिव्यक्तिको स्वतन्त्रतालाई संविधानले नै मौलिक हकको रूपमा स्थापित गरी त्यसलाई प्रहरी लगायत कसैले पनि नियन्त्रण गर्न नसक्ने गरी व्यवस्था गरेको छ। नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२ (२) अनुसार कुनै पनि नागरिकलाई देहायको स्वतन्त्रता हुनेछ :

(क) विचार र अभिव्यक्तिको स्वतन्त्रता

(ख) विना हातहतियार शान्ति पूर्वक भेला हुने स्वतन्त्रता

(ग) संघ र संस्था खोल्ने स्वतन्त्रता

(घ) अधिराज्य भरी आवत जावत र वसोवास गर्ने स्वतन्त्रता

(ङ) कुनै पेशा रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता

नागरिकहरूमा निहित रहेका उपरोक्त स्वतन्त्रतालाई कुण्ठित हुने गरी नत कसैले कसैमाथि नियन्त्रण गर्न सक्छ नत त्यसरी नियन्त्रण गर्ने गरी कानून नै वन्न सक्छ। तर नेपाल अधिराज्यको सार्वभौमसत्ता अखण्डता विभिन्न जात-जाति वा सम्प्रदायहरूका वीचको सु-सम्वन्धमा खलल पर्ने वा राजद्रोह, गाली वेइज्जती वा अदालतको अपहेलना हुने वा अपराध गर्न दुरूत्साहन दिने, सार्वजनिक शिष्टाचार र नैतिकताको प्रतिकूल हुने विचार र अभिव्यक्तिको स्वतन्त्रताको प्रयोगमा रोक लगाउने गरी कानून वनाउन सकिन्छ।

त्यसरी नै विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता भन्नुको अर्थ नेपालको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति वा व्यवस्थामा खलल पार्नु पनि होइन यस्तो गर्ने कार्यमा रोक लगाउन सकिन्छ।

यस्तै संघसंस्था खोल्ने स्वतन्त्रताको मतलव नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात-जाति वा सम्प्रदायहरूका वीचको सुसम्वन्धमा खलल पर्ने वा हिंसात्मक कार्य गर्न दुरूत्साहन गर्ने वा सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्य समेत गर्न पाउने भन्ने हैन। त्यस्तो कार्यमा रोक लगाउन सकिन्छ। नेपालको संविधान २०१९ ले राजनैतिक उद्देश्यले संघ-संस्था खोल्न नपाउने गरी रोक लगाउदा तत्कालीन संविधानको धारा १२ क. ले राजनैतिक दल वा दलगत उद्देश्यले प्रेरित भएको संघ संगठन र संस्था खोल्न, खोलाउन वा चलाउन पाइने छैन भनी उल्लेख गरेको थियो। तर वर्तमान संविधानले त्यस्तो प्रतिवन्ध लगाएको छैन। त्यसको उल्टो नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११२ (१) ले स्पष्ट रूपमा समान राजनैतिक उद्देश्य र

कार्यक्रममा प्रतिवद्ध व्यक्तिहरूले यस संविधानको धारा १२(३) को प्रतिस्पर्धात्मक व्यवस्था (माथि उल्लेख भए वमोजिमको) को अधीनमा रही आफ्नो इच्छा अनुसार राजनैतिक संगठन वा दल खोल्न संचालन गर्न र सो उद्देश्य तथा कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नका लागी त्यसको प्रचार प्रसार गर्न गराउन र सो प्रयोजनका लागी अन्य कुनै काम गर्न सक्नेछन् भनी व्यवस्था गरेको छ। यस्तो कार्यमा प्रतिवन्ध लगाउने गरी जारी गरिएको कानून वा गरिएको कुनै व्यवस्था वा निर्णय अमान्य हुने कुराको समेत प्रत्याभूति गरेको छ। यसवाट राजनैतिक उद्देश्यबाट आयोजना गरिएको कुनै पनि जुलुस आमसभा वा अन्य कार्यक्रम जसले संविधानको धारा १२ (२) को प्रतिवन्धात्मक वाक्यांश (माथी उल्लेख गरिएको) को प्रतिकूल हुदैन भने त्यसमा रोक लगाउन सकिदैन र त्यस्तोमा प्रहरी कर्मचारीले रोक लगाउन पनि हुदैन। त्यसरी नै संविधानको धारा १२ (२) (घ) ले प्रत्याभूत गरेको आवतजावत र वसोवासको स्वतन्त्रताको अर्थ सर्वसाधरण जनताको हित वा विभिन्न जात-जाति वा सम्प्रदायहरूको वीचको सु-सम्वन्धमा खलल पर्ने कार्यमा मुनासिव प्रतिवन्ध लगाउने कानून बनाउन नपाइने भन्ने होइन। त्यसै गरी कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता छ भन्नुको मतलव सर्वसाधारण जनताको सार्वजनिक स्वास्थ वा नैतिकताको प्रतिकूल हुने कार्यमा रोक लगाउने वा कुनै खास उद्योग व्यापार वा सेवा राज्यले मात्र संचालन गर्ने वा कुनै उद्योग व्यापार पेशा वा रोजगार गर्नका लागी कुनै शर्त वा योग्यता तोक्ने गरी कानून बनाउन पनि सकिन्छ भन्ने हो।

संविधानको धारा १२ को उपधारा २ ले प्रत्याभूत गरेको स्वतन्त्रताको हकको दायरा ज्यादै ठूलो छ। प्राकृतिक मानवलाई कानूनले नगर्नु भनी स्पष्ट बन्देज लगाएको विषय बाहेक अन्य कार्य गर्ने स्वतन्त्रता हुन्छ। यस अन्तर्गत प्रत्येक व्यक्तिलाई आफूलाई लागेको विचार ग्रहण गर्ने, त्यसलाई लेख रचना वा अन्य कुनै पनि माध्यमबाट अरू व्यक्तिसंग सञ्चार गर्ने, सभा जुलुस आयोजना गर्ने, कसैको पक्ष बा विपक्षमा अभिमत तयार गर्ने कार्यका लागी विभिन्न प्रक्रिया अवलम्वन गर्ने हक हुनेछ। त्यसरी नै कानून विपरित नहुने गरी कुनै पनि राजनैतिक, व्यावसायिक, सामाजिक लगायत जुनसुकै किसिमको संघ संस्था गठन गर्ने, त्यसलाई सञ्चालन गर्ने, विचारको प्रचार प्रसार गर्ने र त्यसलाई प्रचार गर्ने क्रममा विभिन्न उपाय अवलम्वन गर्ने अधिकार हुनेछ। यसै स्वतन्त्रता अन्तर्गत देश भित्र आवतजावत गर्ने, वसाई सर्ने, कुनै व्यवसाय संचालन गर्ने उद्देश्यले वसाई सर्ने, परिवारका सदस्य एकै स्थानमा रहन सक्ने, दाम्पत्य जीवन हस्तक्षेप र अवरोध विना संचालन गर्ने, ईच्छा लागेको व्यक्तिसंग पारस्परिक सहमतिले विवाह गर्ने र घर जम गर्ने आदि हक हुनेछ। कुनै पनि नागरिकलाई कानून बमोजिमको कुनै पनि पेशा, व्यवसाय संचालन गर्ने, जागीर खाने वा स्वरोजगार कार्यमा संलग्न हुने, व्यापार उद्योग संचालन गर्ने र यसका लागि आवश्यक कार्य गर्ने हक हुनेछ। यसै हक अन्तर्गत प्रत्येक नागरिकलाई निर्वाचनमा भाग लिने, मतदान गर्ने वा मत प्रयोग गर्नका लागी आवश्यक प्रचार प्रसार गर्न लगायतको हक हुनेछ।

मौलिक हकको प्रयोगमा स्वतन्त्रताको हकको स्थान उच्च छ। तर कुनै पनि व्यक्तिले आफ्नो स्वतन्त्रताको हक त्यतिसम्म प्रयोग गर्नसक्छ जहाँसम्म उसको हकको प्रयोगले अर्काको हकमा प्रतिकूल असर पर्दैन। यदि कुनै व्यक्तिले आफ्नो हकको प्रयोग गर्दा अर्को व्यक्तिको हकमा असर पर्छ वा अर्काको हक हनन हुन्छ भने त्यसमा राज्यले हस्तक्षेप गर्न सक्छ। तर यसरी गरिने हस्तक्षेप कानून अनुरूप हुनुपर्छ। अर्थात् कानूनको अधीनमा रहेर मात्र राज्यले आफ्नो काम कारवाही गर्नुपर्ने हुन्छ। प्रहरी राज्यको शान्तिसुरक्षा कायम गर्ने अंग हो। त्यसैले यस्तो अंगले कानुन बमोजिम नै आफ्नो अधिकारको प्रयोग गर्नुपर्छ। यस्तो अधिकार जुलुश वा सभामा समेत प्रयोग गर्न सकिन्छ।

कुनै पनि उद्देश्यबाट आयोजना गरिएको जुलुस आमसभा वा भिड हुलदंगामा परिणत भई सार्वजनिक शान्ति सुव्यवस्थामा असर पर्ने भयो भने त्यस्तो अवस्थामा प्रहरीले त्यसैमाथी नियन्त्रण गर्नुपर्ने हुन्छ। यस सम्बन्धमा हाम्रो देशको कानुनले निम्न व्यवस्था गरेको छ :

सार्वजनिक सभा वा जुलुसको व्यवस्था :[१]

सार्वजनिक बाटो सडक वा आवत जावत हुने स्थानमा सभा गर्ने वा जुलुस निकाल्ने सम्बन्धमा जन साधारणलाई असुविधा पर्ने वा शान्ति भंग हुने स्थिति उत्पन्न नहोस् भन्ने उद्देश्यले प्रमुख जिल्ला अधिकारी वा निजबाट त्यसकामको निमित्त अख्तियार पाएका प्रहरी अधिकृतले सभा वा जुलुसको निमित्त ठाउँ बाटो र समय तोक्न सक्ने छ।

त्यसरी तोकिएको ठाउँ बाटो र समय विपरीत भए गरेका कार्यहरू प्रमुख जिल्ला अधिकारी वा निजको अख्तियार पाएको प्रहरी अधिकृतले त्यस्तो सभा, जुलुस रोक्न वा भंग गर्न सक्नेछ। सामान्यतया जुलुस हिंड्ने समय र आमसभाको स्थान तोक्दा वा निर्धारण गर्दा आयोजकले निर्धारण गरेको बाटो स्थान र समयमा परिवर्तन गराउँदा परस्पर विरोधी विचारका जुलुस वा सभाको बाटो एउटै नपर्ने गरी तोक्नु पर्छ। यदि बाटो जुधेमा वा सभाको स्थान एउटै भएमा भिडन्त हुन सक्ने र जनधनको क्षति हुन सक्छ। यस्तोमा प्रहरीले हस्तक्षेप गर्नुपर्दा दुवै पक्षका आयोजकसँग सम्वाद गरी मात्र गर्नुपर्छ। त्यस वाहेक विना कारण प्रदर्शनमाथि हस्तक्षेप गरी उत्तेजना बढाउनु प्रहरीको दायित्व भित्र पर्दैन। यस्तो उत्तेजनालाई कम गर्न कतिपय अवस्थामा प्रहरी पछाडि हटिदिनु उपयुक्त हुन्छ।

शान्ति सुरक्षा कायम गर्ने :[२]

कुनै हिंसात्मक काम कारवाही हुने वा हुलदंगा हुने आशंका भएकोमा त्यस्तो कार्यमा रोक लगाउनका लागि आदेश दिने अधिकार प्रमुख जिल्ला अधिकारीको हुनेछ। कुनै सभा वा जुलुस र भिडले हिंसात्मक वा ध्वंसात्मक प्रवृत्ति लिई त्यसको कुनै काम कारवाहीबाट शान्ति भंग हुने संभावना देखिएमा वा त्यस्तो परिस्थिति उत्पन्न भएकोमा त्यस्तो कार्यमा रोक लगाउनका लागि प्रमुख जिल्ला अधिकारीले दिएको आदेश प्रहरी कर्मचारीले मान्नु पर्छ। यसरी रोक लगाउँदा नरोकिएकोमा प्रमुख जिल्ला अधिकारी आफैं वा आफ्नो मातहतको अधिकृतलाई पठाई सकेसम्म सम्झाई बुझाई शान्ति कायम गर्नुपर्छ। त्यसरी सम्झाउदा बुझाउदा पनि शान्ति कायम नभएमा मात्र प्रहरी कर्मचारीले बल प्रयोग गर्नुपर्ने हुन्छ। यसरी बल प्रयोग गर्दा सामान्यतया निम्न प्रक्रिया अवलम्बन गर्नु उपयुक्त हुन्छ :

लाठी चार्ज :

कुनै पनि जुलुस वा भिडले हिंसात्मक वा ध्वंसात्मक रूप लिएको छ र त्यसलाई सम्झाउदा बुझाउदा त्यस्तो भिडले त्यस्तो कार्य नरोकेको अवस्थामा मात्र लाठी चार्ज गर्नुपर्छ। लाठी चार्ज नै जुलुस वा भिड नियन्त्रण गर्न प्रयोग गरिने पहिलो कदम हो। लाठी चार्ज नगरी भिडले गरेको हिंसात्मक र ध्वंसात्मक कार्य नियन्त्रण सम्बन्धी तल लेखिएका अरू कुनै पनि कार्य गर्नुहुँदैन। त्यसरी नै स्थानीय प्रशासन ऐनको दफा ६(१)(क) ले लाठी चार्ज गर्न प्रहरीलाई दिएको अधिकारको अर्थ वा मनशाय भिडलाई तितर बितर पार्नु हो। कुनै व्यक्ति विशेषलाई लगातार लाठीले हान्नु वा गिरफ्तार भएको व्यक्तिलाई कुटपीट गरिरहनु भन्ने होइन। गिरफ्तारपछि कुटपिट भएमा त्यसलाई क्षतिपूर्ति दिनु पर्ने हुन्छ।

अश्रुग्यास :

लाठी चार्ज गर्दा पनि स्थिति शान्त भएन भने त्यस्तो अवस्थामा भिड तितरवितर पार्नका निमित्त अश्रुग्यासको प्रयोग गर्नुपर्छ। अश्रुग्यास कस्तो अवस्थामा प्रयोग गर्नुहुँदैन भन्ने सम्वन्धमा हाम्रो कानूनमा कुनै कुरा उल्लेख छैन तर अस्पताल वा यस्तै सम्वेदनशील क्षेत्र वा अत्यावश्यक रूपमा सुरक्षा गर्नु पर्ने स्थानको पहरामा कुनै व्यक्ति रहन सक्ने वा रहेको अवस्था छ भने तिनीहरूलाई असर पर्ने गरी अश्रुग्यासको प्रयोग गर्नु राम्रो होइन। त्यसरी नै लाठी चार्ज गरी सके पछि नै भिड तितर वितर भईसकेको रहेछ भने पनि त्यस्तो अवस्थामा अश्रुग्यास प्रयोग गर्नुहुँदैन।

फोहरा :

लाठीचार्ज वा अश्रुग्यासको प्रयोग गर्दा समेत पनि भिड नियन्त्रण हुन नसकेमा प्रहरीले भिड हटाउनका लागी पानीको फोहरा प्रयोग गर्नुपर्छ। पानीको फोहरावाट भिडलाई नियन्त्रण गर्ने अवस्था सृजना भएमा सो गर्नका लागी दमकल वा अन्य यस्तै वस्तुद्वारा फोहरा प्रहार गरिनु पर्छ र स्थिति नियन्त्रणमा लिनुपर्ने हुन्छ।

हवाइफायर :

शान्ति सुव्यवस्था कायम गर्नका लागी वल प्रयोग गर्दा अपनाउने विभिन्न प्रकृया मध्ये हवाई फायर पनि एक हो। हवाईफायर गर्दा त्यस्तो फायर गरिने ठाउँ भन्दा माथितिर त्यसले असर पर्नसक्ने केही छ कि छैन भनी हेर्नु पर्छ। हवाईफायर भिडलाई तर्साउन प्रयोग गरिन्छ तर त्यस्तो फायरवाट कसैको ज्यान गयो भने प्रहरी आफ्नो उद्देश्यमा असफल हुन सक्छ। त्यसैले हवाईफायर गर्दा सुन्य आकाशमा गरिनु पर्छ। सडकमा वसी हवाईफायर गर्दा कुनै घरको कोसी वा छतमा असर पर्ने वा उडिरहेको जहाजमा ठक्कर खाई दुर्घटना हुन सक्ने कुरालाई विचार गर्नुपर्छ। यसरी विचार नगरी हवाईफायर गर्दा २०४९ सालमा पाटनमा ज्ञानी शोभा भन्ने महिलाको मृत्यु हुन गएको (प्रहरीद्वारा हवाई फायरको दावी गरिएको ?) घटना हाम्रो सामु रहेको छ।

त्यसैले यसरी हवाइफायर गर्दा कुनै व्यक्तिको मृत्यु हुने वा कुनै चिजवस्तुको नोक्सान हुने वा त्यस्तो फायरवाट भिड नियन्त्रण हुनुको सट्टा त्यसवाट प्रदर्शनमा संलग्न नभएका व्यक्ति वा वस्तुलाई बढी असर पर्ने रहेछ भने त्यस्ता अवस्थामा हवाई फायर गर्नुहुँदैन।

गोलीको प्रयोग :

प्रहरी फोर्सलाई राज्य भित्र राज्यद्वाराको शान्ति सुरक्षा गर्ने अंगको रूपमा चिनिन्छ। यस्तो फोर्सले शान्ति सुरक्षा गर्ने राज्यको उद्देश्य माथि नै प्रश्न चिन्ह लाग्ने कार्य गर्नु हुँदैन। त्यसले राज्य वा सरकारले शान्ति सुव्यवस्था कायम गर्न सक्छ वा सक्दैन भनी हेर्ने र शान्ति सुरक्षाका लागि राज्यको भूमिका कस्तो हुने भनी हेर्ने जनताले प्रहरीलाई नै हेर्ने गरेका छन्। जनताले प्रहरी प्रति हेर्ने दृष्टिकोण उसको शान्ति सुरक्षा कायम गर्ने गराउने कार्यमा रहेको भूमिकालाई हेरेर नै मूल्याकंन गर्ने गर्दैछन्। र त्यसमा पनि शान्ति सुरक्षा कायम गर्ने नाममा गोलीको प्रयोग कति भयो भन्ने कुरालाई विचार गर्ने गरिन्छ।

प्रहरीद्वारा जुलुस वा सभामाथि नियन्त्रण गर्ने नाममा हुने गोली प्रहारवाट कुनै व्यक्ति वा नागरिकको मृत्यु भएमा जनताले त्यसलाई राज्य नियन्त्रित अपराधको रूपमा लिने गरेको छन्। र यस प्रति राज्य वा सरकारलाई उत्तरदायी ठान्दछन्।

वहुदलीय व्यवस्था आउनुभन्दा अगाडि प्रहरीलाई जनताले पंचायती व्यवस्थाको रक्षक भनी

मूल्याकंन गरेको कुरामा दुइमत छैन। त्यस पछि गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री हुनु भएको समयमा राज्यको नियन्त्रण र आदेशमा प्रहरीद्वारा ५० जना भन्दा बढी जनताको गोली प्रहार र प्रहरी हिरासतमा मृत्यु भएपछि प्रहरीलाई जनताले आतंक सृजना गर्ने राज्यको औजारको रूपमा हेर्ने गरेको पाइन्थ्यो। त्यसपछि नेकपा एमालेका अध्यक्ष मनमोहन अधिकारीको नेतृत्वमा सरकार भएको अवस्थामा सरकारको आदेशमा र विशेषगरी जुलुस प्रदर्शनीमा कुनै पनि व्यक्ति प्रहरीको गोलीबाट मारिएनन् र त्यस बखत जन प्रदर्शनमा गोलिप्रहार हुँदै भएन। त्यसपछि प्रहरी जनताको शान्ति सुरक्षा गर्ने काममा समेत संलग्न हुन सक्दा रहेछन् भनी जनताले विश्वास गर्ने आधारको सृजना भयो।

श्री शेरबहादुर देउवाको नेतृत्वमा गठन भएको संयुक्त सरकारको समयमा देशको केही भागमा आतंककारी दमनका नाममा प्रहरीद्वारा गोली प्रहार गरी जनताको हत्या गर्ने यातना दिने आदि क्रियाकलाप बढेको हुनाले जनताले प्रहरीप्रति हेर्ने सकारात्मक दृष्टिकोणमा क्रमश कमी आउन थालेको पाइन्छ। यी अनुभव र व्यवहारलाई हेर्दा प्रहरीले शान्ति सुव्यवस्था कायम गर्ने नाममा गोली चलाउनु भन्दा अगाडि अन्य प्रक्रिया नै अवलम्बन गर्नु पर्ने देखिन्छ। त्यसरी नै जनआन्दोलन भन्दा अगाडि र त्यस भन्दा पछाडि भएका कतिपय गोली काण्ड र प्रहरी र प्रर्दशनकारी बीचको भिडन्तलाई हेर्दा त्यस्तो भिडन्त हुनुमा कतिपय अवस्थामा प्रहरीको उपस्थिति नै जिम्मेवार रहेको पाइन्छ।

कुनै जुलुस आफ्नो निर्दिष्ट बाटोमा गइरहेको छ, त्यस बाटोबाट जुलुस जान रोक्नु पर्ने कुनै कारण पनि छैन तर प्रहरीले जुलुस रोक्न प्रयास गरेको कारणबाट भिडन्त भएको पाइन्छ। कतिपय अवस्थामा जुलुस वा सभा आफूसंग असहमति राख्ने राजनैतिक दलले आयोजना गरेकोमा सरकारको कथित आदेश पालना गर्दै प्रहरीद्वारा भएको हस्तक्षेपका कारणबाट भिडन्त हुन पुगेको पनि छ। यस्तो भएको हुनाले जुन अवस्थामा प्रहरीहरूले आफ्नो उपस्थिति हुँदा चाही भिडन्त बढ्ने देखिन्छ त्यस्तो अवस्थामा भने त्यस्तो स्थान भन्दा टाढै रहनु पर्छ। यदि प्रहरी उपस्थित नभएमा मात्र ढुंगामुढा हुने भएमा वा कुनै दुर्घटना हुने भएमा मात्र त्यस्तो भिड माथि नियन्त्रण वा काबु राख्ने प्रयास गर्नु पर्ने हुन्छ।

माथि उल्लेख गरिए बमोजिम हुलदंगा नियन्त्रण नभई शान्ति सुरक्षा कायम गर्नका लागि गोली चलाउनु पर्ने बाहेक अन्य कुनै उपाय छैन भने त्यस्तो अवस्थामा गोली चलाउनु भन्दा अगाडि प्रहरी कर्मचारीले भिडलाई हट्दैनौं भने गोली चलाईने छ भनी स्पष्टसंग भिडले बुझ्ने गरी चेतावनी दिनुपर्छ। यस्तो चेतावनी माइक मार्फत दिनु राम्रो हुन्छ। चेतावनी दिंदा भिड वरपर रहेका सर्वसाधरण व्यक्ति वा घरको कोठा चोटा कोसीका मानिसहरूले हेरेकोमा तिनीहरूलाई समेत हट्न जनाउ दिनु पर्छ। यसरी भन्दा समेत भिड हटेन भने त्यस्तो अवस्थामा घुडा मुनी गोली चलाउनु सकिन्छ। यसरी घुडा मुनी गोली चलाउदा समेत मानिस भागिरहेको छ भने त्यस्ता व्यक्ति माथि गोली प्रहार गर्नु हुँदैन। किनकि यस्ता अवस्थामा प्रहरी गोली चलाउनु अगाडि नै आफ्नो उद्देश्य सफल भइसकेको हुन्छ।

प्रहरीले दंगा नियन्त्रण क्रममा गोली प्रयोग गर्नुको अर्थको कुनै निश्चित व्यक्ति वा कुनै व्यक्तिलाई मार्ने पर्ने भन्ने होइन। यो त दंगा वा भिड भएको स्थान वा भिड नियन्त्रणका लागि प्रयोग गरिने एउटा प्रक्रिया मात्र हो। यसो गर्दा सकभर मानिस नमर्ने किसिमबाट गोली चलाउनु पर्ने हुन्छ। कानूनमा घुडामुनी गोली चलाउनु पर्छ भन्नुको अर्थ भिडमा गोली चलाई कुनै प्रर्दशनकारीलाई मार्नुपर्छ भनेको होइन। त्यसैले जुलुस भिडमाथि गोली चलाउँदा सकभर अन्य देशमा जस्तै रबरको गोली प्रयोग गरिनु पर्छ ता कि त्यसको प्रहारबाट कुनै व्यक्ति नमारियून् र प्रहरी

शान्ति स्थापना कार्यमा समेत सफल रहोस्।

गोली चलाउन र शान्ति कायम गर्न अनुमति लिनु पर्ने :[३]

प्रहरी कर्मचारीले गोली चलाउन वा गोली चलाउने आदेश दिनु भन्दा अगाडि प्रमुख जिल्ला अधिकारीबाट माथि लेखिए वमोजिम गोली चलाउनका लागि आदेश लेखाई सहीछाप गराई लिनु पर्छ। यस वाहेक अन्य किसिमले जिल्लामा शान्ति सुरक्षा कायम गर्न समयले भ्याएसम्म लिखित र नभ्याएमा मात्र मौखिक आदेश प्रमुख जिल्ला अधिकारीवाट प्रहरी कर्मचारीले लिई राख्नु पर्छ। मौखिक आदेश लिइएकोमा चौविस घण्टा भित्र सो आदेशलाई लिखित समर्थन प्राप्त गरिसक्नु पर्नेछ। जिल्लाको क्षेत्र भित्र प्रहरीले शान्ति सुरक्षा कायम गर्नका लागी प्रमुख जिल्ला अधिकारीको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रही काम गर्नु प्रहरी कर्मचारीको दायित्व हुनेछ।

कर्फ्यू को आदेश :[४]

कुनै ठाउँमा आन्दोलन वा हुलदंगा भई शान्ति भंग हुन जाने देखिएकोमा परिस्थिति विचार गरी आवश्यक भएमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो स्थानमा सीमा तोकी सो ठाउँमा कसैले आवत जावत, भेला हुन र कर्फ्यू आदेशद्वारा तोकिएको अन्य कुनै कार्य गर्न नपाउने गरी कर्फ्यू आदेश जारी गर्न सक्नेछ। त्यसरी कर्फ्यूको आदेश दिदा प्रमुख जिल्ला अधिकारीले सो आदेश, कर्फ्यू लाग्ने क्षेत्र र सो वरिपरीका क्षेत्रका सर्वसाधारण जनताको जानकारीका लागि प्रचार गर्नु पर्दछ।

यसरी कर्फ्यू आदेश जारी भए पछि कर्फ्यू लागी निषेध गरिएको स्थान र समय भित्र प्रमुख जिल्ला अधिकारीवाट गोप्य संकेत लिएको इजाजत प्राप्त व्यक्ति वाहेक अरू कसैले आवत जावात गर्न हुदैन। त्यस्तो आदेशको उल्लंघन गर्ने व्यक्तिलाई प्रहरीले गिरफ्तार गरी प्रमुख जिल्ला अधिकारी समक्ष पेश गर्नुपर्नेछ।

त्यसरी नै कर्फ्यूको आदेश दिंदा नै प्रमुख जिल्ला अधिकारीले कर्फ्यूको स्थितिलाई नियन्त्रणमा लिन खोज्ने वा कर्फ्यू तोड्ने व्यक्ति वा समूहलाई गोली चलाउने अधिकार प्रहरीलाई दिएको रहेछ भने त्यस्तो अवस्थामा पनि प्रहरीले स्थिति अनुसार माथि लेखिए झैं लाठी चार्ज, अश्रुग्यास, फोहरा र हवाईफायर गर्नुपर्छ। त्यस पछि पनि स्थिति नियन्त्रणमा आएन भने मात्र चेतावानी दिई गोली चलाउन हुन्छ।

यदि हिंसात्मक प्रवृति देखाई कर्फ्यू तोडिएको अवस्थामा छ भने त्यस्तो अवस्थामा प्रमुख जिल्ला अधिकारीले त्यस्तो व्यक्ति वा समूहलाई देख्ने बित्तिकै गोली हान्न सक्ने गरी प्रहरी कर्मचारीलाई आदेश दिन सक्ने छ तर प्रहरीले आफ्नो हातमा यस्तो आदेश छ भन्दैमा अन्य तरिकावाट नै त्यस्तो व्यक्ति वा समूह माथि नियन्त्रण गर्न सक्ने अवस्था देखिएकोमा गोली चलाउनु हुँदैन।

दंगा क्षेत्रको घोषणा :[५]

कुनै क्षेत्रमा जुलुस, भिड वा संगठित समूहले हात हतियार समेत लिई वा नलिई लुटपीट गर्ने घर वा पसलमा आगो लगाउने, सार्वजनिक सम्पति तोडफोड गर्ने जस्ता हिंसात्मक वा विध्वंसात्मक काम गर्ने स्थिति देखिएमा र यसको रोकथाम सामान्य प्रहरी कारवाहीवाट हुन सक्दैन भन्ने लागेमा प्रमुख जिल्ला अधिकारीले उक्त क्षेत्रलाई दंगाग्रस्त क्षेत्र घोषित गर्न सक्ने छ। यसरी दंगा ग्रस्त क्षेत्र घोषित गरे पछि सो क्षेत्रको शान्ति सुव्यवस्था कायम गर्नका लागी निम्न लिखित कुनै वा सबै कार्य गर्न सक्नेछ :

(क) त्यस्तो क्षेत्रमा शंकास्पद व्यक्तिलाई प्रक्राउ पूर्जी विना पंक्राउ गर्ने र सार्वजनिक सुरक्षा ऐन २०४६ बमोजिम नजरबन्दमा राख्ने।

(ख) त्यस्तो क्षेत्रमा लुटपाट गर्ने तथा घर वा पसलमा आगो लगाउने सार्वजनिक सम्पति तोडफोड गर्ने वा अन्य किसिमका हिंसात्मक वा विध्वंसात्मक कार्य गर्ने व्यक्तिलाई देख्ने वित्तिकै गोली प्रहार गर्ने।

(ग) त्यस्तो क्षेत्रमा कुनै प्रकारको भेला जुलुस सभा बैठक वा प्रदर्शन वा पोष्टर वा पर्चा जस्ता प्रचार समाग्री टाँस्न वा लेख्न निशेध गर्ने।

(घ) त्यस्तो क्षेत्रमा अत्यावश्यक वस्तुको आपूर्तिको व्यवस्था मिलाउने र त्यस्ता वस्तुहरूको परिवहन, संचय, विक्री वितरणमा नियन्त्रण गर्ने

(ङ) त्यस्तो क्षेत्रमा शिक्षण संस्था लगायत अन्य कुनै संस्था मनोरञ्जन केन्द्र वा कार्यालय बन्द गराउने।

(च) त्यस्तो क्षेत्रमा आवश्यक सेवा संचालन ऐन २०१४ बमोजिम कुनै आवश्यक सेवामा हडताल गर्न निषेध गर्ने,

(छ) त्यस्तो क्षेत्रमा पाँचजना वा सो भन्दा वढी व्यक्तिहरू जम्मा हुन निषेध गर्ने,

(ज) आवश्यक भएमा कर्फ्यू लगाउने,

(झ) आवश्यक परेमा सेनाको सहयोग लिने

प्रमुख जिल्ला अधिकारीले उल्लेखित कार्य गर्दा प्रहरी कर्मचारीको सहयोग लिएर मात्र गर्ने भएकोले त्यस्तो कार्यको प्रयोग गर्ने जिम्मेवारी प्रहरीको नै हुन्छ। त्यसो भएको हुनाले प्रहरी कर्मचारीलाई उल्लेखित विषयमा जानकारी हुन आवश्यक छ। त्यस्तै दंगाग्रस्त क्षेत्रमा अवैध हात हतियार एवं खरखजाना राखेको छ भन्ने शंका लागेमा प्रमुख जिल्ला अधिकारीको आदेशमा त्यस्तो क्षेत्रमा जुनसुकै व्यक्तिको घर पसल कम्पाउण्ड वा गोदाम आदिमा प्रहरी कर्मचारीले खानतलासी गर्न सक्ने छ।

दङ्गा ग्रस्त क्षेत्र घोषित गर्दा प्रमुख जिल्ला अधिकारीले एक पटकमा वढीमा एक महिनासम्मका लागी घोषणा गर्न सक्ने र उक्त अवधि गृह मन्त्रालयको स्वीकृति लिई थप तीन महिनासम्म वढाउन सकिने छ। दंगा क्षेत्रको घोषणा र कर्फ्यूमा केही भिन्नता रहेको देखिन्छ। दंगा क्षेत्रको घोषणा गर्दा जनजीवनमा प्रभाव पार्ने भएता पनि सामान्य रूपमा हिडडुल गर्न र निषेधित कार्य वाहेक अन्य कुनै पनि कार्य गर्न सकिने हुन्छ भने कर्फ्यू आदेश भएकोमा अनुमति प्राप्त व्यक्ति वाहेक अरू सबैलाई हिडडुल लगायत सामान्य कार्य गर्न समेत निषेध गर्न सकिन्छ।

■

---

१. प्रहरी ऐन २०१२ को दफा १९
२. स्थानीय प्रशासन ऐन २०२८ को दफा ६
३. स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ (ख) (घ)
४. ऐ ६ क.
५. ऐ ६ ख.

परिच्छेद ४

यातना र क्षतिपूर्ती सम्बन्धमा

संसारको उत्पति र मानव विकासको क्रम संगसंगै समाजमा अपराध प्रवृतिको समेत जन्म भयो। आदिम समाजमा अपराध गर्ने व्यक्ति पत्ता लागी हालेमा निजलाई शारीरिक कष्ट हुने प्रकारको दण्ड दिइन्थ्यो। जुन कुरा हाम्रो पौराणिक ग्रन्थ तथा कथा मार्फत समेत हामीले थाहा पाईरहेकै छौं। मृत्यु दण्ड, अंगभंग गर्नु, खोप्नु, वाघको खोरमा हाल्नु, हातखुट्टा वाँधेर छालाकाड्नु र नुनचुक दल्नु, ढुङ्गाले हानेर मार्नु, झुण्ड्याउनु, घोपी घोपी मार्नु, जिउमा खुदो दलेर हात खुट्टा बाँधी दिन दिनै घाममा राख्नु जस्ता सजाय गर्ने कानूनी व्यवस्था २०२० सालसम्म कायम रहेको मुलुकी ऐनमा थियो। मृत्यु दण्ड दिने व्यवस्था त वर्तमान संविधानले प्रतिवन्ध लगाए पनि हालसम्मलाई पनि थुप्रै कानूनमा यो कायम नै देखिन्छ।

उल्लेखित व्यवस्था त सजायसंग सम्वन्धित हुन। त्यस्तो सजाय दोषी प्रमाणित भइसके पछि दिने गरिन्थ्यो। तर कुनै अपराधमा त अपराध कसले गऱ्यो भन्ने कुरा पत्ता लाग्न सक्ने अवस्था नभएमा अपराधी पत्ता लगाउने एउटै उपाय हो शंकास्पद व्यक्ति माथी शारीरिक यातना दिई साविती गराउनु। त्यस वखत अनुसन्धानको अन्य प्रक्रिया शुरू नभएको अवस्थामा र निरंकुश शासनले दोषी भनी ठानेको व्यक्तिमाथि त्यस्तो यातना दिइ सावित गराउनु त्यस वखतको लागी वाध्यता थियो होला। तर आजको वैज्ञानिक अनुसन्धान पद्दति अवलम्वन गर्नुपर्ने समयमा पनि शारीरिक यातना दिई सावित गराउनु निरंकुशतालाई पुनर्जन्म दिनु हो। एक जना मात्र संलग्न भएको अपराधमा शंकास्पद भनी फरक-फरक ५-७ जना व्यक्तिलाई गिरफ्तार गरी लगातार शारीरिक यातना दिने हो भने सबैले नै उक्त अपराध आफूले गरेको हुँ भनी सावित हुन सक्छ। तर के उनीहरू सावित हुँदैमा वास्तविक अपराधी पत्ता लाग्छ त ? लाग्दैन। त्यसैले यातनालाई अनुसन्धानको एउटा अचुक उपायको रूपमा प्रयोग गर्नु मानवता विरूद्धको कार्वाही हो भन्नु अत्युक्ति नहोला।

नेपालको इतिहासलाई हेर्दा जवदेखि एकीकरण प्रक्रियाको शुरूवात भयो त्यस बखतदेखि राणा शासनको अभ्युदय नभएसम्म नेपाल राज्य विरूद्ध धेरैतिरबाट खतरा उत्पन्न भइरहेको हुनाले न्याय प्रणालीको छुट्टै पहिचान कायम गराउन सकेन। त्यस बखत परम्परागत धर्मशास्त्रका आधारमा अपराध अनुसन्धान र सजाय गरिन्थ्यो। वि.सं.१९०३ मा राणा शासनको शुरू भएपछि वि.सं.१९१० मा सर्वप्रथम नेपालमा मुलुकी ऐनको तर्जुमा गरी त्यसको आधारमा न्याय प्रणाली सुधार गर्ने प्रयत्न गरियो। तर त्यस ऐनको व्यवस्थामा पनि परम्परागत धर्मशास्त्रमा आधारित भएका र व्यवहारमा समेत शारीरिक र मानसिक यातनालाई नै अपराध अनुसन्धान गर्ने र दोषी प्रमाणित भएपछि कारवाही गर्ने माध्यमको रूपमा प्रयोग गरियो।

राणाकाल र २०१७ साल पछिको पञ्चायती व्यवस्थामा शारीरिक यातना र मानसिक यातनाको प्रयोग अपराध अनुसन्धानका अतिरिक्त विपक्षी राजनीतिमा संलग्न हुने वा व्यवस्था विरोधी भनिएका व्यक्तिको विरूद्ध प्रयोग भएको पाइन्छ। यसरी शारीरिक यातनाका कारण त्यस वखत थुप्रै व्यक्ति जेल, जुलुसमा तथा हिरासतमा मारिएका थिए।

२०४६ सालको जन आन्दोलनको क्रममा पञ्चायती व्यवस्थालाई टिकाउनका लागि जुलुस तथा सभा विथोल्न वा त्यसमा सहभागी भएका व्यक्तिलाई आन्दोलनमा नलागुन् भनी आन्दोलनकारीलाई व्यापक शारीरिक यातना दिइएको थियो। त्यसैले जन आन्दोलन पश्चात बनेको नेपाल अधिराज्यको संविधान २०४७को धारा १४(४) ले फौजदारी न्याय सम्बन्धी हकका रूपमा शारीरिक र मानसिक यातना विरूद्धको हकलाई समेत मौलिक हकको रूपमा स्वीकार गऱ्यो।

हुनत त्यसभन्दा अगाडि २०३१ सालमा जारी भएका प्रमाण ऐन २०३१ को दफा ९ को उपदफा २ (क) को खण्ड २ र ३ ले शारीरिक र मानसिक यातना दिई गरिएको कुनै साबितीलाई प्रमाणमा ग्राह्य नहुने व्यवस्था गरी यातना दिई गराइएको साबिती कुनै व्यक्तिको विरूद्ध प्रमाणमा लाग्न नसक्ने व्यवस्था गरी केही हदसम्म शारीरिक र मानसिक यातनालाई अनुसन्धानको माध्यम बनाउन नहुने कुराको संकेत गरेको थियो। तर उक्त ऐनमा यातना दिन नहुने कुरा उल्लेख भए पनि दिएमा पीडित व्यक्तिले त्यस कार्य विरूद्ध के गर्न सक्छ भन्ने कुरा स्पष्ट थिएन। त्यसैले संविधान निर्माणको क्रममा यातना विरूद्धको हकलाई संवैधानिक मान्यता दिनु पर्ने माग व्यापक रूपमा आएकोले उक्त हकलाई संविधानले मौलिक हकको रूपमा व्यवस्था गऱ्यो।

संविधानको धारा १४(४) ले गरेको व्यवस्था अनुसार अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसंग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन भन्ने उल्लेख गरेको छ र यदि त्यस्तो गरेमा त्यस्तो गर्ने व्यक्तिलाई कानूनले निर्धारित गरे बमोजिम क्षतिपूर्ति दिइने छ भन्ने कुराको प्रत्याभूति दिएको छ।

संविधानको उल्लेखित व्यवस्था विपरीतको कार्य गरेमा वा यातना दिएमा यातना पाउने व्यक्तिले क्षतिपूर्ति पाउन सक्ने गरी ऐनको तर्जुमा भएको छ। उक्त ऐनको नाम यातना सम्बन्धी क्षतिपूर्ति ऐन २०५३ रहेको छ। यस परिच्छेदमा उक्त ऐनले गरेको व्यवस्थालाई संक्षेपमा उल्लेख गर्ने प्रयत्न गरिएको छ :

यातना भनेको के हो ?

सामान्य अर्थमा यातना भन्नाले मानिसको शारीर वा मतिष्कमा पीडा उत्पन्न हुने गरी गरिएको कुनै पनि कार्यलाई बुझाउछ। कुनै व्यक्तिलाई कुटपीट गर्नु, करेन्ट लगाउनु, शरीरमा अंगको कुनै पनि भाग पोल्नु, खोप्नु, काट्नु, झुड्याउनु खान र पिउन नदिनु, गोलघरमा राख्नु, नेल हतकडी लगाइ राख्नु, जन्जीर ठोक्नु आदि शारीरिक यातना भित्र पर्दछन्। त्यसरी नै कुनै व्यक्तिलाई एक्लै धेरै दिनसम्म छुट्टै कोठामा राख्नु, कुनै व्यक्तिको अगाडि निजको आत्मीय सम्बन्ध भएको कुनै व्यक्तिलाई कुटपीट गरी निजलाई पीडा दिनु, उसको परिवार वा अरू कुनै व्यक्तिलाई उसको अगाडि नै उसको चित्त नबुझ्ने कुनै कार्य गर्न बाध्य पारिनु, निज वा निजको परिवार वा कसैलाई मार्ने वा अन्य कुनै धम्की दिनु आदि मानसिक यातनाको रूपमा लिन सकिने उदाहरणहरू हुन्।

त्यस्तै कुनै व्यक्तिलाई गाली गर्नु वा निजसंग सम्बन्धित कुनै व्यक्तिलाई अन्य व्यक्तिका अगाडि अपमान गर्नु, निजको खाने कुरामा अखाद्य वस्तु मिसाउनु, थुनामा रहेको अवस्थामा दिसा पिसाब गर्ने अनुकूल व्यवस्था नगर्नु, गन्हाउने ठाउँ वा जुम्रा उपिया वा अन्य त्यस्तै परजीवी भएको स्थानमा राख्नु, जाडो महिनामा चिसो छिडीमा सुत्न लगाउनु, लामखुट्टे लाग्ने गर्मी समयमा पङ्खा र झुलको व्यवस्था नहुनु आदि निर्मम अमानवीय र अपमान जनक व्यवहारका रूपमा लिने गरिन्छ।

यातना सम्वन्धी क्षतिपूर्ति ऐनले गरेको परिभाषा अनुसार यातना भन्नाले अनुसन्धान तहकिकात वा पुर्पक्षको, सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई दिइएको शारीरिक र मानसिक यातना सम्झनु पर्छ र सो शव्दले निजसंग गरिएको निर्मम अमानवीय वा अपमान जनक व्यवहारलाई जनाउछ भन्ने व्यवस्था गरिएको छ।[1] त्यसरी नै व्यक्ति थुनामा रहेको कारणबाट स्वभावतः हुने कष्टलाई यातना नमानिने व्यवस्था गरिएको छ।[2]

यातना दिन नहुने :[3]

अनुसन्धान तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई यातना दिनु हुँदैन। ऐनमा प्रयोग भएको थुनामा भन्ने शव्दले हिरासतमा रहेको अवस्थालाई समेत जनाउँछ भन्ने व्यवस्था गरेको छ। संविधान र उक्त ऐनमा प्रयोग भएको थुना शव्द भित्र के के पर्छ त ? भनी हेर्दा यहाँ प्रयोग भएको थुना शव्दको अर्थ व्यापक रहेको पाइन्छ। सामान्यतया यस शव्दभित्र निम्न लिखित अवस्था पर्न सक्छन् :

(क) अनुसन्धान वा तहकिकातको अवस्था :

"थुना" भनेको कुनै व्यक्तिलाई स्वतन्त्रताको हक प्रयोग गर्न वाट रोक लागाइएको अवस्था हो। अर्थात राज्य र राज्यका प्रहरीले कुनै व्यक्ति माथी जुनसुकै तरिकावाट गरिएको नियन्त्रण हो। तहकिकात वा अनुसन्धानको क्रममा कुनै प्रहरी वा राज्य यन्त्रद्वारा कुनै व्यक्तिलाई प्रहरी हिरासत वा जेलमा नलगी कुनै व्यक्ति माथि निगरानी राख्वेर वा अन्यत्र राख्वेर पनि अनुसन्धान गर्न सक्छ। यसरी अनुसन्धानका क्रममा कुनै व्यक्ति माथि गरिएको नियन्त्रणलाई पनि थुनामा रहेको मानिनु पर्छ।

(ख) पुर्पक्षको सिलसिलामा :

कुनै व्यक्तिलाई दोषी हो भन्ने अभियोग लागेको छ र त्यसै आधारमा उसका विरूद्ध मुद्दा समेत चलाएको तर अदालतवाट दोषी प्रमाणित भै सकेको छैन भने त्यस्ता व्यक्तिलाई पुर्पक्षमा रहेको व्यक्ति भन्ने बुझिन्छ। यस्ता व्यक्तिहरू अदालतको आदेशले कारागारमा राखिन्छ। यसरी राखिएका व्यक्तिलाई सामान्यता थुनामा रहेको व्यक्ति भनिन्छ।

(ग) हिरासतमा रहेको :

हिरासत भन्नाले अनुसन्धान वा तहकिकातको क्रममा अप्रत्यक्ष नियन्त्रण नभई प्रत्यक्ष रूपमा प्रहरी वा अन्य अधिकारीद्वारा आफ्नो जिम्मामा लिएको तर अदालतमा निजका विरूद्ध अभियोग दर्ता भइ नसकेको अवधिलाई बुझिन्छ। कतिपय अवस्थामा प्रहरीले गिरफ्तार गरी कुनै अभियोग नलगाई आफ्नो कब्जामा लिने, कब्जामा लिए पनि मुद्दा नचलाएको अवस्था भए त्यसलाई समेत हिरासतमा रहेको मानिन्छ। जस्तै प्रहरीले कुनै व्यक्तिलाई गिरफ्तार गर्नु, निजलाई प्रहरी कार्यालयमा वा खोरमा राख्नु वा त्यसरी राख्नका लागि ल्याउने वाटोको अवधि आदि प्रहरीको प्रत्यक्ष नियन्त्रणमा रहेको समयलाई समेत हिरासतमा रहेको अवधि मानिन्छ।

त्यसरै नै हिरासत शव्द भित्र प्रहरीद्वारा वा राज्य यन्त्रद्वारा कुनै पनि व्यक्तिलाई गरिएको कुनै पनि प्रकारको नियन्त्रण समेतलाई जनाउँछ। हिरासत शव्दको अंग्रेजी अर्थ Costudy हो र त्यसको नेपालीमा अर्को अर्थ कब्जा वा नियन्त्रणमा राख्नु हो। अर्थात् हिरासत शव्द भित्र कब्जा

वा नियन्त्रण समेत पर्छ। कुनै व्यक्तिलाई प्रहरी वा राज्य यन्त्रद्वारा वाटो वा घर वा कुनै सार्वजनिक स्थान आदिमा घेरावन्दी गर्नु वा नियन्त्रणमा राख्नु समेत थुना शब्दको परिभाषा भित्र पर्ने देखिन्छ। यसबाट प्रहरीले जुलुस वा सभालाई घेरामा पारी कुटपीट गर्नु र यातना दिने कार्य गरेमा सो समेत हिरासत भित्र पर्ने नै देखिन्छ। यसबाट घेरा वा नियन्त्रणमा पारी कुनै पनि स्थानमा कसैलाई यातना दिन सकिने देखिंदैन।

कैदमा रहेको :

हाम्रो कानूनमा थुना र कैद भन्ने शब्द पृथक रूपमा प्रयोग हुने गरेको छ। संविधानको धारा १४ (४) र यातना सम्बन्धी क्षतिपूर्ति ऐन २०५३ को दफा २ र ३ (१) को व्यवस्था लाई हेर्दा थुना शब्द भित्र कैद समेत पर्ने देखिन्छ। एउटै कारागारभित्र रहेको कुनै व्यक्ति थुनुवा भएमा निजलाई यातना दिन नमिल्ने र कैदी भएमा यातना दिन मिल्ने भनी अर्थ गर्ने हो भने संविधानको धारा ११ संग उक्त अर्थ र तर्क वाझिन्छ। त्यसैले कुनै व्यक्ति कैदमा परेकोमा यातना सम्वन्धी ऐनको सन्दर्भमा त्यसलाई समेत थुनामा रहेको अवधि मानिने छ। यस सम्वन्धमा उल्लेख गर्दा कारागार ऐनमा रहेको नेल, हतकडी र जन्जीर लगाएर कारागारमा र गोलघरमा राखिने भन्ने व्यवस्था संविधानको धारा १४(३) संग वाझिने देखिन्छ।

शारीरिक जाँच गर्नुपर्ने :[४]

कुनै पनि व्यक्तिलाई थुनामा राख्दा वा छोड्दा संभव भएसम्म सरकारी सेवामा रहेको चिकित्सक र चिकित्सक उपलव्ध हुन नसकेको अवस्थामा सम्वन्धित अधिकारी आफैंले निजको शारीरिक स्थितिको जाँच गरी वा गराई सो को अभिलेख खडा गरी राख्नु पर्नेछ। यस्तो जाँच गर्ने कार्य डाक्टर, कविराज, हेल्थ असिष्टेण्ट अ.हे.व. वा वैद्य समेतले गर्न सक्ने छ। यसरी शारीरिक वा मानसिक स्थितिको जाँच सम्वन्धी प्रतिवेदनको एकप्रति सम्वन्धित जिल्ला अदालतमा पठाउनु पर्नेछ।

क्षतिपूर्ति दिइने :[५]

श्री ५ को सरकारको कुनै कर्मचारीले कुनै व्यक्तिलाई माथि उल्लेख भएको कुनै पनि अवस्थामा कुनै पनि प्रकारको यातना दिइएमा त्यस्ता व्यक्तिले क्षतिपूर्ति प्राप्त गर्नेछ। त्यस्तो यातना श्री ५ को सरकारका कुनै पनि कर्मचारी वाहेक गैह्र व्यक्तिले दिएकोमा भने उक्त ऐन बमोमिज क्षतिपूर्ति नपाउने देखिन्छ। ऐनमा प्रयोग भएको कुनै पनि कर्मचारी भन्ने वाक्यांशभित्र प्रहरी कर्मचारी समेत पर्दछन्। यदि प्रहरी कर्मचारी वा कुनै सरकारी कर्मचारीले हिरासत वा थुनामा रहेको कुनै व्यक्तिलाई यातना दिएको ठहरेमा सो वापत क्षतिपूर्ति दिने दायित्व श्री ५ को सरकारको हुने व्यवस्था गरिएको छ।

क्षतिपूर्ति रकमको निधारण :[६]

कुनै व्यक्तिलाई प्रहरी वा श्री ५ को सरकारको कुनै कर्मचारीले यातना दिएको भन्ने कुरा सम्वन्धित जिल्ला अदालतले ठहर गरेमा सम्बन्धित पीडित व्यक्तिलाई जिल्ला अदालतले वढीमा एक लाख रूपयाँ क्षतिपूर्ति वापत भराई दिने व्यवस्था छ। जिल्ला अदालतले क्षतिपूर्ति रकमको निर्धारण गर्दा निम्न लिखित कुराहरूलाई ध्यानमा राखी निर्धारण गर्नुपर्छ :

(क) पीडित व्यक्तिलाई पर्न गएको शारीरिक वा मानसिक कष्ट वा पीडा र त्यसको गम्भीरता

(ख) शारीरिक वा मानसिक क्षतिको कारण पीडित व्यक्तिको आय आर्जन गर्ने क्षमतामा हुन गएको ह्रास।

(ग) उपचार हुन नसक्ने किसिमको शारीरिक वा मानसिक क्षति पुगेमा पीडित व्यक्तिको उमेर र निजको पारिवारिक वा दाम्पत्य जीवनमा परेको असर।

(घ) उपचार हुन सक्ने किसिमको क्षति भएकोमा उपचार गराउन लाग्ने अनुमानित खर्च।

(ङ) यातनाको कारणबाट पीडित व्यक्तिको मृत्यु भएकोमा निजको आम्दानीमा आश्रित निजको पारिवारका सदस्यहरूको संख्या र तिनीहरूको जीवीकोपार्जनको निमित्त आवश्यक पर्ने न्यूनतम खर्च।

(च) पीडित व्यक्तिले दावी गरेका कुराहरू मध्ये उचित र उपयुक्त देखिएका कुराहरू।

ऐनमा उल्लेखित उक्त प्रावधानबाट यातनाको प्रभाव जति गम्भीर छ त्यतिनै अनुपातमा क्षतिपूर्तिको मात्रा ,बढ्ने देखिन्छ। यदि कुनै व्यक्तिको यातनाका कारणबाट उपचार हुनै नसक्ने भएमा वा यातनाकै कारण उसको आर्जन क्षमतामा ह्रास भएमा उसले बढी क्षतिपूर्ति पाउने छ।

यसरी नै यातनाको कारणबाट कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने त्यस्तो व्यक्तिको आम्दानीमा आश्रित परिवारको संख्या र उनीहरूको जीविकोपार्जनको निमित्त आवश्यक पर्ने न्यूनतम खर्च समेत व्यहोर्ने व्यवस्थाबाट यस अगाडि हिरासत र थुनामा राखिएका व्यक्तिहरूको यातनाका कारणले अंगभंग भएको र अंग पीडा गराउने मात्र हैन हिरासत र थुनामै मानिस मार्ने गरिएको अमानवीय यथार्थलाई ऐनले नै स्वीकार गरेको देखिन्छ।

ऐनले वर्तमान समयको लागि क्षतिपूर्ति रकम एकलाख भन्दा बढी नहुने गरी सीमित गरेको छ जुन अपर्याप्त रहेकोमा विवाद छैन। तर यो रकमको मात्रा भन्दा मानव अधिकारका दृष्टिले यातना विरूद्धको सचेतनतामा यसले पार्ने प्रभावलाई बढी महत्व दिनु राम्रो हुन्छ।

यातना दिने उपर कारवाही :[७]

यातना दिने एउटा र क्षतिपूर्ति दिने सरकार भएको संरचनाले यातना दिने प्रवृत्तिमा कमी आउने भन्दा वृद्धि हुने खतरा विद्यमान रहन्छ। यस्तो अवस्थालाई अन्य गर्नका लागि यातना दिने व्यक्तिलाई दण्ड दिनु पर्ने हुन्छ। यस्तो दण्ड कर्मचारीका लागि विभागीय कारवाही नै हो भन्नेमा विवाद छैन। ऐन तर्जुमा गर्दा यसै कुरालाई ध्यानमा राखी यदि कुनै व्यक्तिले यातना पाएको कुरा प्रमाणित भई क्षतिपूर्ति रकम प्राप्त गरेमा जिल्ला अदालतले त्यस्तो यातना दिने सरकारी कर्मचारीलाई विभागीय कारवाही गर्न सम्बन्धित निकायलाई आदेश दिने व्यवस्था गरेको छ। यो अवस्था ऐनद्वारा नै वाध्यात्मक भएको हुनाले यातना दिएको प्रमाणित भएमा विभागीय कारवाही हुने अवस्था वाध्यान्मक रूपमा उपस्थित हुने नै देखिन्छ। यसरी नै यातना दिदा दिदै कुनै व्यक्तिको मृत्यु भएमा वा अंगभंग भएमा त्यस्तो कार्यलाई अपराध भएको मानी सम्बन्धित प्रहरी वा यातना दिने व्यक्ति उपर प्रचलित अन्य कानून बमोजिम कारवाही चलाउन समेत उक्त ऐनले वाधा दिएको देखिंदैन।

क्षतिपूर्ति प्राप्त गर्ने तरिका :

जिल्ला अदालतबाट यातना वापत क्षतिपूर्ति दिने भनी निर्णय भएकोमा त्यस्तो निर्णय अन्तिम भएको मितिले १ वर्ष भित्र पीडित व्यक्ति आफैले वा निजको मृत्यु भएकोमा निजको हकवालाले क्षतिपूर्ति रकम पाउँ भनी जिल्ला अदालतको निर्णयको प्रतिलिपी साथै राखी प्रमुख

जिल्ला अधिकारी समक्ष निवेदन दिनु पर्नेछ। यस्तो निवेदन प्राप्त भए पछि प्रमुख जिल्ला अधिकारीले निवेदकले पाउने भनी जिल्ला अदालतबाट भएको फैसला अनुसारको क्षतिपूर्ति निवेदकलाई दिनुपर्नेछ।

यातना विरुद्धको उजुरी :[८]

कुनै पनि व्यक्तिलाई श्री ५ को सरकारको कुनै कर्मचारीले वा प्रहरीले यातना दिएको रहेछ भने निजले आफूलाई यातना दिएको मितिले वा थुनामा रहेकोमा त्यसरी थुनाबाट रिहाई पाएको मितिले ३५ दिन भित्र क्षतिपूर्ति पाउ भनी जिल्ला अदालतमा निवेदन दिनुपर्नेछ।

यदि कुनै व्यक्तिको यातनाको कारण बाटै मृत्यु भइसकेको रहेछ भने वा पीडित आफै उजुर गर्न उपस्थित हुन नसक्ने भएमा त्यस्ता व्यक्तिको हकमा कारण खोली निजको परिवारको उमेर पुगेको कुनै व्यक्तिले वा उसको कानून व्यवसायीले समेत म्याद भित्र उजुरी दिन सक्ने छ। यस्तो सुविधा कुनै व्यक्तिले प्रहरी कार्यालयले उजुरी दर्ता गर्न नदिने अवस्था उत्पन्न हुने सम्भावना भएकोले त्यसको उपचारको लागि दिइएको हो। त्यसै गरी कुनै व्यक्ति यातना दिएको धेरै वर्ष पछि मात्र रिहा हुन सक्छ। यस्तो अवस्थामा उसलाई यातना दिएको प्रमाणित गर्नु ज्यादै कठिन कार्य हुन्छ र अप्रत्यक्ष रूपमा यातना दिनेले छुटकारा पाउने अवस्था सृजना हुन्छ। त्यसरी नै कुनै व्यक्ति ज्यादै यातनाका कारणले गर्दा सिकिस्त बिरामी परेर वा अंगभंग भएर वा मृत्यु नै भै सकेपछि मात्र थुनाबाट मुक्त हुन्छ। मृत्यु भएकोमा बाहेक सिकिस्त बिरामी भएर अस्पतालमै राखी उपचार गर्नुपर्ने अवस्था सृजना भएकोमा निर्नीहरूको लागि थुनाबाट मुक्त भएको ३५ दिने म्याद अपर्याप्त हुने भएको हुनाले परिवारका अन्य सदस्य वा कानून व्यवसायीले समेत यातना विरुद्धमा उजुर दिनसक्ने कानूनी व्यवस्था भएको हो। यसबाट यातना दिएमा जुनसुकै अवस्थामा पनि उजुरी पर्न सक्ने र अदालतको कठघरामा यातना दिने व्यक्ति उपस्थित हुनु पर्ने अवस्था सृजना भएको हुनाले यातना दिन नहुने रहेछ भन्ने कुरा सबैले बुझ्नु आवश्यक छ।

उजुरीमा खुलाउनु पर्ने विवरण :[९]

कुनै व्यक्तिले आफ्नो हकमा वा अरू कसैको हकमा उजुरी दिएकोमा त्यस्तो व्यक्तिलाई थुनेको कारण र थुनामा बिताएको अवधि, यातनाको विवरण र त्यसबाट पुग्न गएको क्षतिको विवरण दाबी गरेको क्षतिपूर्ति रकम र दाबी प्रमाणित गर्न सहायक हुने अरू कुनै व्यहोरा भए सो समेत खुलाउनु पर्छ। कतिपय अवस्थामा कुनै व्यक्तिलाई थुनामा राखिएकोमा त्यस्तो व्यक्तिलाई नै थुनामा किन परे भन्ने बारेमा जानकारी नहुन सक्छ र त्यस्तो जानकारी उसको परिवार वा कानून व्यवसायीलाई पनि नहुन सक्छ। त्यसरी नै थुनामै रहेको अवस्थामा कुनै व्यक्तिलाई यातना दिएको र निज थुना मुक्त भई नसकेको अवस्थामा उजुरी दिदा थुनामा बिताएको अवधि यकिन गणना नहुन सक्ने अवस्था उत्पन्न हुन्छ। यस्तो भएकोमा निवेदन दिदाको समयसम्म उसलाई थुनामा राखिएको अवधि र उसले बुझेसम्म उसलाई लागेको अभियोग खुलाउनु आवश्यक हुन्छ। यसरी दावी गर्दा यातना दिएको अवस्था झल्कने फोटो, एक्सरे प्रतिवेदन, भिडियो रेकर्ड, डाक्टरद्वारा शारीरिक जाँच गराएकोमा त्यसको प्रतिवेदन समेत खुलाउनु आवश्यक हुन्छ। तर यस्तो विवरण दिंदा निजलाई प्रहरीले दिएको यातना भन्दा बढी अतिरन्जित र काल्पनिक रूपमा पेश गर्नुहुँदैन। यातना नै नदिएको अवस्थामा यातना दिएको भनी दाबी गर्नेलाई अदालतले ५ हजारसम्म जरिवाना गर्न सक्ने हुनाले झुठा उजुरीलाई नियन्त्रण गर्ने विश्वास गरिएको छ।[१०]

शारीरिक जाँचको आदेश :[११]

जिल्ला अदालतमा कुनै पनि व्यक्तिलाई यातना दिइएको कुराको विरूद्ध निवेदन परेमा अदालतले त्यस्तो उजुरी परेको ३ दिन भित्र थुनामा रहेको व्यक्तिको शारीरिक वा मानसिक जाँच गराउन आदेश दिन सक्ने छ। यसरी जाँच गर्दा उपचार गर्नुपर्ने भएमा श्री ५ को सरकारको तर्फबाट उपचार गराउनु पर्छ। अर्थात उपचार खर्च सरकारले नै व्यहोर्नु पर्नेछ।

सरकारी वकिल मार्फत प्रतिरक्षा :[१२]

यातना दिने भन्ने कुरा संविधान र यातना सम्बन्धी क्षतिपूर्ती ऐनको विपरीतको कार्य हो भन्ने कुरामा कुनै विवाद छैन। त्यसैले यातना यो संविधान र कानूनी व्यवस्थाको अवज्ञा गरी सरकारी कर्मचारीले गर्ने राज्य विरूद्धको अपराध हो। राज्य विरूद्धको अपराधमा संलग्न कुनै पनि व्यक्तिलाई सरकारी संरक्षण प्राप्त हुनु राम्रो होइन। तर यातना सम्बन्धी क्षतिपूर्ति ऐनको दफा १० ले कुनै व्यक्तिले जिल्ला अदालतमा दायर गरेको यातना विरूद्धको निवेदनको सुनुवाईको लागि सम्बन्धित कार्यालयको प्रमुखले अनुरोध गरेमा सरकारी वकिलले त्यस्तो यातना दिने कर्मचारीको तर्फबाट अदालतमा उपस्थित भई प्रतिरक्षा गरिदिने भनी उल्लेख गरेको छ। जुन व्यवस्था राज्य विरूद्धको अपराधमा राज्यको खर्चद्वारा अपराध गर्ने व्यक्तिलाई संरक्षण प्रदान गरिए जस्तो देखिन्छ। त्यसैले यो व्यवस्था संविधानको धारा १४(३) को व्यवस्था र भाग १६ द्वारा महान्यायाधिवक्तालाई तोकिएको कर्तव्य क्षेत्रको विपरीत रहेको छ। त्यसलाई तत्काल खारेजी गरी यातना दिने व्यक्तिको तर्फवाट राज्यको अंगले प्रतिरक्षा गर्न नमिल्ने व्यवस्था गरिनु आवश्यक छ।

■

---

१. यातना सम्बन्धी क्षतिपूर्ति ऐन २०५३ को दफा २ (क)
२. ऐ ११
३. ऐ ३
४. ऐ ३
५. ऐ ४/८
६. ऐ ६/८
७. ऐ ७
८. ऐ ५
९. ऐ ५ (४)
१०. ऐ ६ (२)
११. ऐ ५(३)
१२. ऐ १०

परिच्छेद ५

कारागार व्यवस्था

कुनै पनि व्यक्तिलाई गिरफ्तार गरेपछि अदालतको आदेशद्वारा होस् वा हिरासतमा लिएको अवस्थामा मात्र होस् त्यस्ता व्यक्तिको पहराको जिम्मा प्रहरी कर्मचारीको हुने कुरामा दुईमत छैन। कुनै व्यक्ति आफूले गरेको अपराधलाई प्रायश्चित गर्न स्वयं कानूनको शरणमा आई आत्मसमर्पण गरेको कारणवाट होस् वा वलपूर्वक निजलाई कारागारमा राखिएको होस् त्यसरी राख्नुको अर्थ उनीहरूलाई दुःख दिनु होइन। उनीहरू मानव नै हुनु र मानिसले कुनै समयमा गरेको कुनै अपराध वापत उ आफैंले महशुस गरी आफ्नो वानी व्यहोरामा सुधार गर्न सक्छ। कतिपय अवस्थामा यस्तो हुन्छ जहाँ अपराध भईसके पछि नै मानिस आफ्नो गल्ती प्रति सचेत भई भविष्यमा त्यस्तो गल्ती नगर्ने प्रण समेत गर्दछ। कुनै अपराधमा सजाय पाएका व्यक्तिहरू जेलवाट छुटीसके पछि तिनीहरूले वाँकी जीवनमा त्यस्तै वा अन्य कुनै अपराध गरेको र जेल परेको अवस्था धेरै नै कम रहेको पाइन्छ। त्यस्तो भएको हुनाले कारागारलाई यातनागृह नभै सुधार गृहको रूपमा लिनु पर्छ।

जेल वास्तवमा यातना गृह होइन। यो त सुधार गृहको रूपमा रहनु पर्छ। जेलमा रहने सबै प्रकारका अपराधमा संलग्न व्यक्तिहरूलाई एउटै श्रेणीमा राखी हेर्न समेत सकिंदैन। कुनै पनि देशको कानूनले कसैलाई कुनै कार्य गरे वापत अपराध गरेको भनी सजाय गरे पनि समाजिक दृष्टिले त्यस्ता व्यक्तिलाई अपराधी नमानिन पनि सक्छन्। जस्तै २०४६ सालमा भएको जन आन्दोलन भन्दा अगाडि वहुदलको माग गर्नु वा पंचायती व्यवस्थाको विरोधमा आफ्नो अभिमत जाहेर गर्नुलाई तत्कालीन कानूनले अपराधको संज्ञा दिने गरेको थियो तर वास्तवमा सामाजिक दृष्टिले त्यस्तो कार्यलाई अपराध मानिंदैन। त्यस्ता व्यक्तिहरूलाई विचार वा आस्था प्रकट गरे वापत जेलमा राखिएको हुनाले जेलमा राख्दैमा उनीहरूको आस्थामा परिवर्तन नहुन सक्छ। त्यहाँ जेलमा राख्नुको अर्थ उसको आस्था प्रचारलाई शारीरिक रूपमा छेकवार गरिनु मात्र नै हो।

जेलमा कतिपय मानिसलाई आस्थाका आधारमा राखिएको हुन्छ भने कतिपय मानिसहरू अपराधी हो वा होइन भनी अदालतले निर्णय दिनु भन्दा अगाडि पुर्पक्षका निमित्त थुनामा राखिएको हुन्छ। त्यस्तै अन्य व्यक्तिहरू अदालतद्वारा दोषी घोषित गरिएको कैदीका रूपमा रहन्छन् । जुनसुकै प्रकृया वा नाममा जेलमा रहे वसेको भए पनि त्यस्ता व्यक्ति प्रति प्रहरीले गर्ने व्यवहार समान हुनुपर्छ र कानूनद्वारा उनीहरूलाई कारागारमा राखिएको अवस्थामा दिनुपर्ने भनी उल्लेख गरिएका चिज वस्तु अनिवार्य रूपमा दिइनुपर्छ।

दण्डका रुपमा कारागार :

कुनै व्यक्तिले कुनै अपराध गरेवापत दण्ड दिनकै लागि त्यस्ता व्यक्तिलाई कारागारमा राखिन्छ। त्यसैले कारागार दण्डको बारेमा प्रहरीले ध्यान दिनु पर्ने कुराको उल्लेख गर्नु भन्दा अगाडि दण्डका सिद्धान्त वारेमा संक्षेपमा जानकारी गराउने प्रयत्न गरिएको छ। सामान्यतया संसारमा कानून उल्लंघन वापत दण्ड दिनु पछाडि निम्न सैद्धान्तिक आधार रहेको पाइन्छ :

वदलाको सिद्धान्त :

यो दण्डको सिद्धान्त मानव समाजको विकासको प्रारम्भिक अवस्थामा प्रयोग भएको सवभन्दा पुरानो सिद्धान्त हो। यस सिद्धान्त अनुसार कुनै पनि व्यक्ति, जो अपराधी प्रमाणित भए पछि त्यस व्यक्तिले जुन अपराध गरेको छ सोही अपराधका आधारमा निजको शारीरिक जोखिम गराउने गरिन्थ्यो। जस्तै कसैले कुनै व्यक्तिलाई मारिदिएमा त्यसरी मार्ने व्यक्तिलाई मृत्युदण्ड दिइन्थ्यो। हात काटेकोमा उसको पनि हातै काटिन्थ्यो। यसो गर्नुको मतलव त्यस वेला कडा सजाय दिए पछि समाजमा अरूले अपराध गर्न आँट गर्दैनन् भन्ने विश्वास गरिन्थ्यो। तर यो वदलाको सिद्धान्तले मानिसको अपराध प्रवृत्तिमा कमी आएन। हात काटिए वापत हातै काट्दा समाजमा दुई जना हात नभएका व्यक्ति देखा पर्थे। उनीहरूको हात नभएमा काम गर्नै नसक्ने हुँदा त्यस्ता व्यक्ति अन्य परिवारको आयमा भरपर्नुपर्ने हुन्थ्यो। यसबाट समाज र राज्य माथी थप दायित्व भार पर्न जान्थ्यो। त्यसैले समाज विकासको क्रममा मानवको सम्वेदना र समाज माथी पर्ने भारका कारणले यो दण्ड प्रणालीलाई सभ्य समाजबाट अस्वीकार गरियो।

भयको सिद्धान्त :

यस सिद्धान्त अनुसार कुनै पनि किसिमको अपराध गर्ने व्यक्तिलाई अपराधको मात्रा अनुसार दण्ड गर्ने भन्दा कठोर दण्ड दिइन्थ्यो। यसको मतलव त्यो अपराध वापत अपराधीलाई दण्ड दिनु भन्दा त्यस्तो दण्ड दिएको कारणबाट समाजका अन्य व्यक्तिहरूले अपराध नगरून् भन्नका खातिर नै त्यस्तो दण्ड दिइन्थ्यो। अपराधको मात्रा भन्दा कठोर दण्ड दिनु पर्छ भन्ने मान्यतालाई वर्तमान समाजले अस्वीकार गरेको भएता पनि त्यस सिद्धान्तमा रहेको सकारात्मकतालाई भने हालसम्म पनि स्वीकार गरिएको छ। जस अनुसार आज पनि अपराध वापत सजाय दिनुको अर्थ समाजमा अरू व्यक्तिले अपराध नगरून् भन्ने नै उद्देश्य राखिएको हुन्छ।

सुरक्षात्मक सिद्धान्त :

यस सिद्धान्त अनुसार अपराधीलाई समाजबाट हटाएमा समाज अपराधीबाट मुक्त हुन्छ भन्ने हो। यस सिद्धान्तले अपराधीलाई मृत्युदण्ड, देश निकाला, निर्वासन वा जेलमा राख्वेर भएपनि समाजबाट अलग गर्नु पर्छ भन्छ, किनकि अपराधी समाजमै रह्यो भने त्यसले थप अपराध कर्म गर्न सक्छ। र समाजलाई वर्वादी तर्फ लैजान्छ भन्ने हो। साथै यसको उद्देश्य अपराधीलाई पुनः अपराध गर्ने मौका नै नदिनु पनि हो तर यो सिद्धान्त त्यति व्यावहारिक छैन। किनकि कुनै अपराधीले खास समयमा खास कारणले अपराध गरेको हुन सक्छ र फेरी उसले उसको जीवनभर कहिल्यै अपराध नगर्न पनि सक्छ। त्यस्तै अपराध गर्ने व्यक्ति सधैं एउटै नभइ नयाँ-नयाँ हुने गरेको पाइन्छ। मानिस जन्मन्छन् र मर्छन्। यही क्रममा कतिपय नयाँ जन्मने व्यक्ति मध्ये नै भविष्यका अपराधी हुने हुनाले अपराधबाट समाजलाई मुक्त गराउने नाममा अपराधीलाई नै समाजबाटै हटाउने यो सिद्धान्त त्यति उपयोगी देखिंदैन।

सुधारात्मक सिद्धान्त :

यस सिद्धान्त अनुसार कुनै पनि व्यक्ति आफैंमा अपराधी हैन। जव कुनै व्यक्तिले अपराध गर्छ तव उसलाई अपराधी भनिन्छ। अपराध समाजको रोग हो। रोगलाई निर्मूल गर्नु पर्छ तर अपराधीलाई वा रोगीलाई होइन। रोग उपचारद्धारा निको हुन सक्ने भए झैं अपराधीलाई समेत

सुधार गरेर सामाजिक काममा परिणत गराउन सकिन्छ। त्यसलाई पनि सभ्य नागरिकमा परिणत गर्न सकिन्छ। त्यसैले कुनै पनि अपराध वापत कुनै व्यक्तिलाई दण्ड दिंदा सदा समाजबाट अन्त्य गर्ने गरी गर्नु हुँदैन। उसलाई सुधार गर्नका लागी मौका दिइनुपर्छ। त्यसो हुनाले अपराधको मात्रा अनुसार नै हाल अपराधीलाई सजाय दिइन्छ र त्यस्ता व्यक्तिलाई कारागारमा राख्ने वा जरिवाना मात्र गरिन्छ।

उल्लेखित सिद्धान्तहरूका आधारमा मानिसले अपराध गरे पछि निजलाई आर्थिक दण्ड देखि मृत्युदण्ड समेत दिइन्छ। अपराध अनुसार जरिवाना गर्ने देखि सर्वस्व हरण सम्म आर्थिक दण्ड दिइन्छ। त्यसैगरी शारीरिक कष्ट दिने (खोप्ने अंगभंग गर्ने समेत) देश निकाला वा निर्वासित गराउने, मृत्युदण्ड दिने, वन्दी बनाउने र कारागारमा राख्ने आदि विविध प्रकारका दण्डको प्रचलन हाम्रो देश नेपालमा थियो तर अहिलेको संविधानले मृत्युदण्ड वर्जित गरेकोछ। हाल पनि संसारका कतिपय देशहरूमा मृत्यु दण्ड लगायत शारीरिक क्षति गर्ने जस्तो दण्ड दिने प्रचलन रहेको पाइन्छ।

उल्लेखित दण्ड मध्ये वर्तमान नेपाल अधिराज्यको संविधानले शारीरिक कष्टसंग सम्वन्धित सबै दण्डलाई निषेध गरेको छ। संविधानको धारा १२(१) ले मृत्युदण्डको सजाय हुने कानून बनाइने छैन भनी स्पष्ट रूपमा मृत्युदण्डलाई प्रतिवन्ध लगाएको छ। तर मृत्युदण्ड दिने व्यवस्था भएका कानूनहरू अहिलेसम्म पनि कायम छन्। त्यस्ता कानून खारेज नगरिनु संविधानको भावना विपरित कार्य हो। त्यसरी नै संविधानको धारा १४ ले फौजदारी न्याय सम्वन्धी हकको प्रत्याभूती गरी यातना विरूद्धको हकलाई सुरक्षित गरेको हुनाले शारीरिक कष्टसंग सम्वन्धित कुनै पनि दण्ड दिन नसकिने व्यवस्था गरेको छ। त्यसै गरी कुनै पनि नागरिकलाई देश निकाला गरिने छैन भनि संविधानको धारा २१ ले व्यवस्था गरेको हुनाले कुनै पनि अवस्थामा नागरिकहरूलाई देश निकाला गर्न मिल्दैन। तर देश निकाला विरूद्धको हक विदेशी नागरिकका हकमा लागु हुन सक्दैन।

हाम्रो संविधान र कानूनले केवल आर्थिक दण्ड र कारागारमा राख्ने वाहेक अन्य कुनै पनि दण्डलाई स्वीकार गरेको छैन। त्यसरी नै कारागारमा रहदा असल चाल चलन भएमा निजहरूलाई छिटो मुक्त गरिने आधा वा चौथाई कैद मिनाहा गर्ने आदि कानूनी व्यवस्था भएको हुनाले हाम्रो देशमा कारागारलाई सुधार गृहको रूपमा स्वीकार गरिएको स्पष्ट हुन्छ।

मानिस कारागार भित्र होस वा वाहिर जहाँ भए पनि बाँच्न पाउनु पर्छ र वाच्नको लागी आवश्यक पर्ने खाने लाउने, वस्ने कुराको प्रत्याभूति हुनुपर्छ। कुनै व्यक्तिलाई वन्दी गृहमा राख्नु भनेका मौलिक हक मध्ये मूल रूपमा नागरिक स्वतन्त्रताको हकलाई निलम्वन गरिनु वा त्यसलाई प्रयोग हुन नदिनु हो। यस वाहेक कानूनद्वारा निर्धारित हक उसले उपभोग गर्न पाउँछ र दिनुपर्छ। उसको लागी वन्दी गृह भित्र अपराध प्रायश्चित्त गर्ने मौका दिनका लागी पनि उसलाई खान लाउन वस्न र मानवोचित अन्य कार्य गर्न दिनुपर्छ। त्यसैले कारागार ऐन तथा नियमावलीले कारागार भित्र राखिएका वन्दीहरूलाई प्रदान गर्नुपर्ने सुविधा र उनीहरूको हक सम्वन्धमा विभिन्न व्यवस्था गरेको छ त्यसलाई प्रहरी कर्मचारीले पालन गर्ने गराउने गर्नुपर्छ। कुनै पनि वन्दीलाई कारागारमा रहदा उसले के के पाउछ के के पाउँदैन भन्ने सम्वन्धमा निम्नानुसारको व्यवस्था गरिएको छ।

थनुवा वा कैदी पूर्जी दिइने :[१]

कुनै पनि व्यक्तिलाई कुनै अपराधको तहकीकात, अनुसन्धान, जाँचवुझ वा पुर्पक्षको लागी थुनामा राख्न पर्ने भएमा निजलाई प्रचलित कानून वमोजिमको थुनुवा पूर्जी दिनु पर्छ। यदि अन्य अधिकारीको नियन्त्रणमा कारागारमा राख्नुपर्ने भए सम्वन्धित कारागार कार्यालयलाई पनि सो

वमोजिमको सूचना दिनुपर्छ।

कुनै अदालतको फैसाला वमोजिम कुनै व्यक्तिलाई कैद गर्नुपर्दा उसले कुन कानून अर्न्तगत के अपराध गरे वापत के कति सजाय हुने र फैसलामा कुन मितिदेखि कुन मितिसम्म कैद हुने भएको छ सो सवै खोली कैद ठेकी मुद्दा फैसला भएको तीन दिन भित्र कैदी पूर्जी दिई सो कुराहरू र उसको वतन, वर्ण, हुलीया समेत खोली कारागार कार्यालयमा पठाउनु पर्छ। उल्लेख गरिए अनुसार दिइएको पूर्जी बुझी नलिएमा सो बुझिनलिएको व्यहोरा जनाइ नजिकको एक अड्डाका हाकिमको सोही पूर्जीमा साक्षी राखी सही गराई राख्नु पर्छ।

कानून वमोजिम रित पुऱ्याइ थुन्न वा कैद गर्न पठाइएको व्यक्तिलाई कारागार कार्यालयले वुझिलिई प्रचलित कानूनको रित पुऱ्याई थुना वा कैदमा राख्नु पर्छ। कानून वमोजिम रित नपुऱ्याई कुनै व्यक्तिलाई थुना वा कैदमा राख्न पठाइएकोमा कारागार कार्यालयले बुझिलिई पुर्जी वमोजिम निजलाई थुना वा कैदमा राखी रित नपुगेको कुराहरू खोली रित पुऱ्याउनका लागि सम्वन्धित अधिकारीसमक्ष लेखी पठाउनु पर्छ।

थुनुवा वा कैदीको तलासी सम्बन्धमा :

कुनै थुनुवा कैदीलाई कारागार भित्र प्रवेश गराउदा निजको जिउ तलासी लिनुपर्छ र कुनै हतियार वा निषेध गरिएको वस्तु फेला परेमा सो कब्जामा लिनु पर्छ। कानून अनुसार कारागार भित्र लैजान पाउने वा निजको उपयोगका निमित्त कारागारभित्र पठाउन हुने निजको दैनिक व्यवहारको निमित्त चाहिने भन्दा बढ़ता भएको मालसमानहरू थुनुवा वा कैदीलाई आवश्यक भएको वखत दिने गरी जेलको जिम्मा राख्नु पर्छ।

थुनुवा र कैदी राख्ने प्रवन्ध :[२]

सामान्यतया कैदमा कुनै न कुनै अपराध गरे वापत सजाय पाएका वा अनुसन्धानको क्रममा पुपर्क्षमा रहेका व्यक्तिहरू नै रहन्छन्। जेलमा पर्ने व्यक्तिहरू पुरूष मात्र नभई महिला पनि हुन सक्दछन्। जेल भित्र महिला र पुरूषलाई एकै स्थानमा राख्दा जेलभित्रै थप अपराध नहोला भन्न सकिदैन। त्यसैले हाम्रो कानूनले लोग्ने मानिस र स्वास्नी मानिसलाई सकभर छुट्टाछुट्टै घरमा र सो नभएमा आपसमा भेटघाट कुराकानी गर्न नपाउने गरी एउटै घरको भिन्ना भिन्नै भागमा राख्नु पर्ने व्यवस्था गरेको छ। त्यसैगरि पुर्पक्षको लागि थुनामा रहेका र अदालतद्वारा दोषी प्रमाणित भइसकेका कैदीलाई पनि सकभर छुट्टाछुट्टै राख्नु पर्दछ। त्यसरी नै कारागारको अवस्थालाई विचार गरी सम्भव भएसम्म एक्काइस वर्ष मुनि र सो भन्दा माथीका थुनुवा कैदी, देवानी मुद्दा र फौजदारी मुद्दाका थुनुवा वा कैदीलाई छुट्टाछुट्टै स्थानमा र रोगी र पागल अर्धपागललाई छुट्याई भिन्न-भिन्नै भागमा राख्नु पर्छ।

कारागारमा राख्दा नेल हातकडी लगाउन नहुने :[३]

कारागारमा कुनै व्यक्तिलाई राख्नु भनेको आफैंमा एउटा सजाय हो। त्यसैले त्यसरी सजाय पाएको व्यक्तिलाई कारागार भित्र रहेको अवस्थामा नेल र हातकडी लगाई राख्न वा लगाउन हुँदैन। यसरी कारागारमा राख्दा नेल हातकडी नलगाइने कुराको प्रत्याभूती वर्तमान कारागार ऐन २०२० ले गरेको छ।

तर कारागार भित्र रहेको अवस्थामा पुनः अपराध गरेमा यो व्यवस्था लागु हुँदैन। त्यसैले

कारागारमा रहेका थुनुवा वा कैदीलाई निम्न अवस्थामा नेल हातकडी लगाउन सकिन्छ ::

(१) कैदबाट भागी पक्राउ परेका, थुनुवा वा कैदी,

(२) कैदबाट भाग्ने उद्योग गर्ने थुनुवा वा कैदी,

(३) कुनै थुनुवा र कैदीले निम्न लिखित कुनै काम कुरा गरेमा निजलाई चेतावनी दिन वा असल चाल चलन वापत दण्ड सजायबाट हुने छुटको सहुलियतबाट वञ्चित गर्न वा पन्ध्र (१५) दिनमा नवढाई एकान्त ठाउँमा वा कोठामा थुन्न वा स्वास्नी मानिस र रोगी बाहेक अरू थुनुवा वा कैदीको हकमा एक महिनामा नवढाई पहिले नेल नपरेकोमा नेल ठोक्न, नेल परी सकेकोमा हतकडी हाल्न र नेल हतकडी परिसकेकोमा जन्जीर हाल्न सकिने छ :

(क) कुनै व्यक्ति उपर कुनै किसिमले अपराधिक बल प्रयोग गरेमा,

(ख) कुनै व्यक्ति उपर अपमानजनक वा धम्कीपूर्ण भाषा प्रयोग गरेमा

(ग) अनैतिक वा अभद्र वा अनुशासनहीन आचरण गरेमा

(घ) विना अधिकार नेल वा हतकडी खोले वा भाँचेमा

(ङ) कारागारको कुनै सम्पत्ति जानी जानी बिगारेमा वा नासेमा

(च) कुनै मिसिल वा कागजात नासे, बिगारे वा च्यातेमा,

(छ) निषेध गरिएको कुनै चिज मालसामान लिएर राख्ने वा पठाएमा

(ज) कुनै कर्मचारी वा थुनुवा र कैदी उपर जानीजानी झुठो अभियोग लाग्ने कुरा गरेमा

(झ) विरामी भएको बहना गरेमा

(ञ) आगलागी भएको वा कुनै षड्यत्र गरिएको वा कुनै थुनुवा वा कैदी भागेको वा भाग्न उद्योग गरेको वा कारागारको कर्मचारी वा कुनै थुनुवा वा कैदी उपर आक्रमण भएको वा हुने तयारी भै रहेको कुरा थाहा पाउनासाथ जाहेर नगरेमा वा जाहेर गर्न इन्कार गरेमा।

(ट) कुनै कैदी वा थुनुवा भगाएमा वा भगाउने उद्योग गरेमा।

(ठ) कारागार ऐन तथा नियमावलीको वर्खिलाप अन्य कुनै काम कुरा गराएमा

कारागार ऐनमा उल्लेख गरिएका विभिन्न अपराध गर्ने व्यक्तिलाई नेल, हतकडी लगाउने, जनजीर ठोक्ने, गोल घरमा राख्ने एकान्त राख्ने आदि व्यवस्था वर्तमान संविधान जारी हुनुभन्दा अगाडिदेखि नै लागु भएको हो तर उक्त प्रावधान संविधानको धारा १४(४) ले प्रत्याभूति गरेको यातना विरूद्धको हकसंग बाझिने देखिन्छ। संविधान र यातना सम्बन्धी क्षतिपूर्ती ऐन २०५३ अनुसार थुनामा रहेका (कैदमा) कुनै व्यक्तिलाई शारीरिक र मानसिक यातना दिनु हुँदैन। त्यस्तो यातना दिएमा यातना दिने व्यक्ति उपर कारवाही भई पीडितले क्षतिपूर्ति पाउछ। तर कारागार ऐनमा भएको उल्लेखित व्यवस्था हाल बहाल रहेको संविधान र यातना सम्बन्धी क्षतिपूर्ति ऐनसंग बाझिने भएको हुनाले यसरी एकान्त राख्ने, गोलघरमा राख्ने, कारागार भित्र नेल हातकडी लगाउने, जन्जिर ठोक्ने जस्ता असंवैधानिक कार्य कुनै पनि प्रहरी कर्मचारीले गर्नु हुँदैन। वरू त्यसको सट्टा जेल भित्रहुने अपराध नियत्रणमा कडा सुरक्षा व्यवस्था कायम गरिनु नै राम्रो हुन्छ।

कारागारमा नावालकको हेरचाह :[५]

पुर्पक्षको निमित्त थुनामा रहेकी वा कैद परेकी स्वास्नी मानिसको कारागार भित्रै छोराछोरी जन्मेछ वा निज थुना वा कैद पर्नु अगाडि नै निजको साथमा दुई वर्ष नपुगेको नावालक छोराछोरी रहेछ भने त्यस्तो नावालक हेरचाह गर्ने व्यक्ति बाहिर नभएमा वा भए पनि आमाले आफैंसित राख्न

र हेरचाह गर्न चाहेमा कारागार भित्र राख्न सक्छन्।

त्यस्तै थुनुवा वा कैदीको निजले नै लालन पालन गर्नुपर्ने नावालक भएमा त्यस्तो नावालकको लालनपालनको लागि हुने खर्च श्री ५ को सरकारले व्यहोर्ने छ। यसका लागि कारागार भित्र स्कूलको प्रबन्ध समेत गर्न सक्नेछ।

सिधा खर्च :[६]

कारागारमा थुनिएका थुनुवा वा कैदीहरू र तिनका कारागार भित्र रहेको नावालक छोराछोरीलाई प्रत्येक दिन निम्न अनुसार सिंधा खर्च दिनु पर्छ :

(क) "क" श्रेणी का थुनुवा वा कैदीलाई मसिनो चामल सात सय ग्राम र बाह्र रूपैयाँ

(ख) "ख" श्रेणीमा थुनुवा वा कैदीलाई मोटा चामल सात सय ग्राम र दश रूपैयाँ,

(ग) नावालक भएमा उमेरको आधारमा निम्न अनुसार सिधा पाउँछन् :

१. सात महिना देखि १ वर्ष सम्मको भए - चामल एकसय ग्राम र पाँच रूपैयाँ

२. एक वर्षदेखि माथी ३ वर्षसम्मको भए - चामल एक सय पचास ग्राम र पाँच रूपैयाँ

३. तीन वर्षदेखि माथि पाँचवर्ष सम्मको भए - चामल दुई सय ग्राम र पाँच रूपैयाँ पचास पैसा

४. पाँच वर्ष देखि माथि सात वर्षसम्मको भए - चामल दुई सय पचास ग्राम र पाँच रूपैया पचास पैसा

५. सात वर्षदेखि माथि बाह्र वर्षसम्मको भए - चामल दुई सय पचास ग्राम र पाँच रूपैया पचास पैसा

६. बाह्र वर्षमाथिको भए चामल ६ सय ग्राम र सात रूपैयाँ दिनुपर्नेछ।

यो सिधाको दर २०५१।२।२७ गते कारागार नियमावलीमा भएको सातौ सशसोधनबाट कायम भएको हो। यसमा पहिला दिई आएकोमा कतिपय उमेरका नावालकको चामलको दरमा घटाइएको छ। जुन मानवअधिकारका दृष्टिले आपत्तिजनक रहेको छ।

यसरी नै कारागार तथा खोरमा थुनिएका महिला थुनुवा वा कैदी भित्रै सुत्केर भएमा सुत्केरी उतार्नका लागि माथी उल्लेखित सिधाको अतिरिक्त निम्न अनुसारको थप सिधा र समान पाउने अधिकार त्यस्ता व्यक्तिको हुनेछ। त्यस्ता महिला थुनुवा वा कैदीले पाउने थप सिंधाको अवधी ६० दिनका हुनेछ।

(क) मसिनो चामल प्रतिदिन - चारसय ग्राम

(ख) घिउ प्रतिदिन - एकसय ग्राम

(ग) खानेतेल प्रतिदिन - एक सय मिलिलिटर

(घ) ज्वानो प्रतिदिन - पचास ग्राम

(ङ) कोरा कपडा एक सुत्केरी अवधिका लागि पाँच मिटर

(च) साधारण राडी ,, ,, ,, ,, एक थान

(छ) एक सय नगद रूपया एक सुत्केरी अवधिका लागि

त्यसै गरी कारागारका कैदी मध्येबाट रहने चौकीदार नाइके भाड नाइकेलाई दिइने सिधाका अतिरिक्त थप रकम दिने व्यवस्था समेत गरिएको छ।

यस्तै यदि कुनै थुनुवा वा कैदी आफ्नै खर्चमा सिधा व्यवस्था गर्न चाहेमा त्यस्तो सुविधा उपलब्ध गराउनु पर्नेछ।

लुगा सम्बन्धी व्यवस्था :[७]

कारागारमा रहेका थुनुवा वा कैदी पुरूषका लागि जाडो समयमा एक एक वटा कुर्ता सुरूवाल र गर्मी समयमा वुसर्ट र कट्टु एक एक वटा गरी वर्षामा दुई पटक कपडा पाउनेछन् भने महिला थुनुवा वा कैदीले दश हाते धोती र चोलो एक एक वटा गरी वर्षको दुई पल्ट पाउने छन्। त्यस्तै नावालकलाई कमिज, सुरूवाल वा घाङघर सुरूवाल एक एक वटाका दरले वर्षको दुई पल्ट र सुतिकपडाको कोट गलवन्धी टोपी वर्षको एक पटक पाउछन्। त्यस्तो कपडा सामान्यतया वैशाख र कार्तिकमा र वर्षमा एक पटक पाउने भए कार्तिकमा पाउनेछ।

त्यसैगरी कारागारमा रहेका प्रत्येक कैदी वा थुनुवालाई चार हाते काम्लो १, पाखी १, चार हाते कोराको च्यादर १ हरेक २ वर्षमा एक पटकका दरले र सुत्नका लागि डेढ हात चौडाई साढे चारहात लम्वाईको एक सुकुल प्रत्येक ३ वर्षमा एक पटक दिनु पर्नेछ।

उल्लेख गरिए वमोजिमको वाहेक कुनै थुनवा कैदीले आफ्नो खर्चमा लुगा हाल्न चाहेमा निजलाई त्यस्तो व्यवस्था गर्न दिइने छ।

भेटघाट र संचारको सुविधा :[८]

कुनै पनि थुनुवा वा कैदीले जेलरको रेखदेखमा आफ्ना नातेदार र मित्रहरूसंग भेटघाट गर्न पाउँछ। त्यसरी नै वाहिरका नातेदार वा मित्रहरूले जेलमा रहेका व्यक्तिलाई र जेलमा रहेका व्यक्तिले वाहिर पत्र व्यवहार गर्न चाहेमा त्यस्तो व्यवहार गर्न दिनुपर्छ। त्यसरी नै पत्रपत्रिका आदि तथा अन्य किताव तथा म्यागाजिनहरू समेत जेल भित्र अध्ययनका लागि दिइनु पर्छ। जेल भित्रका व्यक्तिलाई इलेक्ट्रोनिक मेडिया अर्थात् रेडीयो सुन्ने अधिकार भएको हुनाले सवैले सुन्न सक्ने स्थानमा रेडियो राखी दिनु पर्छ। यसका अतिरिक्त आधुनिक अवस्था अनुसार टेलिभिजन हेर्न दिन सकिने भए सोको समेत व्यवस्था गर्नु राम्रो हुनेछ। त्यसरी नै श्री ५ को सरकरले जेलभित्र पुस्तकालयको व्यवस्था समेत गरिदिनु पर्छ।

जेल भित्र पठाउने वा जेलवाट वाहिर पठाउने चिठी पत्रहरूमा जेलरले सेन्सर गर्न पाउने छ। यसरी सेन्सर गर्दा कुनै अपत्तिजनक संकेत वा चिन्ह वा विचार उल्लेख भएमा त्यस्तो चिठी पत्रहरू प्रमुख जिल्ला अधिकारी समक्ष पेश गर्नुपर्छ।

जेलमा भेटघाटको निमित्त कुनै निश्चित दिन मात्र तोक्न सकिने र त्यस वाहेक अन्य समयमा भेटघाट गर्न नपाउने भएता पनि त्यस्तो व्यवस्था थुनुवा वा कैदीको कानूनी सल्लाहकारको हकमा लागु नहुने व्यवथा गरिएको छ। अर्थात् थुनुवा वा कैदीलाई भेट गर्न आउने कानूनी सल्लाहकारलाई जुनसुकै दिन भेटघाट गर्ने व्यवस्था मिलाउनु पर्छ।

गर्भवती थुनुवा वा कैदी सम्बन्धमा :[९]

कुनै महिला थुनुवा वा कैदी गर्भवती भएको अवस्था भएमा निजको गर्भ ६ महिनाको पुगे पछि जमानी लिई छाडी दिनु पर्छ र त्यसरी जमानीमा छुटेकीलाई निजको वालक जन्मेको दुई महिना भए पछि थुन्न नपर्ने भए वा कैद म्याद भुक्तान भै सकेकोमा वाहेक फेरी कारागार भित्र राख्नु पर्छ। त्यसरी बाहिर रहेको अवधिलाई समेत कैदको समय भित्रै गणना गरी निजको कैद म्यादवाट कट्टी गर्नुपर्ने छ।

तर राजगद्दी, राजपरिवार वा राजकाज सम्वन्धी मुद्दाको वा जन्मकैद पाएकी वा त्यस्तो सजाय हुने अपराधको अभियोग लागेकी थुनुवा वा ज्यान सम्वन्धी अपराधमा सजाय पाइसकेकी

(ज्यान मारा) महिला गर्भवती भएमा पनि निजलाई जेलवाट बाहिर गई सुत्केरी हुने मौका नपाउने व्यवस्था गरिएको छ। त्यस्ता महिलालाई जेल भित्रै सुत्केरी भएमा माथि "सिंदा" शिर्षकमा व्यवस्था भए अनुसार थप सिदा दिनु पर्छ।

स्वास्थ्य उपचार र सरसफाई सम्बन्धी व्यवस्था :[१०]

कारागारमा रहेका थुनुवा वा कैदीको स्वास्थ्यमा प्रतिकूल असर पर्न नदिनका लागि जेलरले स्वस्थ्य खाने कुरा अन्न पानीको प्रवन्ध गर्नु पर्छ। कारागार भित्र विभिन्न ठाउँमा पाइखाना पिसाव खाना बनाई त्यसलाई सुग्घर सफा गराई राख्ने व्यवस्था गरिनु पर्छ। कारागार भित्र वाजी राख्वी लेनदेन गर्न नपाउनेगरी कारागारको अवस्था सुहाउदो किसिमको मनोरन्जन र खेलकूदको व्यवस्था गरिनु पर्छ।

त्यसरी नै कुनै थुनुवा वा कैदी मानसिक वा शारीरिक विरामी परेमा सरकारी डाक्टरद्वारा उपचार गराउनु पर्छ। यसका लागी ४०० भन्दा बढी कैदी वा थुनुवा रहने केन्द्रीय कारागारहरूमा डिस्पेन्सरी वा अस्पतालका डाक्टरको दरवन्दी राखी आकस्मिक रूपमा कुनै रोग लागेमा त्यसवाट वचाउनका लागी त्यस्तो अस्पताल वा डिस्पेन्सरी आलोपालो गरी चौवीसै घण्टा खुला राख्नु पर्छ। यदि कुनै थुनुवा वा कैदीले आफ्नो खर्च लगाई अरू कुनै डाक्टरबाट उपचार गराउन चाहेमा सो को लागी अनुमति दिइनु पर्छ। कारागारमा डाक्टरको व्यवस्था छैन भने जेल रहेको स्थानबाट नजिकको इलाकामा पर्ने नेपालकै कुनै सरकारी अस्पताल डिस्पेन्सरी डाक्टर वा अन्य योग्य डाक्टर कहाँ लगी वा आवश्यक भए निजलाई नै कारागारमा वोलाई निजवाट औषधि उपचार गराउनु पर्छ।

कुनै थुनुवा वा कैदी असाध्यै विरामी परी निजको राम्रो उपचारका लागि निजलाई अस्पतालमै राख्न आवश्यक छ भन्ने सरकारी चिकित्सकले ठहराई कारण सहित आफ्नो लिखित राय दिएमा त्यस्तो थुनुवा वा कैदीलाई नेलहतकडी परेकोमा सो समेत काटी निज भाग्न भगाउन नपाउने गरी पहराको प्रवन्ध गरेर भएपनि अस्पताल वा स्वास्थ्य गृहमा भर्ना गर्ने र ल्याउने लैजाने व्यवस्था मिलाउनु पर्छ। यदि कारागार भएको नजीकै वाहिर डाक्टर अस्पताल उपलब्ध नभई अर्को इलाकाको विशेषज्ञ वा डाक्टर वा अस्पताल भर्ना गरी उपचार गर्नु पर्ने भएमा त्यस्ता विरामी थुनुवा वा कैदीलाई इलाका पर्ने कारागारमा सरूवा गरेर भए पनि उपचार गराउनु पर्छ।

त्यसै गरी विरामी भएका वाहेक अन्य थुनुवा वा कैदीलाई पनि रोगवाट वचाउनका लागी वारम्वार डाक्टरबाट जचाई डाक्टरको राय बमोजिम आवश्यक व्यवस्था मिलाइ दिनु पर्छ। कुनै विरामी सिकिस्त भएको र वाँच्ने नवाच्ने दोसाँधमा रहेको कुराको कारण सहितको राय सरकारी डाक्टरले दिएमा त्यस्ता थुनुवा वा कैदीको हकवालाले निजलाई घाटमा लैजान चाहेमा निजको रोग निको भएमा पुन कारागारमा फिर्ता ल्याउने व्यहोराको हाजीर जमानीको कागज गराई त्यसरी थुनिएको ठाउँको नजिकको घाटमा लैजान दिइने छ। त्यसरी घाटमा लगीएको व्यक्तिको वारेमा हकवालाले प्रत्येक हप्ता निजको स्वास्थ्य सम्वन्धी प्रतिवेदन कारागारमा दिनुपर्नेछ।

माथी उल्लेख गरिए वमोजिम अस्पताल वा घाटमा लगिएको थुनुवा वा कैदीलाई कारागार भित्र रहेको सम्झीने छ र सो अवधि निजको कैद अवधिमा गणना गरिने छ। यदि त्यस्तो थुनुवा वा कैदी निको भएछ भने निजलाई थुन्न नपर्ने भएमा वा निजको कैदको म्याद भुक्तान भै सकेकोमा वाहेक फेरी कारागार भित्रै राखिने छ।

धर्ममान्ने स्वतन्त्रता :[११]

नेपाल अधिराज्यको संविधान २०४७ ले प्रत्येक व्यक्तिलाई प्रचलित परम्पराको मर्यादा राखी

सनातन देखि चलिआएको धर्मको अवलम्वन र अभ्यास गर्ने स्वतन्त्रता दिएको छ। जेल भित्र रहेका कैदी वा थुनुवाले पनि जेलको चार दिवारी भित्रै रहेर आफ्नो उल्लेखित हकलाई संरक्षण प्राप्त गर्न सक्छ। जसलाई कारागार नियमावलीले आफ्नो कुलाचार धर्म गर्न पाउने छ भनी व्यवस्था गरेको छ।

वाटोखर्च पाउने :[१२]

कुनै पनि थुनुवा कैदीले जेलवाट छुटकारा पाएकोमा निजसंग घरसम्म पुग्नका लागी रूपैया नहुन सक्छ। त्यसैले गर्दा निज सजिलै घर पुग्न असजिलो नहोस् भनी त्यस्ता थुनुवा वा कैदीको घर टाढा भए त्यस्तो घरसम्म पुग्नका लागी सम्वन्धित प्रमुख जिल्ला अधिकारीवाट रकम निकासा गराई वाटा खर्च दिनुपर्छ।

काज क्रिया गर्न दिने सम्बन्धमा :[१३]

कारागारमा रहेका कैदी वा थुनुवा मध्ये राजकाज, गाथगादी सम्वन्धी मुद्दामा परेको वाहेक अरू कैदी वा थुनुवा हरूले आफूले काज कृया गर्नुपर्ने आमा वावु स्वास्नी छोरा छोरी कोही मरेमा मुर्दा उठाउने हकदार कोही रहेनछ भने कृया गर्नलाई समेत जेलरले पत्याएको जमानी लिई मुर्दा उठाउनु पर्नेमा सिपाही साथ लगाई तिन कोस भित्र सम्म मुर्दा उठाउन र जहासुकै मरेमा पनि क्रिया गर्नुपर्नेमा भाग्न नपाउने पुरा वन्दोवस्त गरी कारागार नजिकैको घाट सत्तलमा राखी १३ दिनसम्म कृया गर्न दिनुपर्छ।

पसल राख्न सकिने सम्वन्धमा :[१४]

कारागारको कैदी वा थुनुवाहरूलाई सुविधाको निमित्त निजहरूले मागेको मुनासिव माफिकको मालसमान पाउने गरी जेलभित्रै जेलरको अनुमति लिई पसल राख्न सकिने छ। पसलेले वजारमा चलेको दरवाट माल समान विक्री वितरण गर्नु पर्छ। घटीवढी गरेमा वा सडेपडेको माल विक्री गर्न पाइने छैन। गरेमा जेलरले नसिहत दिने लगायत त्यस्तो पसल उठाई अर्को पसलको व्यवस्था गर्नुपर्छ।

म्याद भन्दा बढी थुनामा वा कैद नराखिने कुराको ग्यारेन्टी :[१५]

कुनै व्यक्तिलाई म्याद तोकी थुना वा कैदमा राख्नेकोमा सो म्याद पुगे पछि २४ घण्टा भित्रै छाडी दिनु पर्छ। त्यसैगरी प्रचलित कानून वमोजिमको अख्तियार प्राप्त गरेको व्यक्ति वा अधिकारीले छाड्ने भनी फैसला वा आदेश दिएकोमा त्यस्तो आदेश प्राप्त भएको २४ घण्टा भित्रै त्यस्तो व्यक्तिलाई थुना वा कैदवाट मुक्त गर्नु पर्नेछ। यसरी थुना वा कैदवाट छाड्ने भनी फैसला वा आदेश गर्ने अदालतले सो को सूचना तत्काल सम्वन्धित कारागारमा लेखी पठाउनु पर्ने छ।

प्रतिवेदन पठाउने :

त्यसैगरी पुर्पक्षको निमित्त थुनामा रहेको कुनै व्यक्ति निज थुनिएको ६ महिना सम्ममा पनि कैद म्याद ठोकिएको रहेनछ वा निजलाई थुनावाट मुक्त गर्ने आदेश आएको रहेनछ भने सो ६ महिना नाघेको मितिले ३ दिन भित्र जेलरले सो सम्वन्धी सवै कुरा खोली त्यस्तो थुनुवालाई थुन्न आदेश दिने अदालतको पुनरावेदन सुन्ने अदालतमा प्रतिवेदन गर्नुपर्छ।

निरीक्षण गर्ने :

पुनरावेदन अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशले पुनरावेदन अदालतको प्रादेशिक अधिकार क्षेत्र भित्रको कारागारको वर्षमा कम्तिमा एक पटक निरीक्षण गर्नु पर्ने छ। र त्यसरी निरीक्षण गर्दा कुनै व्यक्ति तोकिएको कैद भन्दा बढी अवधी कैदमा रहेमा वा प्रचलित कानूनले तुरून्त छाडी दिन आदेश दिन सक्नेछ। त्यस्तो आदेश दिएमा जेलरले त्यस्तो आदेशको पालना गर्नुपर्ने छ। पुनरावेदन अदालतको मुख्य न्ययाधीश वा न्यायाधीशले निरीक्षण गर्दा त्यसरी छाडी दिने आदेश दिएमा र कारागार निरीक्षण गर्दा कारागार ऐन वमोजिम नभएको वा नगरेको अन्य कुरा देखेमा सो कुरा समेत खुलाई सर्वोच्च अदालत, श्री ५ को सरकार र गृहमन्त्रालयमा प्रतिवेदन पठाउनु पर्ने छ।

कारवाही :

यदि कुनै थुनुवा कैदी आदेश वमोजिम छुट्नु पर्नेमा नछुटी रहेको वा म्याद भन्दा बढी समयसम्म थुना वा कैदमा रहेको देखिएमा वा कारागार ऐन तथा नियमावली वमोजिम थुनुवा वा कैदीले पाउने सुविधा नदिएको अवस्थामा त्यस्तो कार्य गर्ने कर्मचारी उपर विभागीय कारवाही समेत हुने छ।

रुपयाँ तिरेर छुटकारा पाउने अवस्था :[१६]

रूपयाँ तिर्न नसकी सो वापत कैद सजाय तोकी थुनिएको कैदी वा थुनुवाको मानिसले रकम तिर्छु भनेमा सम्वन्धित कारागार कार्यालयले निज वसेको अवधिको प्रचलित कानून बमोजिम हुने रूपयाँ कट्टा गरी बाँकी रूपयाँ जुन अड्डा मार्फत थुनिएको हो वा जुन अड्डामा लगत छ सो अड्डामा पठाई लगत कट्टा गरी छाडी दिनु पर्छ।

निवेदन दरखास्त आदि कारागार मार्फत दिन पाउने :[१७]

कुनै थुनुवा वा कैदीले कुनै मुद्दा मामिलाका सम्वन्धमा कुनै अड्डा वा अदालतमा दिनु पर्ने कुनै फिराद पत्र प्रतिउत्तर पत्र, पुनरावेदन पत्र, विन्तिपत्र, दरखास्त इत्यादि सो अड्डा वा अदालतमा आफू थुनिए वा कैद परेको कारागार कार्यालय मार्फत दिन सक्ने छ। सो कार्यालयले म्याद भित्रको भए निजको सहिछाप गराई प्रचलित कानूनले दस्तुर लागेमा दस्तुर समेत बुझी लिई त्यस्को निस्सा दिई कागज दस्तुर दाखिल गरेको मिति समेत लेखी जुन अड्डा वा अदालतमा पठाउनु पर्ने हो सो अड्डा वा अदालतमा चलानी साथ तिन दिन भित्र पठाइ दिनुपर्ने छ।

यसरी कारागारमा म्याद तारेख भित्रै कागजदस्तुर बुझाएमा म्याद तारेख जान सक्दैन। त्यसरी चलान गरी कारागारले पठाएको कागजपत्र सम्बन्धित अड्डाले बुझिलिई प्रचलित कानून बमोजिम गर्नु पर्छ।

अदालतमा उपस्थित हुन पाउने :[१८]

कुनै मुद्दा मामिलामा प्रमाण वा कुनै आवश्यक कुरा बुझ्नका लागी अड्डा वा अदालतले कुनै थुनुवा कैदीलाई हाजिर गराउन आवश्यक भई सम्बन्धित अदालतले कारागार कार्यालयलाई सोझै पूर्जी पठाएमा वा अदालत वाहेक अरूको हकमा थुनुवा वा कैदी जुन अड्डा वा अदालत

मार्फत थुनिए वा कैद परेको हो सो अड्डा वा अदालतबाट पूर्जी लेखी आएमा सम्वन्धित कारागारको जेलरले न्यस्तो थुनुवा वा कैदीलाई अदालत वा अड्डामा हाजिर गराउनु पर्छ। यसरी हाजिर गराउदा तोकिएको दिन वा समयमा आवश्यक सुरक्षाको प्रवन्ध गरी प्रहरी मार्फत अड्डा अदालतमा उपस्थित गराउनु पर्ने छ।

सम्वन्धित प्रहरीले काम नसकिउन्जेल अड्डा अदालतमा पर्खी काम सकेपछि थुनुवा वा कैदीलाई अड्डा अदालतबाट फिर्तालिगी कारागारमा बुझाउनु पर्नेछ। तर इजलासकोठा भित्र थुनुवा वा कैदीको जिम्मा इजलासले तोकिदिएको कर्मचारीको हुनेछ।

अचल चाल चलन भएका कैदी सम्बन्धमा :[१९]

श्री ५ को सरकारले कैद ठेकिएका कैदीहरूको जेलभित्र रहँदाको चाल चलन विचार गर्दा निजहरू सुधार भएका छन् भन्ने लागेका तिनीहरूलाई ठेकिएको कैदको सजायमा वढीमा पचास प्रतिशतसम्म कैद मिनाहा दिन सक्छ। यसबाट कैद सुधार गृहको रूपमा वर्तमान कानूनले अंगीकार गरेको रहेछ भन्ने स्पष्ट हुन्छ।

■

---

१. कारागार ऐन २०२० को दफा ३/४
२. ऐ ६
३. ऐ ७
४. ऐ ८ र कारागार नियमावलीको नियम ३१
५. ऐ ९ र नियम २३, २४, २५
६. ऐ ९ र नियम २२
७. ऐ १४ र नियम २६ /२३
८. ऐ १२
९. ऐ ११ र नियम ३८, ३९, ४०
१०. संविधानको १९ र नियम ४१
११. नियम १४,
१२. नियम ५०
१३. नियम ४४
१४. कारागार ऐनको दफा १८ नियमावलीको नियम १५
१५. नियम १६
१६. ऐनको दफा २१
१७. ऐनको दफा १५, नियमावलीको नियम ६२
१८. नियम २९

परिच्छेद ६

प्रहरीले पालना गर्नुपर्ने कर्तव्य र आचरण

प्रहरी भनेको समाजमा अनुशासन शान्ति सुरक्षा कायम गर्ने र अपराधको नियन्त्रण गर्नका लागि राज्यद्वारा संचालित एउटा संगठित संयन्त्र हो। वैदिक कालमा सैनिकले नै वर्तमान सेना र प्रहरीको भूमिका निर्वाह गर्दथ्यो तर समाज विकासको क्रमसंगै राज्यले सीमा विवादमा सहभागी हुने अर्थात हतियारले सुसज्जित सीमा रक्षकको रूपमा सेनालाई विकसित गरियो। सेनालाई राज्यका नागरिकका विरूद्ध प्रयोग गर्नु उपयुक्त र युक्तिसम्मत नभएको हुनाले राज्यले आफ्नो सीमाक्षेत्र भित्रका नागरिक वीच सामाजिक अनुशासन कायम गर्न र त्यसलाई खलल पुऱ्याएमा नियन्त्रण गर्ने प्रयोजनका लागी प्रहरी फोर्सको गठन गरिएको पाइन्छ।

प्रहरी भनेको त्यस्ता व्यक्तिहरूको जमात हो जसका प्रत्येक सदस्यहरूमा नम्रता, आज्ञाकारीता, फूर्तिलोपना, चलाक, बफादारी लगनशिलता र शिक्षा प्राप्त समेतका विशेषता हुनु आवश्यक छ। प्रहरीहरूले आफ्नो कार्य प्रारम्भ गर्दा वा कर्तव्यको पालना गर्दा समाजका कुनै पनि सदस्यसंग नम्र र शिष्ट भाषामा कुराकानी गर्नु पर्छ। प्रहरीले नम्र र मीठो वोलीद्वारा समाजका सदस्यहरू (जनता) लाई आफ्नो पक्षमा पारिराख्नु पर्नेमा दुर्वचन प्रयोग गरेर जनतालाई चिढ्याउने र जनताले प्रहरी आयो भनी भाग्ने अवस्था उत्पन्न समेत हुने गरेको छ। जुन गलत छ र प्रहरीले आफूमा रहेको त्यस्तो दुर्गुणलाई तत्काल छोड्नु पर्छ। त्यसरी नै प्रहरीको अर्को कर्तव्य भनेको आफूभन्दा माथीका अधिकारी वा प्रहरी फोर्समा नियन्त्रण गर्ने हैसियत प्राप्त निकायबाट प्राप्त आदेशलाई तत्काल कार्यन्वयन गर्नु हो। कुनै पनि प्रहरीले आफ्नो लागी कानून बमोजिम प्राप्त आदेशमाथी प्रश्न गर्ने नभई त्यसलाई कानूनको परिधि र समाजिक दायित्वलाई समेत हृदयंगम गरी कार्यान्वियन गर्नु पर्छ। आदेश ठीक वा वेठीक भनी वहस गर्ने वा आदेशको आवज्ञा गर्ने कार्य हुनु हुदैन। पुलिस फोर्सलाई प्राप्त आदेश बमोजिमको कुनै पनि कार्वाही प्रति आदेश दिने व्यक्ति उत्तरदायी हुने गर्छ। यसको मूल कारण प्रहरी आदेशको पालना गर्ने राज्य यन्त्र भएको हुनाले नै हो। तर आज्ञा पालना गर्ने नाममा आज्ञा दिनेले दिएको आदेशको घेरा नाघेर वा कानूनी दायर नाघेर गरेको कुनै कार्यलाई आज्ञा पालन गरेको नाममा आफ्नो पदीय दायित्वबाट भने पञ्छन हुँदैन।

प्रहरी फूर्तिलो र छरितो हुनु पर्छ ताकी त्यहाँ कुनै सूचना वा सुराक प्राप्त हुनासाथ आफ्नो व्यक्तिगत कार्य र व्यस्ततालाई त्याग गरेर भए पनि कार्यक्षेत्रमा दौडनु पर्छ। अर्थात सूचनाको भरमा विजुली चम्के झैं तेजगतिमा प्रहरीको कार्वाही प्रारम्भ हुनु पर्छ। उदाहरणको लागि कसैको हत्या हुदैछ भने सूचना प्राप्त भए पछि सो हत्या हुनु पूर्व नै त्यस्तो स्थलमा पुगी हत्या प्रयास असफल बनाइएमा प्रहरीको कर्तव्य पूरा भएको मानिन्छ तर हत्या भै सके पछि पुग्ने हो भने त्यहाँ समाजको एउटा सदस्य संसारवाट विदा भै सकेको र अर्को अपराधी भइ सकेको हुनेछ। अर्थात यस उदाहरणले के भन्न खोजिएको हो भने घटना घट्नु अगाडिको सूचनाका आधारमा घटना घटनै नदिने र घटना भै हालेमा तत्काल अपराधी पत्ता लगाई त्यस्ता व्यक्तिलाई कानून वमोजिम

अदालतमा पुऱ्याई सजाय दिलाउने दायित्व लाई सफलता साथ पूरा गर्नु नै प्रहरीको मूल्यांकनको आधार हो।

प्रहरीमा हुनुपर्ने अर्को गुण "चलाख" हुनु हो। कुनै घटना हुने नदिन वा भै हालेमा त्यसको अनुसन्धान गर्नका लागी प्रहरीले विभिन्न अड्कल गर्नु पर्ने हुन्छ। त्यस्तो अड्कल लगाउँदा शंकास्पद ठानिएका स्थानवाट सूचना संकलन गरी त्यस सूचनामा सत्यता छ वा छैन भनी परीक्षण गर्नका लागि प्रहरीले विभिन्न उपाय र श्रोतको प्रयोग गर्नु र त्यस्ता श्रोतको परिचालन समेत गर्नु पर्छ। कुनै शंका प्रमाणित नभएमा अर्को अनुसन्धानको प्रक्रिया थालनी गर्नु पर्छ। चेस खेलमा गोटी चालकले लगाउने दाउपेच जस्तै प्रहरीले पनि अपराध घटना हुन नदिन र भएमा अपराधी पत्ता लगाउन पनि बुद्धिको प्रयोग गर्नुपर्छ। त्यसरी नै प्रहरीमा हुनुपर्ने हो अर्को गुण बफादारी हो। प्रहरीले आफ्नो कर्तव्य पालना गर्दा प्रहरी फोर्सको मूल उद्देश्यवाट विचलित नभई देश र जनताको पक्षमा बफादारी साथ कार्य गर्नु पर्दछ। राज्यप्रति वा आफूलाई आदेश दिने व्यक्तिप्रति धोखा दिने नियतले वा अन्य कसैको हितमा आफ्नो पदको दुरूपयोग नगरी बफादारी साथ आफ्नो कर्तव्य र अधिकारको प्रयोग गर्नु पर्दछ।

प्रहरीमा हुनु पर्ने अर्को गुण लगनशिलता हो। समाजमा शान्ति सुरक्षा र सामाजिक अनुशासन कायम गर्नका लागी प्रहरीले लगातार परिश्रम गरिरहनु आवश्यक छ। कुनै दिन घटना भएन भनी आफ्नो कर्तव्य पालन गर्न उदासीनता देखाएमा समाजले अर्को कुनै दुर्घटना व्यहोर्नु पर्ने हुन सक्छ। यसरी नै कुनै अपराधिक घटना भई सकेपछि त्यस्तो अपराध हुनको कारण, त्यसको प्रभाव, अपराधमा संलग्न व्यक्तिहरूको विवरण र अपराधी तथा उनीहरूलाई दिइनुपर्ने सजायको माग गरी सक्षम अदालत समक्ष पेश गर्नु प्रहरीको कर्तव्य मात्र नभई दायित्व पनि हो भन्ने कुरामा विवाद छैन। यस किसिमको अनुसन्धान कार्य कुनै घटनामा लगातार वर्षौसम्म पनि गरिरहनु पर्ने हुन्छ। भारतका भू.पू. प्रधान मन्त्री राजीव गान्धीको हत्या भएको ४ वर्ष वितिसक्दा पनि अनुसन्धान क्रम जारी नै रहेको छ। त्यसरी नै नेपालमा पनि पदम ठकराठीको हत्या षडयन्त्रको पर्दाफास घटना भएको झण्डै डेड वर्ष पछाडी मात्र सम्भव भएको थियो। यसवाट के प्रष्ट हुन्छ भने प्रहरीले कुनै घटना सम्वन्धमा लगातार र लगनशील भई कर्तव्यको पालना गर्नु पर्ने हुन्छ।

प्रहरीको लागी आवश्यक अर्को गुण हो शिक्षा। शिक्षा विना कुनै पनि व्यक्तिले आफै सृजनात्मक कार्य गर्न सक्दैन। प्रहरीलाई अक्षर चिनाउनु नितान्त जरूरी छ तर अक्षर चिन्नु मात्र शिक्षा प्राप्त हैन। त्यस्तै सामान्य विश्वविद्यालय वा विद्यालय वाट डिग्री हासिल गर्दैमा पनि प्रहरीको शिक्षा पुरा भएको मानिदैन। यसका लागी प्रहरीको अधिकार र कर्तव्यको पालना सम्वन्धी शिक्षा नै आवश्यक पर्ने हुन्छ। त्यसैले प्रहरीले पहिला त आफु अनुशासित वन्ने शिक्षा लिनु पर्छ। त्यस पछि समाजलाई अनुशासन कायम गराउने शिक्षा लिनु आवश्यक छ। यस अन्तर्गत अपराधको रोकथाम, अपराधिक गतिविधिको अनुसन्धान सूचना संकलन र संप्रेषण सम्वन्धमा विद्यमान कानूनी व्यवस्था सम्वन्धमा मानव अधिकार शिक्षा र प्रहरीको कर्तव्यपालनाको सिलसिलामा यसको आवश्यकता सम्वन्धमा शिक्षा प्राप्त गरेको हुनु पर्छ। यी न्यूनतम शैक्षिक हैसियत प्राप्त प्रहरीवाट समाजले केही गर्छ कि भनी अपेक्षा गर्न सकिन्छ।

प्रहरी समाजिक अनुशासनको मार्ग दर्शक भएको हुनाले उसले सवै भन्दा पहिला आफूलाई नै समाजको असल उदाहरणको रूपमा पेश गर्न सक्नु पर्छ। आफू भ्रष्ट हुनेले अरूलाई नत उपदेश दिन हुन्छ न त त्यस्तो उपदेश कसैले पत्याउछ नै । त्यसैले प्रहरीले आफ्नो कर्तव्य क्षेत्रमा कार्यरत रहँदा कुनै पनि मानिससंग शिष्ट, सभ्य र मर्यादित ढंगले व्यवहार गर्नु पर्छ। कुनै पनि

व्यक्तिसंग मिठो र मायालु ढंगले बोल्दा निजले आफ्नो कुरा फटाफट राख्ने गर्छ भने त्यसै व्यक्तिलाई खरो र अमर्यादित रूपमा भन्यो भने निजले न त आफ्नो कुरा भन्न चाहन्छ न त प्रहरीप्रति उसको दृष्टिकोण कहिल्यै सकारात्मक हुने गर्छ। त्यसैले सामान्य वोलीचाली, शिष्टाचार र प्रहरीको निजी वानी व्यहोरा असल हुनु आवश्यक छ।

समाजमा प्रहरीको आवश्यकता पर्छ भने प्रहरीलाई पनि समाजको आवश्यकता पर्ने हुन्छ। कुनै पनि सामान्य मानिस प्रहरी आयो भने पछि भाग्ने र आतंकित हुने अवस्था सृजना भयो भने प्रहरीले आफ्नो दायित्व पूरा गरेको मानिदैन। प्रहरी त समाजमा लगातार घुलमिल हुन सक्नु पर्छ। समाजमा घुलमिल हुनै नसक्ने व्यक्तिले समाजमा शान्ति सुरक्षा कायम गर्न सक्दैन र अपराध भएकोमा त्यस्तो अपराधको अनुसन्धान पनि गर्न सक्दैन। त्यसैले समाजमा आफू घुलमिल हुनसक्ने वातावरण सृजना गर्ने दायित्व पनि प्रहरी कै हो।

मानिस नै भएको हुनाले उसलाई मानवीय इच्छा हुनु स्वभाविक नै हो। ती सबै मानवीय इच्छा पूरा हुन नसके पनि न्यूनतम इच्छा पूरा हुनै पर्छ। प्रहरी पनि सामाजिक प्राणी हो। मानवीय चेतना इच्छामा प्रहरीहरू अन्य मानिसबाट पृथक हुनै सक्दैन। त्यसरी नै कार्य वोझ र खान पिन गर्ने समयको अभाव आदि कारणले गर्दा मानिसको मस्तिष्कमा असर पर्ने हुन्छ। राम्रो खानपिन नपाएको र लगातार डिउटीमा रहनु पर्दा उसलाई रीस उठ्नु स्वभाविक नै हो। प्रहरी कर्मचारी नियमित ड्यूटीमा होस् वा नहोस् व्यावहारमा उ सदा डयूटीमा रहिरहेको मानिन्छ र वास्तवमा त्यस्तो भएको पनि हुन्छ। उसलाई डिउटी र निजको व्यक्तिगत इच्छा र आकांक्षा वीचमा कतिपय अवस्थामा सन्तुलन कायम गर्न अप्ठ्यारो समेत पर्दछ। त्यसैले उनीहरूको संवेदनालाई समाजले र उ भन्दा माथिल्लो तहको कर्मचारी वा हाकिमले बुझिदिनु पर्छ। यदि यस्तो कुरा नवुझी उसमाथि कुनै आदेश प्राप्त भयो भने वा उसले कुनै कार्य गर्न वाध्य भयो भने त्यसबाट सकारात्मक र अपेक्षित परिणाम निस्कदैन।

हामीहरूको अनुभवले पनि यो कुरा पुष्टी गरी सकेको छ। उदाहरणका लागी जन आन्दोलन र त्यस पछिका कतिपय आन्दोलनको तुलना गर्न सकिन्छ। जन आन्दोलन र २०४८-५१ को वीचमा नेपाली कांग्रेसको कार्यकालमा भएका आम जनप्रदर्शनी दमन गर्न वा कथित शान्ति सुरक्षा कायम गर्न प्रहरीलाई तैनाथ गरिएको थियो। त्यसरी प्रहरीलाई तैनाथ गर्दा उनीहरूलाई खानपिनको राम्रो व्यवस्था नगर्ने र विहान देखि भोकै राखी दिउसो २।३ बजे ड्रममा खाना पकाई काँचो भात प्लाष्टीकको झोलामा हाली विजोग संग प्रहरीलाई ख्वाउने गरिएको सर्वसाधारण सबैले देखेका थिए। त्यस्तो अवस्थामा प्रहरीको मन मस्तीष्कमा आफ्ना आदेश कर्ता माथी उठेका रिस (?) जो कसैले अनुमान गर्न सक्थ्यो। त्यो रिस आफ्ना आदेश कर्ता माथी नत पोख्न सकिन्थ्यो नत त्यसो गर्नु नै राम्रो हुन्थ्यो। त्यसैले त्यो रिसको विस्फोट जुलस र आम सभा माथी अन्धाधुन्ध हुने लाठीचार्ज र गोली प्रहार बाट हुने गर्दथ्यो। अन्तत यसबाट प्रहरी सेवा प्रति जनताको वितृष्णा बढेको मात्र नभई प्रहरी देख्ना साथ जनता आतंकित हुने अवस्था उत्पन्न भयो।

तर त्यसपछि एमाले सरकारको समयमा पनि आन्दोलन भए तर कुनै आन्दोलनमा न त मानिसको मृत्यु भयो न त जुलुस वा सभामा गोली प्रहार नै भयो। त्यस वखत प्रहरीलाई जुलुस सभामा तैनाथ गर्दा चाउचाउ, फलफूल र फुटीको व्यवस्था गरिएको हामीले देखेका थियौं। यसको तुलनात्मक अध्ययन गर्दा पनि के निष्कर्षमा पुग्न सकिन्छ भने भोक प्यास लाग्न मानीसको प्रकृतिक नियम नै हो र त्यसलाई पूरा गर्नु मानिसको कर्तव्य हो। त्यस्तो कर्तव्य पूरा नभएमा मानिसको शरीरका कतिपय अंगहरूले आफ्नो कार्य नियमित रूपमा गर्न नसक्ने हुन्छ र त्यसको प्रतिक्रिया

समाजमा नकारात्मक हुन सक्छ। त्यसैले प्रहरीले आफ्नो कर्तव्य पालन गर्नु अगाडि आफ्नो शरीरप्रतिको कर्तव्य समेत पालन गर्नु पर्छ र आदेश कर्तालि त्यसको व्यवस्था समेत मिलाउनु पर्छ।

यी उल्लेखित कतिपय कुराहरूलाई नेपालको कानूनले समेत उल्लेख गरेको छ। प्रहरीको कर्तव्य भित्र पदीय कर्तव्य समेत पर्दछ। त्यसैले विद्यमान कानून अनुसार प्रहरीको आम कर्तव्य र पदीय कर्तव्य छुट्टाछुट्टै व्यवस्था गरिएको छ। प्रहरी ऐन तथा नियमावली अनुसार प्रहरीको कर्तव्य सामान्यतया निम्न अनुसार रहेको छ :

हरहमेसा ड्यूटीमा रहेको :[१]

प्रहरी ऐन अनुसारको काम कारवाहीको सन्दर्भमा हरेक प्रहरी कर्मचारी हरहमेसा डिउटीमा रहेको मानिन्छ। कुनै विदा वा ड्यूटी समय समाप्त भएको भन्ने आधारमा प्रहरी आफ्नो दायित्व र कर्तव्य पालनाबाट पन्छिन पाउदैन। नेपाल अधिराज्य भित्रको कुनै पनि भागमा कुनै पनि समय प्रहरी कर्मचारीलाई खटाइन सक्ने हुन्छ र त्यसरी खटिनु प्रहरीको कर्तव्य हुनेछ।

अधिकार प्रयोगको सीमा :[२]

प्रहरी कर्मचारीले आफ्नो अधिकारको प्रयोग प्रचलित कानूनको अधीनमा रही त्यस्तो कानूनले तोकेको सीमा भित्र मात्र गर्न पाउछ। सो भन्दा बढी अख्तियारको प्रयोग गर्न पाउदैन। तर माथिल्लो तहको प्रहरी कर्मचारीले आफू भन्दा तल्लो दर्जाको कर्मचारीले पाएको अख्तियारी भने प्रयोग गर्न पाउछ।

आदेशको पालना तत्काल गर्नुपर्ने :[३]

कुनै व्यक्तिलाई कुनै कानूनले प्रहरीलाई आदेश जारी गर्ने अख्तियारी दिएको रहेछ भने त्यस्तो आदेश कानून वमोजिम दिएकोमा प्रहरीले त्यस्तो आदेश तत्काल पालना गर्नुपर्छ। तर कानून विपरीतको आदेश वा कुनै अख्तियारवालाले उसको व्यक्तिगत काम गर्ने वा कानून वमोजिम कार्यवाहेक अन्य कुनै आदेश दिएमा त्यसलाई मान्न प्रहरी कर्मचारी वाध्य छैन। त्यसरी नै कुनै अधिकारीबाट जानकारी भएको वारेन्ट तुरून्त तामेल गर्नु पर्छ र संभव भएसम्म त्यस्ता व्यक्तिलाई तत्काल गिरफ्तार गरी सक्षम अधिकारी समक्ष पेश गर्नुपर्छ।

अपराध नियन्त्रणमा तदारुकता :[४]

शान्ति र सुव्यवस्थालाई असर पर्ने खालको खवर संकलन गर्नु र माथिल्लो अधिकारीलाई जानकारी दिनु प्रहरीको अर्को कर्तव्य हो। यसैगरी प्रहरीले अपराध रोकथाम गर्ने, अपराधी पत्ता लगाउने र अपराधीलाई कानून वमोजिम सजाय दिलाउने गर्नु पर्छ। यसो गर्दा जनतालाई झन्झट पर्नबाट बचाउनु पर्छ। कानून वमोजिम पक्रन पर्ने वा पक्रनु पर्ने पर्याप्त कारण भएका व्यक्तिलाई पक्रनु, यसरी पक्राउ परेका वा थुनामा रहेका व्यक्तिलाई चाहिने सिधा र वासको व्यवस्था गरिदिने दायित्व र कर्तव्य प्रहरी कर्मचारी कै हो।

साम्माजिक अनुशासन र दयित्वको पालना गर्ने :[५]

प्रहरी ऐनको दफा १५ (१) अनुसार प्रहरीले असमर्थ र असहाय भई वाटोघाटोमा परिरहेका

व्यक्तिहरूलाई आफूबाट हुन सक्ने हर किसिमको मद्दत दिनु पर्दछ। जोखिम किसिमका र आफ्नो हेरचाह गर्न नसक्ने किसिमका मादक पदार्थ वा नसालु, अम्मल खाएका व्यक्ति वा वौलाएका व्यक्तिलाई आफ्नो जिम्मामा लिनु पर्छ।

त्यसरी नै पक्राउ भएका वा थुनामा रहेका, घायल र विरामी भएका व्यक्तिको आवश्यक मद्दतका लागि चाहिने र उपचार लगायतको कारवाही तुरून्त गर्नुपर्छ। त्यस्तालाई पहरा दिंदा वा अन्यत्र लैजादा निजको व्यवस्थाको उचित ख्याल राख्नु पर्छ।

खानतलासी लगायतका अनुसन्धानको कार्य गर्दा असम्य व्यवहार नगरी र मानिसलाई हैरानी नहुने किसिमले गर्नुपर्छ। सर्वसाधारण जनतासंग शिष्ट व्यवहार गर्ने र स्वास्नी मानिस र केटाकेटीहरूसंग पूरा इज्जत र मनासिव नम्र भई व्यवहार गर्नु पर्छ।

आगलागी तथा अन्य दुर्घटना र खतराबाट जनतालाई जोगाउन वा भएको क्षति कम गर्नका लागि भरमग्दुर प्रयास गरिनु पर्छ। यसरी नै समाजमा शान्ति अनुशासन कायम गर्नका लागि लागु औषधि वा मदिरा विक्री गर्ने वा सेवन गराउने भट्टी पसल, होटल, लज, रेष्टुरा जुवा खेलीरहेको ठाउँ, चरित्रहिन र वदमास भेला हुने कुनै ठाउँमा विना सूचना तथा वारेन्ट कम्तिमा सहायक निरीक्षक दर्जाको प्रहरीको कमाण्डमा निरीक्षण गरिनु पर्छ। यदि यसरी निरीक्षण गरिएको छ भने त्यस्तो व्यहोराको सूचना सम्बन्धित प्रहरी कर्मचारीले प्रमुख जिल्ला अधिकारीलाई दिनु पर्नेछ।

सार्वजनिक स्थान, सवारी र यात्री व्यवस्था :[६]

सार्वजनिक बाटोमा यातयात व्यवस्था र नियन्त्रण गर्ने, त्यहाँ यातयातको रोकावट हुन नदिने र सार्वजनिक बाटो र त्यसको वरिपरि कानून विपरीत अतिक्रमण हुन नदिने कर्तव्य प्रहरीको हो। त्यसै गरी प्रहरीले त्यस्तो सार्वजनिक बाटो सबैले नुहाउने, लुगाधुने ठाउँ, घाट, हवाई अड्डा, रेलको स्टेशन, मेला लाग्ने ठाउँ, देवालय र अरू सार्वजनिक स्थानमा तथा सबैले पूजा गर्ने ठाउँ र त्यसको वरिपरि शान्ति सुव्यवस्था कायम गर्नुपर्छ। सवारी, डुङ्गा वा यस्तै पालोसंग जानुपर्ने स्थानमा घुइचो हुन नदिन सार्वजनिक अनुशासन कायम गराउनु पर्छ।

सार्वजनिक सभा र जुलुसको व्यवस्था : हेर्नुहोस् जनप्रदर्शन र प्रहरी शिर्षकमा

वेवारीसे सम्पति सम्बन्धमा :[७]

प्रहरीले कही कुनै पनि वेवारिसे सम्पत्ति फेलापरेमा त्यसको तायदाती खडा गर्नुपर्छ। त्यसरी तयार गरिएको तायदाती प्रमुख जिल्ला अधिकारीको समक्ष पेश गर्नुपर्छ।

वेवारिसे लास सम्बन्धमा :[८]

कुनै वेवारिसे लास फेला परेमा प्रहरीले कब्जामा लिई लाशको सनाखत र कालगतिले मरेको मुचुल्का गराई हकवाला फेला परेकोमा हकवाला लाई सतगत गर्न बुझाई दिनु पर्छ। हकवाला फेला नपरे वा बुझी नलिए त्यस्तो लास चिकित्साशास्त्र अध्ययन संस्थान स्थापना भएको ठाउँमा अध्ययनको प्रयोजनको निमित्त त्यस्तो संस्थानलाई आवश्यक भएमा प्रहरीले सो संस्थानलाई बुझाइ दिनु पर्छ। त्यस्तो संस्थान नभएको ठाउँमा र त्यस्तो संस्थानलाई आवश्यक नपर्ने भएमा प्रहरीले स्थानीय गाउ विकास विकास समिति वा नगरपालिका वा सामाजिक संस्था मार्फत दाहसंस्कार गराउनु पर्छ। तर दुर्घटना परी, आत्महत्या गरी वा शंकास्पद स्थितिमा मरेकोमा भने प्रचलित कानून

बमोजिम लास जाँच, शव परीक्षण समेत गर्नु पर्ने तहकिकातको काम कारवाही पुरा गरेपछि मात्र त्यस्तो लास अध्ययन संस्थानलाई बुझाइदिनु वा दाह संस्कार गराउन सकिने छ।

प्रहरी कर्मचारीले डायरी राख्नुपर्ने :[९]

प्रहरी कार्यालयमा दर्ता हुन आउने सबै उजुरी र आरोप, गिरफ्तार भएका सबै मानिसको नाम, उजुर गर्नेको नाम, गिरफ्तार भएको व्यक्ति उपर लगाएको अभियोग र निजहरूबाट वा अरू किसिमबाट बरामद भएको हातहतियार, धनमाल र बुझिएका साक्षीहरूको नाम समेतको व्यहोरा खोली चढाई राख्नु हरेक ठानाको अख्तियार वाला प्रहरीको कर्तव्य हो।

असल नियतले गरेको कार्यमा बचाउ :[१०]

प्रचलित कानूनले प्रदान गरेको अख्तियारी र कर्तव्य असल नियतले गर्दा प्रहरीद्वारा कुनै त्रुटी भएमा त्यस उपर कारवाहीको भागी बन्नु पर्ने छैन। तर गलत नियत राखी वा कानूनी दायरा नाघेर कुनै कार्य भएकोमा भने त्यस्तो बचाउ गरिनु हुँदैन र गरिने पनि छैन।

पदीय हैसियतले पालन गर्नुपर्ने काम र कर्तव्य :

प्रहरी कर्मचारीले पालन गर्ने कर्तव्य र काम माथि उल्लेख गरिए बमोजिमको अतिरिक्त प्रहरी नियमावली अनुसार छुट्टाछुट्टै पदमा रहेका प्रहरीको काम र कर्तव्य छुट्टाछुट्टै रहेको छ।

प्रहरी महानिरीक्षकको काम र कर्तव्य :[११]

प्रहरी महानिरीक्षकको काम र कर्तव्य देहायबमोजिम हुनेछ :

(क) प्रहरी प्रधान कार्यालय र सो मातहतका सबै प्रहरी कार्यालयहरूमाथि सामान्य नियन्त्रण र रेखदेख गर्ने।

(ख) मुख्य प्रहरी अधिकारीको हैसियतले प्रहरी प्रशासनका सबै काम काजहरूमा श्री ५ को सरकारलाई सल्लाह दिने।

(ग) प्रहरी निरीक्षक र सो भन्दा माथिका पदका प्रहरी कर्मचारीको अनुशासन सम्बन्धी विभागीय कारवाहीमा आफ्नो राय साथ श्री ५ को सरकारमा प्रतिवेदन पेश गर्ने।

(घ) देशमा शान्ति सुव्यवस्था कायम राख्ने र मातहत कार्यालयहरूबाट अपराध सम्बन्धी अवस्थाको सामयिक प्रतिवेदनहरू लिने।

(ङ) जिल्लाको स्थितिलाई सामना गर्न पर्याप्त संख्यामा प्रहरी राख्ने।

(च) सालमा एक पटक प्रत्येक क्षेत्रभित्रका कमसेकम तीन जिल्लाहरूको निरीक्षण गर्ने र निरीक्षण गरेको प्रतिवेदनको एक प्रति श्री ५ को सरकारमा पठाउने।

(छ) क्षेत्र वा जिल्लामा भएको डकैती, खून, डाका जस्ता ठूला अपराध र अन्य साधारण अवस्थाको राजनैतिक गतिविधिको प्रतिवेदन छिटो साधनद्वारा श्री ५ को सरकारमा तुरून्त दिने।

(ज) देशको आन्तरिक शान्ति सुव्यवस्थासंग सम्बन्धित विषयमा श्री ५ को सरकारलाई राय सल्लाह दिने।

(झ) सबै प्रहरी नायब महानिरीक्षकहरूको काम कारवाही उपर राम्रो रेखदेख तथा नियन्त्रण गर्ने।

(ञ) प्रहरीहरूलाई अनुशासनमा राख्ने र तालिमको प्रबन्ध गर्ने।

(ट) क्षेत्रका प्रहरी नायब महानिरीक्षकहरूले पठाएको वार्षिक प्रहरी प्रशासनको प्रतिवेदनको आधारमा प्रहरी प्रशासनको वार्षिक प्रतिवेदन श्री ५ को सरकारमा पेश गर्ने।

(ठ) अन्तर्राष्ट्रिय प्रहरी संगठनसंग सम्पर्क तथा समन्वय कायम राख्ने।

(ड) दैवी प्रकोप पीडित अवस्थामा उद्दारका लागि तदारूकतासाथ संलग्न हुने।

(ढ) सार्वजनिक सुरक्षा कायम राख्न प्रशासनलाई पूर्ण सहयोग गर्ने

(ण) श्री ५ को सरकारले निर्देशन दिएका अन्य कुराहरू तदारूकताकासाथ सम्पन्न गरी प्रतिवेदन पेश गर्ने।

क्षेत्रीय प्रहरी कार्यालय प्रमुखको काम र कर्तव्य :[१२]

क्षेत्रीय प्रहरी कार्यालय प्रमुखको काम र कर्तव्य देहाय बमोजिम हुनेछ :

(क) आफ्नो क्षेत्र अन्तर्गतका जिल्लाहरूमा प्रहरी प्रशासनको कामकाज सुचारू रूपबाट चलाउन लगाउने।

(ख) प्रमुख जिल्ला अधिकारी तथा जिल्ला प्रहरी कार्यालयका प्रमुखसंग निकटतम सम्पर्क राखी काम कारवाहीमा समन्वय कायम गर्ने।

(ग) मातहतका प्रहरी कार्यालयहरूको निरीक्षण तथा सुपरीक्षण गर्ने।

(घ) मातहतका प्रहरी कर्मचारीको काम कारवाहीका रेखदेख तथा नियन्त्रण गर्ने।

(ङ) आफ्नो क्षेत्रभित्रका सम्बन्धित सबै प्रहरी कार्यालयको वर्षको एक पटक निरीक्षण गर्ने र निरीक्षण गरिएको प्रतिवेदन तयार गरी निरीक्षण गर्दा देखिएका त्रुटिहरूतर्फ ध्यान समेत आकर्षित गरी एक प्रति प्रहरी प्रधान कार्यालयमा र एक प्रति सम्बन्धित प्रहरी कार्यालयमा पठाउने।

(च) खून, डकैती, लुटपिट विषको प्रयोग, ठूल्ठूला हुलदंगा र सरकार विरूद्ध रचिएका षडयन्त्रहरू जस्ता गहन प्रकृतिका मुद्दाहरूको प्रतिवेदन यथाशीघ्र प्रहरी महानिरीक्षक समक्ष पठाउने।

(छ) नेपाल अधिराज्यको संविधान विरूद्धको काम कारवाही, अवैध गतिविधि र अरू साधारण अवस्थाको सामना गर्न तथा प्रहरी र जनताको बीच सुसम्बन्ध कायम गर्न उठाइएका कदमहरूको मासिक प्रतिवेदन प्रहरी महानिरीक्षक समक्ष पठाउने।

(ज) जिल्ला प्रहरी कार्यालयका प्रमुखबाट प्राप्त वार्षिक प्रहरी प्रशासन प्रतिवेदनको आधारमा आफ्नो क्षेत्रको वार्षिक प्रहरी प्रशासन प्रतिवेदन प्रहरी प्रधान कार्यालयमा पठाउने।

(झ) क्षेत्रीय प्रहरी तालीम केन्द्रमाथि रेखदेख तथा नियन्त्रण राखी तालीम संचालन गराउने।

(ञ) मातहतमा रहेका प्रहरीहरूलाई तालिम दिन लगाउने।

(ट) आफ्नो कार्यक्षेत्र भित्रका दुश्चरित्र व्यक्तिहरूको अभिलेख वैज्ञानिक एवं आवधिक ढंगबाट राख्न लगाउने।

(ठ) आवश्यकता अनुसार अपराध नियन्त्रण तथा अनुसन्धानका लागि अन्तर्राष्ट्रिय सीमावर्ती समकक्ष अधिकारीहरूसंग सम्पर्क तथा समन्वय कायम राख्ने।

(ड) क्षेत्रभित्र ट्राफिक प्रहरी नियन्त्रण गर्ने।

(ढ) दैवी प्रकोप परेको अवस्थामा उद्दारका लागि तदारूकतासाथ संलग्न हुने।

दंगा नियन्त्रण प्रहरी ईकाई प्रमुखको काम कर्तव्य :[१३]

दंगा नियन्त्रण प्रहरी इकाई प्रमुखको काम र कर्तव्य देहाय बमोजिम हुनेछ :

(क) प्रहरी प्रधान कार्यालय तथा क्षेत्रीय प्रहरी कार्यालयको प्रत्यक्ष मातहत रेखदेख तथा नियन्त्रणमा रही दंगा नियन्त्रण प्रहरी इकाईको आन्तरिक प्रशासन तथा व्यवस्थापन गर्ने गराउने।

(ख) जनताको जिउ, धन तथा सार्वजनिक सुरक्षालाई बढी सबल र सुदृढ गर्न दंगा नियन्त्रण प्रहरीलाई अतिरिक्त बलको रूपमा आवश्यकता अनुसारको पर्याप्त आधुनिक तालिम र साधनयुक्त गराई ठूल-ठूला हुलदंगा तथा सम्प्रदायिक दंगा जस्ता विशेष परिस्थितिहरूमा प्रहरी प्रधान कार्यालय एवं क्षेत्रीय प्रहरी कार्यालय एवं क्षेत्रीय कार्यालय प्रमुखको आदेश निर्देशनमा मात्र दंगा नियन्त्रण प्रहरीको परिचालन गर्ने गराउने।

(ग) आफ्नो मातहतका अधिकृत तथा जवानहरूलाई अनुशासित, कर्तव्य परायण र आज्ञाकारी गराउन नियमित रूपमा निरीक्षण निर्देशन आदि गरी सो सम्बन्धी प्रतिवेदन प्रहरी प्रधान कार्यालय तथा सम्बन्धित क्षेत्रीय प्रहरी कार्यालयमा जाहेर गर्ने।

(घ) दैवी प्रकोप परेको अवस्थामा उद्दारका लागि तदारूकता साथ संलग्न हुने।

जिल्ला प्रहरी कार्यालय प्रमुखको काम र कर्तव्य :[१४]

जिल्ला प्रहरी कार्यालय प्रमुखको काम र कर्तव्य देहाय बमोजिम हुनेछ :

(क) प्रहरी कर्मचारीहरूमा अनुशासन कायम राख्दै कुशलतापूर्वक उचित तरिकाले कर्तव्य पूरा गर्न लगाउने।

(ख) अदालत वा अन्य कार्यालय सम्बन्धी कामको सिलसिलामा प्रहरीले गर्नु पर्ने काम तुरून्त गर्ने,

(ग) इलाका प्रहरी कार्यालय, प्रहरी चौकी र आफ्नो कार्यालयको समेत प्रमुख जिल्ला अधिकारीबाट सालको एक पटक जाँच गराउने व्यवस्था मिलाउने र आफैले पनि हरेक ईलाका प्रहरी कार्यालय, र प्रहरी चौकीको कम्तिमा सालको तीन पटक निरीक्षण गर्ने।

(घ) सालको कमसेकम तीन महिना जिल्लाको भित्री भागहरूमा भ्रमण गर्ने।

(ङ) जिल्लाको भित्री भागहरूको भ्रमण र निरीक्षणको कार्यक्रम प्रमुख जिल्ला अधिकारीसंग परामर्श गरी मिलाउने र भ्रमण निरीक्षणको सिलसिलामा देखिएका घटेका अन्य महत्वपूर्ण घटनाहरूको सम्बन्धमा प्रमुख जिल्ला अधिकारी समक्ष सूचना गर्ने।

(च) आफ्नो इलाकासंग जोडिएको अर्को जिल्ला प्रहरी कार्यालयका प्रमुखसंग सालको एकपटक साँध वारिपारिको अपराधको सम्बन्धमा सरसल्लाह गर्ने।

(छ) आफ्नो जिल्लाभित्र भएको खुन, डाका र अन्य ठूला साना अपराध र अन्य असाधारण गतिविधिको प्रतिवेदन प्रमुख जिल्ला अधिकारीलाई दिने।

(ज) जिल्लाको शान्ति सुरक्षा कायम राख्ने कार्यमा प्रमुख जिल्ला अधिकारीले दिएको आदेश तदारूकताका साथ कार्यान्वयन गरी प्रतिवेदन दिने।

(झ) सरूवा वा बढुवा भई जिल्ला छोड्दा निम्न लिखित कुराहरू भएको एउटा प्रतिवेदन तयार गर्ने :

(१) जिल्लाको अपराध सम्बन्धी अवस्था।

(२) जिल्लाको राजनैतिक वातावरण

(३) जिल्लाको प्रमुख जिल्ला अधिकारीसंगको सम्बन्ध।

(५) जिल्लाको प्रहरी सहायक निरीक्षक, प्रहरी नायव निरीक्षक, प्रहरी निरीक्षक र प्रहरी नायव उपरीक्षकको क्षमता र नैतिकता।

(६) जिल्लाका महत्वपूर्ण चौकीहरूको विवरण।

(ञ) सबै किसिमका नियुक्ति, सजाय, सरूवा, विदा, गारदको अदली बदली, विभागीय आदेशहरू रजिष्ट्रमा संकलन गरी अभिलेख ठीक दुरूस्त राख्ने।

(ट) आफ्नो कार्यालयमा रहने अपराध सम्बन्धी पुस्तिकामा ईलाका प्रहरी कार्यालय र चौकीमा पर्न आएका सबै अपराधहरूको सूचना प्रतिवेदन दर्ता गर्ने गराउने र अपराधको जाँच पड्ताल हुँदा सम्बन्धित प्रहरी कर्मचारीको आचरण त्यस सम्बन्धमा कस्तो थियो आफ्नो राय जनाउने।

(ठ) अपराध सम्बन्धी मुद्दामा शंका गरिएका व्यक्तिहरूको नाम लेखी राख्ने र यसैको आधारमा हरेक इलाका प्रहरी कार्यालय र चौकीहरूमा शंका भएका व्यक्तिहरूको नाम लेखी राख्न लगाउने र त्यस्ता व्यक्तिहरूको गतिविधिमाथि निग्रानी राख्ने।

(ड) ज्यान सम्बन्धी मुद्दा, डकैती, घेरै जना मानिस शरीक भएका हुलदंगा र राजकाज सम्बन्धी लगायत श्री ५ को सरकार वादी हुने मुद्दाहरूमा अपराधको अनुसन्धान तथा तहकिकात गर्न आवश्यक परेमा अरू इलाकाको इलाका प्रहरी कार्यालयले गर्ने काम समेत आफैले गर्ने तर कुनै खास कारणले आफूले भ्याउन नसक्ने अवस्था परेमा सो को कारण समेत खोली प्रहरी नायव उपरीक्षक वा प्रहरी निरीक्षक वा प्रहरी नायव निरीक्षक वा इलाका प्रहरी कार्यालयको प्रमुखलाई खटाई पठाई काम गराउने र आफू जान सक्ने हुनासाथ आफू पनि गई कार्वाही ठीक बेठीक समेत जाँची कारवाही गर्ने।

(ढ) ईलाका प्रहरी कार्यालय जाँच गर्दा कानून र आदेश बमोजिम काम भए नभएको जाँची कुनै काममा समय थप्न आवश्यक देखिएमा आवश्यक समय तोकी गर्नु पर्ने काम र गल्ती देखिएमा सो समेत तोकिएको कितावमा लेखी सो किताव वा श्रेस्तामा निस्सा लगाउने।

(ण) चोरी, जवरजस्ती चोरी, नकवजनी, रहजनी, डकैती, खून, विष खुवाएको ज्यान सम्बन्धी, करणी, आगलागी र गौवध, लागू औषध, ज्यान मास्ने बेच्ने जस्तो मुद्दाहरूको विवरण तोकिएको कितावमा राख्ने।

(त) श्री ५ महाराजधिराज र राजपरिवारको सवारी सुरक्षाको आवश्यक प्रबन्ध गर्ने।

(थ) चोरी, डाका, खुनको दरखास्त परेको वा प्रहरीले नै थाहा पाएको अथवा दरखास्त नपर्दै पक्राउ भएकोमा समेत भरसक त्यसै दिनमा र नभ्याए तीन दिनभित्र आफ्नो माथिल्लो अड्डामा प्रतिवेदन पेश गरी त्यस्तो वोधार्थ प्रति प्रहरी महानिरीक्षक समक्ष पठाउने।

(द) अंग रक्षकको सुविधा पाएका उच्च ओहदाका पदाधिकारीहरूले भ्रमण गर्दा, अड्डाखाना सार्दा वा सरकारी नगदी जिन्सी चलान गर्दा सुरक्षाको आवश्यक प्रबन्ध गर्ने।

(ध) प्रचार प्रसार गर्न लायकका खबरहरू प्रहरी प्रधान कार्यालयमा पठाई प्रमुख जिल्ला अधिकारी समेतलाई सूचना दिने।

(न) खून, डकैती, लुटपिट, विषको प्रयोग, ठूलठूलो हुलदंगा र सरकार विरूद्ध रचिएका षडयन्त्रहरू आदि विषयको पाक्षिक र प्रहरी प्रशासन सम्बन्धी वार्षिक प्रतिवेदन क्षेत्रीय प्रहरी कार्यालयमा पठाउने।

(प) आवश्यकतानुसार रातको गस्ती र पालो पहरा आदिको समेत व्यवस्था मिलाउने।

(फ) विदेशी नागरिकहरूको गतिविधिको जानकारी राख्ने र राख्न लगाउने।

(ब) जिल्लाभित्र ट्राफिक प्रहरीको नियन्त्रण गर्ने।

(भ) सीमावर्ती अन्तर्राष्ट्रिय समकक्ष अधिकृतसंग सम्पर्क र समन्वय राखी अपराध नियन्त्रण गर्ने।

(म) दैवी प्रकोप परेको अवस्थामा उद्धारका लागि तदारूकता साथ संलग्न हुने।

नगर प्रहरीको कार्यालय प्रमुखको काम र कर्तव्य :[१५]

नगर प्रहरी कार्यालय प्रमुखको काम र कर्तव्य देहाय बमोजिम हुनेछ :

(क) आफ्नो कार्य क्षेत्रभित्रको हरेक घटनाको जानकारी लिई सो सम्बन्धमा सम्बन्धित अधिकृतलाई तत्काल सूचना गर्ने।

(ख) आफ्नो माताहतका कार्यालयहरूलाई सुधार र सुदृढीकरणको लागि आवश्यक परामर्श दिने।

(ग) आफ्नो कार्य क्षेत्रभित्र आवश्यकतानुसार गस्ती र पालो पहराको व्यवस्था गरी अपराध नियन्त्रण गर्ने र कुनै घटना घटेको जानकारी प्राप्त हुना साथ स्वयम् त्यस ठाउँमा पुग्ने।

(घ) आफ्नो मातहतका प्रहरी कर्मचारीले पाएको उर्दीको पोशाक र अन्य सरकारी सामानहरूको हप्तामा एक पटक निरीक्षण गर्ने।

(ङ) आफ्नो कार्यालयमा रहेका हातहतियार गोली गठ्ठा र अन्य सरकारी मालसमानहरूको हिफाजत गर्ने र सरसफाई गरी राख्ने।

(च) समय समयमा अफूलाई प्राप्त आदेश निर्देशनका पालना गर्ने।

इलाका प्रहरी कार्यालय वा वडा प्रहरी कार्यालय प्रमुखको काम र कर्तव्य :[१६]

इलाका प्रहरी कार्यालय वा वडा प्रहरीकार्यालय प्रमुखको काम र कर्तव्य देहाय बमोजिम हुनेछ :

(क) इलाका प्रहरी कार्यालय वा वडा प्रहरी कार्यालय र चौकीको प्रशासन मिलाउने।

(ख) प्रहरी कर्मचारीहरूले गर्नु पर्ने काम कर्तव्यहरू उचित तरिकाबाट गराउने, अभिलेख किताबहरू ठीक दुरूस्त राख्न लगाउने र समय समयमा सामयिक प्रतिवेदनहरू माथिल्लो कार्यालयमा पठाउने।

(ग) इलाका प्रहरी कार्यालय वा वडा प्रहरी कार्यालयमा रहेको सरकारी खजाना, मालसामान इत्यादि सुरक्षित राखी त्यसको श्रेस्ता दुरूस्त राख्ने।

(घ) मातहतका प्रहरी कर्मचारीहरूलाई काम कर्तव्यको सम्बन्धमा आदेश दिने, तिनीहरू माथी नियन्त्रण राख्ने र अनुशासन पालन गराउने।

(ङ) आफ्नो इलाकाभित्र रहेका देहायको स्थान र मानिसहरूको जानकारी राख्ने :

(१) दुश्चरित्र व्यक्तिहरू जम्मा हुने ठाउँ।

(२) चोर डाकाहरू जम्मा हुने ठाउँ।

(३) डाका पाल्ने मानिसहरू।

(४) चोर पाल्ने वा चोरीको मालको व्यवस्था गर्ने मानिसहरू।

(५) गैर कानूनी हातहतियार राख्ने र बनाउने मानिसहरू।

(६) महिलाहरू विक्री गर्ने र चोरी निकासी पैठारी गर्ने व्यक्तिहरू।

(७) लागू पदार्थ कारोवार वा सेवन गर्ने व्यक्तिहरू।

(८) जुवा खेल्ने र खेलाउने व्यक्तिहरू।

(च) इलाका भित्र वराबर गस्ती गरी दुश्चरित्र भएकाहरूमाथि निरन्तर निग्रानी राख्ने र जनसाधारणसित निकट सम्पर्क राख्ने दुश्चरित्र व्यक्तिहरूको विगत गतिविधिको र निजहरू माथि राखिएको निग्रानीको दुरूस्त अभिलेख राख्ने।

(छ) इलाका प्रहरी कार्यालय वा वडा प्रहरी कार्यालयमा अपराधको प्रतिवेदन आउनासाथ आफै गई वा आफू जन नसके अर्को प्रहरी कर्मचारी तुरून्त खटाउने र घटना स्थलमा प्राप्त भए सम्मको प्रमाणहरू संकलन गरी अपराधीलाई पक्रन तुरून्त कारवाही गर्ने।

तर खून, डाका जस्ता ठूला अपराधीको प्रतिवेदन पर्न आएमा आफै तुरून्त अनिवार्य रूपले घटनास्थलमा जाने।

(ज) इलाका प्रहरी कार्यालय वा वडा प्रहरी कार्यालयमा उजुरी प्रतिवेदन पर्न आएका व्यक्तिहरूसंग सद्व्यवहार गर्ने र उनीहरूले भन्न चाहेको कुरालाई राम्ररी ध्यान दिई सुन्ने।

(झ) प्रहरी उपरीक्षक वा प्रहरी नायव उपरीक्षकले तोकिएको ढाँचाको एउटा गोप्य किताव राख्ने।

(ञ) प्रहरी कर्मचारीहरूले आफूले गर्नु पर्ने काम कर्तव्य पालना गरे नगरेको समय समयमा जाँच्ने।

(ट) प्रहरी कर्मचारीको उर्दीको पोशाक र पाएका अन्य सरकारी सरसामानहरूको हप्तामा एक चोटी निरीक्षण गर्ने र त्यसमा कुनै खराबी भए माथिल्ला प्रहरी अधिकृतलाई त्यसको प्रतिवेदन दिने। समयमा आफ्नो मातहतका कर्मचारीहरूसंग उचित पोशाक र सरसामान छ छैन भन्ने कुराको निरीक्षण गर्ने।

(ठ) इलाका प्रहरी कार्यालय वा वडा प्रहरी कार्यालयमा रहेका हातहतियार गोली गठ्ठा र अरू सम्बन्धित अन्य काम कर्तव्यको निमित्त मात्र यो सरसामान वाहिर लैजान दिने र प्रयोग गर्नु पर्ने नभएमा तुरून्त भण्डार या कोतमा सुरक्षित गर्ने।

(ड) चौकीमा खटी गएका र आफ्नो मातहतका अन्य सबै प्रहरी कर्मचारी समेतलाई अपराध नियन्त्रण सम्बन्धमा र प्रहरी निरीक्षकबाट ईलाका प्रहरी कार्यालय वा वडा प्रहरी कार्यालयमा आएको आदेश निर्देशन आदिमध्ये उनीहरूसंग सम्बन्ध भएका कुराहरूको जानकारी गराउने।

(ढ) मातहतका कुनै प्रहरी कर्मचारीलाई अनुपस्थित रहन अनुमति दिएमा साधारण डायरीमा कारण समेत जनाई अभिलेख राख्ने।

(ण) इलाका प्रहरी कार्यालय वा वडा प्रहरी कार्यालमा आफू हाजिर भएका बखत ईलाका प्रहरी कार्यालय वा वडा प्रहरी कार्यालयमा आएका आदेश प्रतिवेदन लेखापढी आदि सबै चिठी पत्रहरू आफैले खोली हेर्ने।

(त) साधारण डायरीमा दस्तखत गर्नाको साथै दिनभरीको काम कर्तव्यको व्यवस्था मिलाई आवश्यक आदेश निर्देशन दिने।

(थ) आफ्नो इलाका प्रहरी कार्यालय वा वडा प्रहरी कार्यालयमा रहेको भण्डार हरेक दिन निरीक्षण गरी जिन्सी र नगदीको श्रेस्ता जाँच्ने।

(द) कुनै मुद्दाको तहकिकात गर्न आफ्ना मातहतका प्रहरी कर्मचारीलाई खटाई पठाएमा जिल्ला प्रहरी कार्यालयमा त्यसको प्रतिवेदन पठाउँदा सो तहकिकात ठिकसंग गरिएको हो भन्ने निश्चय गरी पठाउने।

(ध) खजानाको बाकसको र थुनुवा रहेको स्थानको साँचो जिम्मा लिने।

(न) पालोमा खटिएका प्रहरी कर्मचारीलाई आदेश पूर्जी दिने।

(प) थुनुवाहरूलाई थुनुवा घरमा राख्दा वा त्यहाँबाट बाहिर निकाल्दा यथासम्भव आफैंले वा आफ्नो अगाडि नै अरू प्रहरी कर्मचारीद्वारा राख्ने वा निकाल्ने।

(फ) प्रत्येक इलाका प्रहरी कार्यालय वा वडा प्रहरी कार्यालयमा सबै प्रहरी कर्मचारीहरूलाई समान रूपले काम वितरण गर्ने।

(ब) सफाइको उचित प्रबन्ध गर्ने र कार्यालय, आवास र भान्छा घर तथा चर्पीको सरसफाई राम्रोसंग राख्न लगाउने।

(भ) सीमावर्ति क्षेत्रमा समाज विरोधी तथा व्यवस्था प्रतिकूल कार्य हुन नदिने।

(म) चोरी निकासी पैठारी वा वन जंगलको अवैध फडानी भएमा वा हुन लागेमा तुरून्त सम्बन्धित निकायलाई जानकारी गराउने र सहयोग मागेमा तुरून्त उपलब्ध गराउने।

(य) अन्तर्राष्ट्रिय सीमा स्तम्भको संरक्षण गर्ने।

(र) आफ्नो ईलाकाभित्र विदेशीहरूको अवैध आगमन रोक्ने।

(ल) समय समयमा आफूलाई प्राप्त आदेश निर्देशनको पालना गर्ने।

(व) दैवी प्रकोप परेको अवस्थामा उद्धारका लागि तदारूकता साथ संलग्न हुने।

प्रहरी चौकी प्रमुखको काम र कर्तव्य :[१७]

प्रहरी चौकी प्रमुखको काम कर्तव्य देहाय बमोजिम हुनेछ :

(क) मातहतका प्रहरी कर्मचारीहरूको अनुशासन र आचरण ठीक राख्ने।

(ख) हरेक दिन साँझ बिहान प्रहरी जवानहरूको निरीक्षण गरी काम कर्तव्यको बोध गराउने र निजहरूको क्रियाकलापको जाँच गर्ने।

(ग) तालुक कार्यालयसंग निरन्तर सम्पर्क राखी महत्वपूर्ण घटनाहरूको जानकारी हुनासाथ तुरून्त अरू अपराधको दिनदिनै माथिल्लो कार्यालयमा प्रतिवेदन दिने।

(घ) मातहतका प्रहरी कर्मचारीको काम कार्वाहीको विवरण खोली तालुक कार्यालयमा समय समयमा प्रतिवेदन गर्ने।

(ङ) इलाका भित्र बराबर गस्ती गर्ने गराउने, ईलाका भित्रका बासिन्दाहरूको बारेमा सही जानकारी राख्ने।

(छ) इलाकामा शान्ति सुव्यवस्था कायमराख्ने र अपराध हुन नदिने प्रयत्न गर्ने।

(ज) चौकीको महिना महिनाको हाजिरी फाराम पछिल्लो महिनाको सात गते भित्र तालुक कार्यालयमा पठाउने।

(झ) अपराध सम्बन्धी दरखास्त वा खबर आएमा तालुक कार्यालयमा तुरून्त खबर गरी आफू पनि चाहिने मद्दत समेत लिई घटनास्थलमा जाने र मौकामा गर्नु पर्ने आवश्यक कार्वाही गर्ने।

(ञ) दैवी प्रकोप परेको अवस्थामा उद्दारका लागि तदारूकताकासाथ संलग्न हुने।

प्रहरी जवानको काम र कर्तव्य :[१८]

प्रहरी जवानको काम कर्तव्य देहाय बमोजिम हुनेछ :

(क) अपराध रोक्ने।

(ख) खटिएको ठाउँमा पालो बस्ने।

(ग) थुनुवा रहेका स्थानमा वा खजाना वा अरू मालसामान रहेका स्थानमा पालो पहरा बस्दा

थुनुवा भाग्न नपाउने वा मालसामान हिनामिना हुन नपाउने गरी राम्रोसंग काम गर्ने।

(घ) पालो बदलिंदा इन्चार्जले दिएको पालेले गर्नुपर्ने काम कुराको आदेश निर्देशन नयाँ आउने पालेलाई बुझाउने।

(ङ) पालो फेरिंदा नयाँ आएको पालेले पहिलेको पाले जिम्मा रहेको खजानाको ताल्चा साबुद छ छैन र थुनुवाहरू ठीक छन् छैनन् आदि सबै कुरा पहिलेको पालेको अगाडि गन्ती गरी बुझ्ने।

(च) फरार अपराधी फेला परेमा पक्रने र अरू कुनै किसिमको अपराधको सुराक पाएमा सम्बन्धित प्रहरी कार्यालयमा प्रतिवेदन गर्ने।

(छ) प्राकृतिक वा दैवी संकट परेमा वा अरू अवस्थामा जनसाधारणलाई सहायता पुऱ्याउने।

प्रहरीले पालन गर्ने आचरण बारे

प्रहरीले आफ्नो दायित्वको सिलसिलामा कानूनले तोके बमोजिमको आचरणको पालना गर्नुपर्छ। प्रहरी नियमावलीको परिच्छेद ८ ले प्रहरीले पालन गर्नु आचरणको व्यवस्था गरेको छ। जस अनुसार प्रहरीले निम्न लिखित आचरणको पालना गर्नुपर्ने छ :

दान उपहार लिन नहुने :[१९]

आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने कुनै पनि प्रहरी कर्मचारी र निजको परिवारका सदस्य समेतले श्री ५ को सरकारकारको पूर्व स्वीकृति विना स्वदेशी वा विदेशी कसैबाट पनि कुनै प्रकारको दान, बकस, पुरस्कार कोसेली र उपहार स्वीकार गर्नु हुँदैन।

चन्दा लिन नहुने :[२०]

कुनै प्रहरी कर्मचारीले श्री ५ को सरकारको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुँदैन र अरू कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन।

स्वीकृति वेगर अचल सम्पत्ति खरीद गर्न नहुने :[२१]

श्री ५ को सरकारलाई पूर्व सूचना नदिई कुनै पनि प्रहरी कर्मचारीले आफ्नो बसोबासको निमित्त चाहिने बाहेक आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यको नाममा कुनै अचल सम्पत्ति खरीद गर्न हुँदैन। राजपत्रांकित प्रहरी अधिकृतले श्री ५ को सरकारबाट स्वीकृति लिएर मात्र अचल सम्पत्ति खरीद गर्न सक्नेछ।

सम्पत्तिको विवरण दिनुपर्ने :[२२]

प्रत्येक प्रहरी कर्मचारीले आफूले नियुक्ति भएको एक महिनाभित्र श्री ५ को सरकारबाट खटाइएको अधिकृत समक्ष देहायको सम्पत्तिको विवरण दाखिल गर्नुपर्छ :

(क) आफ्नो अथवा आफ्नो परिवारको सदस्यको नाममा भएको प्रत्येक अचल सम्पत्ति र शेयर, बैंक मौज्दातको विवरण।

(ख) आफूसंग वा आफ्नो नाउँमा रहेको नगद, जवाहरात सुन, चाँदीको अन्दाजी मूल्य।

यसरी विवरण दाखिला गर्दा संयुक्त परिवारमा रहेको प्रहरी कर्मचारीले आफ्नो परिवारको

प्रमुखको नाममा निजसंग रहेको सम्पत्तिको विवरण दाखिला गर्नु पर्नेछ। आफ्नो सम्पत्ति थपघट भएमा अख्तियारवालालाई सो को सूचना तीन महिनाभित्र दिनु प्रत्येक प्रहरी कर्मचारीको कर्तव्य हुनेछ।

व्यापार र व्यवसाय गर्न नहुने :[२३]

कुनै प्रहरी कर्मचारीले श्री ५ को सरकारको पूर्व स्वीकृति वेगर देहायका काम गर्नु हुँदैन।

(क) कुनै व्यापार गर्न,

(ख) कुनै फर्मको हिस्सेदार हुन,

(ग) कुनै आंशिक समयको नोकरी स्वीकार गर्न र

(घ) कुनै व्यवसाय चलाउन।

सरकारी काममा थाहा पाएका कुराहरु प्रकाशन गर्न नहुने :[२४]

प्रहरी कर्मचारीले श्री ५ को सरकारद्वारा अथवा विशेष रूपवाट अख्तियार तपार्ड आफूले सरकारी कर्तव्यको पालना गर्दा सरकारी अथवा गैर सरकारी साधनहरूवाट प्राप्त गरेको वा आफूले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रूपवाट अरू अनधिकृत प्रहरी कर्मचारीहरूलाई वा गैर सरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिनु हुँदैन।

रेडियो वा पत्रिकासंग सम्पर्क राख्न नहुने :[२५]

प्रहरी कर्मचारीले श्री ५ को सरकारको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक तथा काल्पनिक नामवाट अथवा वेनामी कुनै लेख प्रकाशित वा खण्डन गर्न अथवा रेडियोद्वारा प्रसारण गर्न हुँदैन।

तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक ऐतिहासिक अथवा वैज्ञानिक र विषयको भएमा यस्तो स्वीकृत लिइरहनु पर्दैन र प्रकाशन वा प्रसारण गरेपछि आफ्नो कार्यालय मार्फत् जाहेर गर्नुपर्छ।

श्री ५ को सरकारको आलोचना :[२६]

प्रहरी कर्मचारीले कुनै कुराको आलोचना गर्दा श्री ५ को सरकारको नीतिको विरूद्ध असर पर्ने गरी अथवा श्री ५ को सरकार र नेपालका जनताको पारस्परिक सम्वन्धमा अथवा कुनै विदेशी राष्ट्रसंगको सम्बन्धमा खलल पर्न सक्ने गरी आफ्नो वास्तविक वा काल्पनिक नामवाट अथवा वेनामी कुनै लेख प्रकाशित गर्न, प्रेसलाई कुनै खवर दिन, रेडियोद्वारा भाषण प्रकाशित गर्न, सार्वजनिक भाषण दिन वा प्रकाशित गर्न हुँदैन।

निर्वाचनमा भाग लिन नहुने :[२७]

प्रहरी कर्मचारीले कुनै राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न हुँदैन।

तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानून बमोजिम आफ्नो मताधिकार प्रयोग गर्न वाधा पर्ने छैन।

राजनीतिमा भाग लिन नहुने :[२८]

प्रहरी कर्मचारीले कुनै राजनीतिक संस्थाको सदस्य बन्न रानजीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न हुँदैन।

प्रहरी कर्मचारीले गरेको काम कारवाहीको सफाइ :[२९]

कुनै प्रहरी कर्मचारीले श्री ५ को सरकारको पूर्व स्वीकृति नलिई कुनै व्यक्तिद्वारा निजको कर्तव्य पालनका सम्बन्धमा लेखाइएका झुट्टा आरोपको निमित्त प्रेस अथवा अदालतको सहारा लिन हुँदैन। तर यस नियमले प्रहरी कर्मचारीको आफ्नो व्यक्तिगत काम अथवा चरित्रको सम्बन्धमा सफाइ दिन पाउने अधिकारमा कुनै बाधा पर्नेछैन।

समय पालन र नियमितता :[३०]

प्रहरी कर्मचारीले ठीक समयमा तथा नियमित रूपले आफ्नो पालोमा हाजिर हुनुपर्छ र साधारणतया पहिले विदाको निकासा नलिई कामबाट अनुपस्थित हुनु हुँदैन।

अनुशासन र आज्ञापालन :[३१]

(१) प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नुपर्छ।

(२) प्रहरी कर्मचारीले आफ्नो सरकारी काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारूकतासाथ पालना गर्नुपर्छ।

(३) प्रहरी कर्मचारीले आफूभन्दा माथिका सबै अधिकृतहरूप्रति उचित आदर देखाउनु पर्नेछ।

प्रहरी कर्मचारीले बाहिरी प्रभाव पार्न नहुने :[३२]

प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्बन्धी कुरामा मतलब साध्य पार्न आफूभन्दा माथिका अधिकृतमाथि कुनै अनुचित प्रभाव पार्न अथवा प्रभाव पार्ने प्रयत्न गर्नु हुँदैन।

नियुक्तिको प्रमाणपत्र बुझाउने :[३३]

प्रहरी कर्मचारीले आफ्नो वहाल टुटेपछि आफू बहाल हुँदा पाएको नियुक्तिको प्रमाणपत्र अख्तियारवालालाई बुझाउनु पर्नेछ।

बहुविवाह, बालविवाह, अनमेल विवाहमा प्रतिबन्ध :[३४]

(१) देहायको अवस्थामा बाहेक कुनै पनि पुरूष प्रहरी कर्मचारीले आफ्नो श्रीमती जीवित छँदै वा कानून बमोजिम लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद नहुँदै अर्को स्वास्नीमानिससंग विवाह गर्न वा अर्को स्वास्नी राख्न हुँदैन।

(क) स्वास्नी महारोगी भएमा,

(ख) स्वास्नीलाई यौनसम्बन्धी कुनै सरूवा रोग भई निको नहुने भएमा,

(ग) स्वास्नी निको नहुने गरी बहुलाएमा,

(घ) स्वास्नी भएको १० वर्षभित्र सन्तान नभएमा वा नरहेमा,

(ङ) स्वास्नी हिंडडुल गर्न नसक्ने गरी कुंजी भएमा,

(च) स्वास्नी दुवै आँखा नदेख्ने अन्धी भएमा।

(२) प्रहरी कर्मचारीले मुलुकी ऐन विहावारीको महलको विपरीत हुने गरी विवाह गर्नु गराउनु हुँदैन।

(३) प्रहरी कर्मचारीले स्वास्नीमानिस र लोग्ने मानिसको उमेर २० वर्षभन्दा फरक पर्ने गरी विवाह गर्न गराउन हुँदैन।

यसरी वर्तमान प्रहरी ऐन २०१२ तथा प्रहरी नियमावली २०४९ अनुसार प्रहरीले पालन गर्नु पर्ने काम र कर्तव्य निर्धारण गरेको छ। यसरी आफ्नो कर्तव्यको पालनाका लागि कुनै काम गर्दा प्रहरीले प्रचलित अन्य कानून तथा संविधानमा लेखिएका सिद्धान्त तथा प्रक्रियालाई ध्यानमा दिनु पर्छ। कानून बमोमिको प्रक्रिया पूरा गरी उल्लेखित काम तथा कर्तव्य पालना गरेमा समाजले सदा प्रहरीलाई आफ्नो सहयोगी ठान्नेछ।

■

---

१. प्रहरी ऐन २०१२ को दफा १२
२. ऐ १३ /१४
३. ऐ १५ (१) (क)
४. ऐ १५ (१) (क) (ख) (ग) (घ) (ङ)
५. ऐ १५ (१) (छ) (ज) (झ) (ट) (ठ) (ड) (ढ) र १५ (२) (३)
६. ऐ १८
७. ऐ २०
८. ऐ २२ क.
९. ऐ २३
१०. ऐ ३७
११. प्रहरी नियमावलीको नियम ३२
१२. ऐ ३३
१३. ऐ ३४
१४. ऐ ३५
१५. ऐ ३६
१६. ऐ ३७
१७. ऐ ३८
१८. ऐ ३९
१९. ऐ ६८
२०. ऐ ६९
२१. ऐ ७०
२२. ऐ ७१
२३. ऐ ७२
२४. ऐ ७३
२५. ऐ ७४
२६. ऐ ७५
२७. ऐ ७६
२८. ऐ ७७
२९. ऐ ७८
३०. ऐ ७९
३१. ऐ ८०
३२. ऐ ८१
३३. ऐ ८२
३४. ऐ ८३

परिशिटांक १

सरकारी मुद्धा सम्बन्धी ऐन, २०४९

लालमोहर र प्रकाशन मिति
२०४९।९।८

प्रस्तावना :

श्री ५ को सरकार वादी भई चलाईने मुद्दाको सम्बन्धमा र श्री ५ को सरकार विरूद्ध दायर हुने मुद्दाको प्रतिरक्षा गर्ने सम्बन्धमा समयानुकूल कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काइसौं वर्षमा संसदले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. परिभाषा :

(क) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा "सरकारी वकिल" भन्नाले महान्यायाधिवक्ता, वरिष्ठ सरकारी अधिवक्ता, अतिरिक्त सरकारी अधिवक्ता, सरकारी अधिवक्ता, उप सरकारी अधिवक्ता, जिल्ला सरकारी अधिवक्ता, सहायक जिल्ला सरकारी अधिवक्ता र महान्यायाधिवक्ताले सरकारी वकील भई काम गर्न तोकेको कुनै अधिकृत वा कर्मचारी समेतलाई सम्झनु पर्छ।

(ख) "अदालत" भन्नाले न्यायाधीशको इजलास सम्झनु पर्छ र सो शब्दले कुनै मुद्दाको सम्बन्धमा न्यायिक काम गर्न प्रचलित कानून अन्तर्गत अधिकार प्राप्त अधिकारीलाई समेत जनाउनेछ।

(ग) "सरकारी वकील कार्यालय" भन्नाले महान्यायाधिवक्ताको कार्यालय तथा सो मातहतका पुनरावेदन सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकीलको कार्यालय सम्झनु पर्छ।

(घ) "तोकिएको वा तोकीए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

३. अपराधको सूचना :

(१) अनुसूची १ मा लेखिएको कुनै अपराध भएको वा भइरहेको वा हुन लागेको छ भन्ने कुरा थाहा पाउने व्यक्तिले तत्सम्बन्धी अपराध बारे आफूसंग भएको वा आफूले देखे जानेसम्मको

सबूद प्रमाण खुलाई यथाशीघ्र सो कुराको लिखित दरखास्त वा मौखिक सूचना नजिकको प्रहरी कार्यालयमा दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लिखित दरखास्त दिने व्यक्तिले दरखास्तमा सकेसम्म देहायका कुराहरू खुलाउनु पर्नेछ :

(क) अपराध भएको वा भइरहेको वा हुने संभावना भएको मिति, समय र ठाउँ।

(ख) अपराध गर्ने व्यक्तिको नाम, ठेगाना र हुलीया।

(ग) अपराधसंग सम्वन्धित सवुद प्रमाण।

(घ) अपराधको प्रकृति र अपराधसंग सम्वन्धित अन्य विवरण।

(४) उपदफा (१) बमोमिज वा प्रहरी कर्मचारीले अन्यत्र कतैवाट प्राप्त गरेको अपराधको सूचनालाई तोकिएको ढाँचाको दर्ता किताबमा दर्ता गरी राख्नु पर्नेछ।

(३) अपराधको सूचना गर्न आएको व्यक्तिले त्यस्तो सूचना मौखिक रूपमा दिएकोमा सम्वन्धित प्रहरी कर्मचारीले उसले भनेका सबै कुराहरू र उपदफा (२) बमोजिमका कुरा समेत खुलाई लेखी निजलाई पढी वाँची सुनाई निजको सहिछाप समेत गराई राख्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम वा प्रहरी कर्मचारीले अन्यत्र कतैवाट प्राप्त गरेको अपराधको सूचनालाई तोकिएको ढाँचाको दर्ता किनावमा दर्ता गरी राख्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम सम्वन्धित प्रहरी कर्मचारीले अपराधको सूचना दर्ता गर्न इन्कार गरेमा अपराधको सूचना गर्ने व्यक्तिले सो कुरा खुलाई सम्वन्धित प्रमुख जिल्ला अधिकारी वा त्यसरी अपराधको सूचना दर्ता गर्नुपर्ने प्रहरी कार्यालय, भन्दा माथिल्लो प्रहरी कार्यालयमा अपराधको सूचना दिन सक्नेछ। त्यसरी सूचना प्राप्त गर्ने प्रमुख जिल्ला अधिकारी वा प्रहरी कार्यालयका प्रहरी कर्मचारीले सो कुराको अभिलेख राखी आवश्यक निर्देशन सहित लिखित रूपमा त्यस्तो अपराधको सूचना आवश्यक कार्वाहीको लागि सम्वन्धित प्रहरी कार्यालयमा पठाउनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम प्राप्त हुन आएको अपराधको सूचनालाई सम्वन्धित प्रहरी कार्यालयले उपदफा (४) बमोजिम दर्ता गर्नु पर्नेछ।

४. प्रमाण लोप वा नाश हुन नदिने र अपराधी उम्कन नपाउने व्यवस्था गर्ने :

(१) कुनै प्रहरी कर्मचारीले अनुसूची १ मा उल्लेखित कुनै अपराध भएको वा भइरहेको वा हुन लागेको जानकारी पाएमा निजले यथाशीघ्र अपराधलाई रोक्ने, अपराधसंग सम्वन्धित कुनै प्रमाण लोप वा नाश हुन नदिने र अपराधी भाग्न, उम्कन नपाउने व्यवस्था गर्नु पर्नेछ। तत्सम्वन्धमा तत्काले कारवाही नगरेमा अपराध हुने वा अपराधसंग सम्वन्धित कुनै प्रमाण लोप वा नाश हुने वा अपराधी भाग्ने, उम्कने संभावना भएमा सो प्रहरी कर्मचारीले आवश्यकतानुसार अर्को प्रहरी कार्यालयको क्षेत्रमा समेत गई त्यस सम्वन्धमा आवश्यक कारवाही गर्न सक्नेछ।

तर सो बमोजिम अर्को प्रहरी कार्यालयको क्षेत्रमा गई कुनै कार्वाही गरेकोमा त्यसको सूचना यथासंभव चाँडो सो प्रहरी कार्यालयलाई दिनु पर्नेछ।

(२) कुनै प्रहरी कर्मचारीले कुनै अपराधलाई रोक्न, अपराधसंग सम्वन्धित कुनै प्रमाण लोप वा नाश हुन नदिन वा अपराधीलाई पक्राउ गर्न कुनै व्यक्ति वा निकायसंग मद्दत माग्न सक्नेछ।

५. अन्य प्रहरी कार्यालय क्षेत्रभित्रको अपराध भएमा सम्बन्धित कार्यालयलाई सूचना दिने :

कुनै प्रहरी कार्यालयमा अनुसूची १ मा उल्लेखित कुनै अपराधको सम्बन्धमा प्राप्त भएको सूचनाको व्यहोराबाट सो अपराध अन्य प्रहरी कार्यालयको क्षेत्रभित्र भएको वा भइरहेको वा हुन लागेको देखिएमा सूचना प्राप्त गर्ने प्रहरी कार्यालयले त्यस्तो सूचना यथाशीघ्र सम्बन्धित प्रहरी कार्यालयमा पठाई दिनु पर्नेछ र आवश्यकता अनुसार सूचना दिने व्यक्तिलाई पनि सो प्रहरी कार्यालयमा उपस्थित हुन जानकारी दिनु पर्नेछ।

६. प्रारम्भिक प्रतिवेदन पठाउने :

(१) दफा ७ बमोजिम कुनै अपराधको तहकिकात शुरू गर्नुभन्दा पहिले तहकिकात गर्ने प्रहरी कर्मचारीले तहकिकात गर्ने कुराहरू खुलाई सम्बन्धित सरकारी वकील कार्यालयमा अपराध सम्बन्धी प्रारम्भिक प्रतिवेदन पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रारम्भिक प्रतिवेदन प्राप्त भएपछि सरकारी वकिलले अपराधको तहकिकातको सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्नेछ।

७. तहकिकात गरी सबूद प्रमाण संकलन गर्ने :

(१) कुनै प्रहरी कार्यालयलाई अनुसूची (१ मा उल्लेखित कुनै अपराध भएको वा भइरहेको वा हुन लागेको जानकारी प्राप्त भएमा सो प्रहरी कार्यालयको कम्तिमा प्रहरी सहायक निरीक्षक दर्जाको प्रहरी कर्मचारीले यथाशीघ्र त्यसको तहकिकात गरी सबूद प्रमाण संकलन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तहकिकात गर्ने प्रहरी कर्मचारीले यथासंभव निम्नलिखित कुराहरू खुलाई मुचुल्का तयार गर्नु पर्नेछ :

(क) अपराध भएको ठाउँको विवरण,

(ख) सो ठाउँको वस्तुस्थिति तथा अपराध वा अपराधीसंग त्यसको सम्बन्ध, र

(ग) अपराध भएको ठाउँ वा त्यसको वरपरि देखिएको वा पाइएको अन्य कुनै उल्लेखनीय कुरा।

(३) उपदफा (२) बमोजिम वस्तुस्थिति सम्बन्धी मुचुल्का तयार गर्नुको अतिरिक्त तहकिकात गर्ने प्रहरी कर्मचारीले यथासंभव सो ठाउँको र सो ठाउँमा देखिएको वा पाइएको औंला वा खुट्टाको पाइलाको चिन्ह वा अन्य कुनै महत्वपूर्ण कुराको फोटो समेत लिन सक्नेछ।

(४) तहकिकात गर्ने प्रहरी कर्मचारीले अपराधसंग सम्बन्धित कागजात वा वस्तु फेला पारेमा त्यसलाई कब्जामा लिनु पर्नेछ।

(५) यो दफा बमोजिम तहकिकात गर्दा सम्बन्धित प्रहरी कर्मचारीले कुनै विषयमा सरकारी वकिलको राय सल्लाह मागेमा त्यस्तो राय सल्लाह दिनु सरकारी वकीलको कर्तव्य हुनेछ।

८. रोहबरमा राख्नु पर्ने :

कुनै अपराधको तहकिकातको सिलसिलामा कुनै घर वा ठाउँको वस्तुस्थिति सम्बन्धी मुचुल्का तयार गर्दा वा कुनै व्यक्ति वा वस्तु वा ठाउँको खानतलासी लिंदा वा लाश जाँच गर्दा

त्यस्तो ठाउँमा भएका कम्तिमा दुई जना स्थानीय व्यक्तिहरू र सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाका एकजना सदस्य वा त्यस्तो सदस्य नभए कुनै सरकारी कार्यालयको एकजना कर्मचारीलाई र फेला परेसम्मका अभियुक्त र अपराधको सूचना दिने व्यक्तिलाई समेत रोहवरमा राख्नु पर्नेछ।

तर अभियुक्त वा अपराधको सूचना दिने व्यक्ति रोहवरमा नराख्नेको कारणले मात्र त्यस्तो काम कारवाही वदर हुने छैन।

९. बयान लिने र सोधपुछ गर्ने :

(१) अनुसूची १ मा उल्लेखित कुनै पनि अपराधको सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीले सरकारी वकील समक्ष सम्बन्धित अभियुक्तको बयान लिनेछ।

(२) अनुसूची १ मा उल्लेखित कुनै अपराधको सम्बन्धमा शंकास्पद देखिएको तथा तत्सम्बन्धमा कुनै महत्वपूर्ण कुनै थाहा छ भन्ने विश्वास गर्नुपर्ने कुनै मनासिव कारण भएको व्यक्तिलाई तहकिकात गर्ने प्रहरी कर्मचारीले सोधपुछ गरी आवश्यक देखेमा निजको कुरा बयानको रूपमा लेखबद्ध गरी राख्नेछ।

१०. खानतलासी :

(१) कुनै अपराधको सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीले त्यस्तो अपराधसंग सम्बन्धित कुनै व्यक्ति वा दशी प्रमाण कुनै व्यक्तिसंग वा कुनै ठाउँमा छ भन्ने शंका गर्नु पर्ने मनासिब कारण भएमा निजले त्यस्तो व्यक्ति वा ठाउँको तोकिए बमोजिम खानतलासी लिन सक्नेछ।

तर कुनै महिलाको जिउको तलासी लिनु पर्दा महिला प्रहरी वा अन्य कुनै महिलाद्वारा नै लिन लगाउनु पर्नेछ।

(२) खानतलासी लिनु पर्ने व्यक्ति वा ठाउँ अन्य प्रहरी कार्यालयको क्षेत्रमा पर्ने भए तहकिकात गर्ने प्रहरी कर्मचारीले सो प्रहरी कार्यालयलाई त्यस्तो व्यक्ति वा ठाउँको खानतलासी लिन लिखित अनुरोध गर्न सक्नेछ र त्यसरी अनुरोध भएमा सो प्रहरी कार्यालयको कम्तिमा प्रहरी सहायक निरीक्षक दर्जाको प्रहरी कर्मचारीले त्यस्तो व्यक्ति वा ठाउँको खानतलासी लिई उपदफा (३) बमोजिम तयार भएको मुचुल्का त्यसरी अनुरोध गर्ने प्रहरी कर्मचारी कहाँ पठाउनु पर्नेछ।

तर सो बमोजिम अन्य प्रहरी कार्यालयमा लेखी पठाउँदा कुनै प्रमाण लोप वा नाश हुने संभावना छ भन्ने लागेमा तहकिकात गर्ने प्रहरी कर्मचारी आफैंले खानतलासी लिनु पर्ने व्यक्ति कहाँ वा ठाउँमा गई यस दफा बमोजिम खानतलासी लिन सक्नेछ र सो को सूचना सम्बन्धित प्रहरी कार्यालयलाई दिनु पर्नेछ।

(३) खानतलासी लिंदा पाइएको अपराधसंग सम्बन्धित वस्तुको विवरण र त्यस्तो वस्तु पाइएको ठाउँ र अवस्था खुलाई खानतलासी लिने कर्मचारीले दुई प्रति मुचुल्का तयार गरी एक प्रति सम्बन्धित व्यक्तिलाई दिई एक प्रति मिसिल सामेल राख्नु पर्नेछ। खानतलासी लिने कर्मचारीले त्यस्तो कुनै वस्तु आफ्नो साथमा लैजान चाहेमा सम्बन्धित व्यक्तिलाई त्यसको भरपाई दिएर मात्र लैजानु पर्नेछ।

११. लास जाँच :

(१) कुनै प्रहरी कार्यालयको क्षेत्रभित्र कुनै व्यक्ति कर्तव्य वा दुर्घटना भई वा आत्महत्या गरी वा कुनै अपराधको परिणाम स्वरूप शंकास्पद स्थितिमा मरेको जानकारी प्राप्त भएमा सो क्षेत्रको

प्रहरी कार्यालयको कम्तिमा प्रहरी नायब निरीक्षक दर्जाको प्रहरी कर्मचारीले यथाशीघ्र लाश रहेको ठाउँमा गई लाश जाँच गरी यथासम्भव निम्नलिखित कुराहरू समेत खुलाई मुचुल्का तयार गर्नु पर्नेछ र सम्भव भएसम्म लाशको र सम्बन्धित ठाउँको फोटो समेत खिच्नु पर्नेछ :

(क) लाशको सनाखत हुने विवरण,

(ख) लाश रहेको ठाउँ र लाशको अवस्था,

(ग) लाशमा कुनै घाउ, चोट, नील वा डाम दाखिएमा त्यस्तो घाउ, चोट, नील वा डाम देखिएको ठाउँ, संख्या, लम्बाई, चौडाई गहिराई समेतको प्रत्येक घाउ, चोट नील डामको विवरण,

(घ) मृत्यु गराउने संभावित साधन र लाशको देखा परेका तत्सम्बन्धी लक्षण,

(ङ) मृत्युको कारण थाहा पाउन सहायता हुने लाशको लेखिएको अन्य कुनै लक्षण र

(च) अन्य उल्लेखनीय कुरा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि मुलुकी ऐन ज्यान सम्बन्धी महलको २ नं. बमोजिम अधिकृत व्यक्तिले लाश जाँच गर्ने कुरालाई बाधा पुऱ्याएको मानिने छैन।

(३) उपदफा (१) बमोजिम लाश जाँच गर्दा कुनै अपराधको परिणामस्वरूप वा शंकास्पद स्थितिमा मृत्यु भएको देखिन आएमा सम्बन्धित प्रहरी कर्मचारीले सो लाशलाई शव परीक्षणको निमित्त सरकारी खर्चमा सरकारी चिकित्सक समक्ष पठाउनु पर्नेछ।

(४) लाश सडी गली जाँच गर्न नसकिने अवस्था भएमा वा देखिएमा सम्बन्धित प्रहरी कर्मचारीले सो कुरा खुलाई मुचुल्का खडा गरी राख्नु पर्नेछ र उपदफा (३) बमोजिम कारवाही गर्न आवश्यक पर्ने छैन।

(५) लाश जाँच भैसकेपछि वा उपदफा (४) बमोजिम मुचुल्का खडा भएपछि सम्बन्धित प्रहरी कर्मचारीले हकवालालाई भरपाई गराई लाश बुझाउनु पर्छ। हकवालाले लाश बुझी नलिएमा वा कुनै हकवाला उपस्थित नभएमा सम्बन्धित प्रहरी कर्मचारीले सरकारी खर्चमा प्रहरी ऐन बमोजिम लाशको सद्गत गराउनु पर्नेछ।

१२. रगत, वीर्य इत्यादि जाँच गर्ने :

अपराधको प्रकृतिबाट पक्राउमा परेका व्यक्तिको रगत, वीर्य वा शरीरको कुनै अंग वा अन्य कुनै कुराको जाँच गरिएमा अपराध सम्बन्धी प्रमाण उपलब्ध हुन सक्छ भन्ने विश्वास गर्ने मनासिब आधार भएमा तहकिकात गर्ने प्रहरी कर्मचारीले सरकारी चिकित्सकद्वारा वा प्रयोगशालामा त्यस्तो रगत, वीर्य, अंग वा कुनै कुराको जाँच गराउन सक्नेछ।

तर कुनै महिलाको शारीरिक अंग जाँच गर्नुपरेमा पाएसम्म कुनै महिला चिकित्सकद्वारा वा पुरूष चिकित्सकको निर्देशनमा कुनै महिलाद्वारा गर्नु गराउनु पर्नेछ।

१३. विशेषज्ञको राय लिने :

अपराधको तहकिकात गर्ने प्रहरी कर्मचारीले आवश्यक सम्झेमा अपराधसंग सम्बन्धित कुनै कुराको सम्बन्धमा विशेषज्ञको राय लिन सक्नेछ।

१४. पक्राउ गर्ने :

(१) यस ऐन बमोजिम कुनै अपराधको सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीले त्यस्तो अपराधमा संलग्न रहेको छ भन्ने शंका गर्नुपर्ने मनासिब कारण भएको व्यक्तिलाई पक्राउ

गर्न सक्नेछ र त्यसरी पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गरिएको कारण सहितको सूचना नदिई थुनामा राख्विने छैन।

(२) कुनै अपराध भएको देख्ने व्यक्तिले त्यस्तो अपराध गर्ने व्यक्तिलाई पक्री नजिकको प्रहरी कार्यालयमा बुझाउन सक्नेछ।

(३) उपदफा (१) बमोजिम कुनै व्यक्तिलाई पक्राउ गर्नु पर्दा निजलाई पक्राउ गर्नुपर्ने कारण खोली सम्झाई आत्मसमर्पण गर्ने आदेश दिनु पर्नेछ। कुनै व्यक्तिले आत्मसमर्पण नगरी पक्राउबाट बच्ने वा भाग्ने उम्कने प्रयत्न गरेमा निजलाई पक्रन प्रहरी कर्मचारीले आवश्यक बल प्रयोग गर्न सक्नेछ।

(४) कुनै महिलालाई पक्राउ गर्नु परेमा यथासंभव महिला प्रहरीद्वारा पक्रन लगाउनु पर्नेछ।

(५) यस दफा बमोजिम पक्रिएको व्यक्तिले तलासी लिदा फेला परेको कुनै प्रमाण लिखत वा अन्य कुनै पनि चीज वा खरखजाना, हात हतियार पक्राउ गर्ने प्रहरी कर्मचारीले आफ्नो कब्जामा लिई त्यसको मुचुल्का खडा गरी राख्नु पर्नेछ।

१५. तहकिकातको लागि थुनामा राख्न सकिने अवधि र तत्सम्बन्धी कार्य प्रणली :

(१) यो दफा बमोजिम अन्यथा हुने भएमा वाहेक कुनै पनि व्यक्तिलाई अपराधको तहकिकातको लागि चौबीस घण्टा भन्दा बढी थुनामा राख्नु हुँदैन।

स्पष्टीकरण :

(१) थुनामा परेको व्यक्तिलाई उपदफा (२) बमोजिम अदालतमा उपस्थित गराउन प्रहरी कार्यलयमा ल्याउन वा प्रहरी कार्यालयबाट अदालतमा पुऱ्याउन बाटोमा लाग्ने अवधिलाई यो दफाको प्रयोजनको लागि थुनाको अवधिमा गणना गरिने छैन।

(२) अनुसूची १ मा उल्लेखित कुनै अपराधको तहकिकातको सिलसिलमा पक्राउ गरिएको र थुनामा राखिएको व्यक्तिको सम्बन्धमा चौबीस घण्टाभित्र तहकिकात पूरा नहुने भई निजलाई थुनामा राखी तहकिकात जारी राख्नु पर्ने देखिएमा तहकिकात गर्ने प्रहरी कर्मचारीले निजलाई अदालत समक्ष उपस्थित गराई अदालतसंग अनुमति लिएर मात्र थुनामा राख्नु पर्नेछ। सो बमोजिम अदालतबाट अनुमति माग्दा थुनामा परेको व्यक्ति उपरको अभियोग, त्यसको आधार, निजलाई थुनामा राखी तहकिकात गर्नु पर्ने कारण निजको बयान कागज भइसकको भए बयान कागजको व्यहोरा स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ।

(३) उपदफा (२)बमोजिम थुनामा राख्ने अनुमतिको लागि अदालतमा उपस्थित गराइएको व्यक्तिले त्यसरी अदालतमा उपस्थित हुँदा आफ्नो शारीरिक जाँचको लागी अदालत समक्ष निवेदन दिन सक्नेछ।

(४) उपदफा (२) बमोजिम थुनामा राख्ने अनुमति मागेमा अदालतले सम्बन्धित कागजातहरू हेरी तहकिकात सन्तोषजनक रूपमा भए वा नभएको विचार गरी सन्तोषजनक रूपमा तहकिकात भैरहेको देखिएमा एकै पटक वा पटक-पटक गरी बढीमा पच्चिस दिनसम्म थुनामा राख्ने अनुमति दिन सक्नेछ।

१६. सनाखत :

(१) कुनै मुद्दामा कुनै अभियुक्तको सनाखत गराउनु पर्ने भएमा प्रहरी सहायक निरीक्षकसम्मको प्रहरी कर्मचारीले प्रचलित कानूनको रीत पुऱ्याई सनाखत गराउन सक्नेछ।

(२) कुनै मुद्दामा सम्वन्धित दशी वा चिज वस्तुलाई प्रहरी सहायक निरीक्षकसम्मको प्रहरी कर्मचारीले तोकिए बमोजिमको रीत पुऱ्याई सनाखत गराउन सक्नेछ।

१७. राय सहितको प्रतिवेदन पठाउनु पर्ने :

(१) अनूसूची १ मा उल्लेखित कुनै अपराधको तहकिकात पूरा भएपछि तहकिकात गर्ने प्रहरी कर्मचारीले अपराध भएको र सबै वा केही अभियुक्त उपर मुद्दा चलाउन प्रमाण पुग्ने देखिएकोमा सोही कुरा खोली तथा अपराध नभएको देखिएकोमा वा अपराध भएको भए पनि अभियुक्त यही हो भनेर खुल्न नसकेको वा कुनै पनि अभियुक्त उपर मुद्दा चलाउन प्रमाण नपुग्ने देखिएकोमा सोही व्यहोरा खुलाई आफ्नो राय सहित थुनुवा नभएको मुद्दा भए सम्वन्धित कानूनको हदम्याद पुग्ने कम्तिमा पन्ध्र दिन अगावै र थुनुवा भएको मुद्दा भए मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने र अभियोगपत्र तयार गरी अदालतमा दायर गर्न समेत समयलाई ध्यानमा राखी मिसिल कागजको सक्कल र नक्कल प्रति, दशी प्रमाण सहित सरकारी वकील कार्यालयमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रहरीको राय सहितको मिसिल प्राप्त भएपछि सरकारी वकीलले मिसिल अध्ययन गरी मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा अन्तिम निर्णयको लागि महान्याधिवक्ता समक्ष मिसिल पठाउनु पर्नेछ।

तर संविधानको धारा ११० को उपधारा (२) बमोजम महान्याधिवक्ताले आफ्नो अधिकार सोही धाराको उपधारा (५) बमोजम सरकारी वकीललाई सुम्पिएकोमा सम्बन्धित सरकारी वकीलले सुम्पिएको अधिकार बमोजिम निर्णय गर्नेछ।

(३) उपदफा (२) बमोजिम मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने सिलसिलामा मिसिल अध्ययन गर्दा सरकारी वकीलले थप सबुद प्रमाण संलन गर्न वा कुनै ब्यक्तिसंग सोधपुछ गर्न आवश्यक देखेमा त्यस्तो सबुद प्रमाण संकलन गरी पठाउन वा त्यस्तो व्यक्तिसंग सोछपुछ गरी पठाउन तहकिकात गर्ने प्रहरी कर्मचारीलाई निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित प्रहरी कर्मचारीको कर्तव्य हुनेछ।

१८. अभियोगपत्र दायर गर्ने :

(१) दफा १७ को उपदफा (२) बमोजिम मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने सिलसिलामा मिसिल अध्ययन गर्दा मुद्दा चल्ने देखिएमा सरकारी वकीलले देहायको कुराहरू उल्लेख गरी तोकिएको ढाँचामा अभियोगपत्र तयार गरी दसी प्रमाण तथा अपराधसंग सम्बन्धित चीज वा वस्तु र थुनुवा भए थुनुवा सहित म्यादभित्रै सम्वन्धित अदालतमा दायर गर्नु पर्नेछ।

(क) अभियुक्तको पूरा नाम, थर, वतन,

(ख) अपराध सम्वन्धी सूचनाको व्यहोरा,

(ग) अपराध सम्वन्धी विवरण,

(घ) अभियुक्त उपर लगाइएको अभियोग, तत्सम्वन्धी प्रमाण,

(ङ) सम्वन्धित कानून,

(च) अभियुक्तलाई हुनु पर्ने सजाय र

(छ) अपराधबाट क्षति पुगेको व्यक्तिलाई क्षतिपूर्ति भराई दिनु पर्ने भए सो क्षतिपूर्तिको रकम।

(२) उपदफा (१) बमोजिम दायर गरिने अभियोगपत्रमा अभियोगको उल्लेख गर्दा अभियुक्त उपर अभियोग लगाउन खोजिएको अपराधको प्रचलित कानूनमा कुनै खास नामाकरण गरिएको रहेछ भने सो अपराधको सम्वन्धमा सो नामको उल्लेख गर्नु पर्नेछ। प्रचलित कानूनमा कुनै नामाकरण नगरिएको अपराधको हकमा अभियुक्तले आफूमाथि लगाइएको अभियोग स्पष्ट रूपमा बुझ्न सक्ने गरी अपराधको तत्वहरू उल्लेख गर्नु पर्नेछ।

(३) अभियुक्तले पहिले पनि कुनै अपराध सजाय पाइसकेको कारणले बढी सजाय हुनुपर्ने अवस्था रहेछ भने निजले पहिले सजाय पाएको मिति र सजाय गर्ने अदालतको नाम पनि उल्लेख गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम अदालतमा अभियोगपत्र दायर गर्दा कुनै अपराधको सम्वन्धमा श्री ५ को सरकारको वा श्री ५ को सरकारबाट अधिकार प्राप्त अधिकृतको वा कुनै कानूनद्वारा तोकिएको कुनै अधिकृतको स्वीकृति चाहिने भएमा त्यस्तो स्वीकृतिको लिखित तहकिकातको मिसिल तथा तहकिकातको सिलसिलामा फेला परको प्रमाणहरू पनि साथै पेश गर्नु पर्नेछ र अभियुक्त पक्राउमा परेको भए निजलाई पनि अदालतमा उपस्थित गराउनु पर्नेछ।

१९. सुरक्षित राख्ने :

सरकारी वकीलले मुद्दा नचल्ने निर्णय गरेकोमा मिसिल लगायतका दसी प्रमाणका चीज वा वस्तु सम्वन्धित प्रहरी कार्यालयमा फिर्ता पठाउनु पर्नेछ र त्यस्तो मिसिल लगायतका दसी प्रमाणका चीज वा वस्तु प्रहरीले तोकिएको अवधिसम्म सुरक्षित राख्नु पर्नेछ।

२०. जाहेरवालालाई सूचना दिनु पर्ने :

कुनै अपराधको सम्वन्धमा मुद्दा नचलाउने निर्णय भएपछि सम्वन्धित प्रहरी कर्मचारीले त्यसको सूचना जाहेरवालालाई दिनु पर्नेछ।

२१. हिरासतमा रहेको व्यक्तिलाई प्रहरीले छाड्न सक्ने :

यस ऐन बमोजिम तहकिकातको सिलसिलामा प्रहरी हिरासतमा रहेको कुनै व्यक्तिलाई हिरासतमा राखिरहन आवश्यक नदेखिएमा तोकिए बमोजिम सरकारी वकीलको सहमति लिई वा अवस्थानुसार नलिई मनासिब कारण सहितको पर्चा खडा गरी प्रहरी कर्मचारीले त्यस्तो व्यक्तिलाई हाजिर जमानीमा छाड्न सक्नेछ।

२२. देवानी मुद्दाको जाँचबुझ र दायरी :

(१) अनूसूची २ मा लेखिएको मुद्दा र प्रचलित कानूनमा सरकारवादी भनिएको देवानी मुद्दा चलाउन चाहने व्यक्तिले त्यस्तो मुद्दाको विषयमा आफूसंग भएको वा आफूले देखे जानेसम्मको सबुद प्रमाण खुलाई श्री ५ को सरकारबाट यस सम्वन्धमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको वा प्रचलित कानूनमा तोकिएको अधिकृतलाई लिखित दरखास्त वा मौखिक खबर दिनु पर्छ। मौखिक खबर दिएकोमा सम्वन्धित अधिकृतले त्यस्तो व्यक्तिको कुरा दरखास्तको रूपमा लेखी निजको सहिछाप गराई लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजम पर्न आएको दरखास्त बारे सम्वन्धित अधिकृतले आवश्यकता अनुसार नापी नक्सां वा अरू जाँचवुझ गरी मुद्दा चलाउने वा नचलाउने निर्णयको लागि संकलन गरिएको सबुद प्रमाण र आफ्नो राय समेत उल्लेख गरी सम्वन्धित कानूनको हदम्याद पुग्ने कम्तिमा पन्ध्र दिन अगावै मिसिल कागजको सक्कल र नक्कल प्रति सम्वन्धित जिल्लाको सरकारी वकील समक्ष पठाउनु पर्नेछ।

(३) कसैको दरखास्त नपरे पनि सम्वन्धित अधिकृत आफैले मुद्दा चलाउन पर्ने कारण देखेमा आवश्यक प्रमाण संकलन गरी उपदफा (२) बमोजिम कार्यविधि पूरा गरी सरकारी वकील समक्ष मिसिल पठाउनु पर्नेछ।

(४) सम्वन्धित अधिकृतले उपदफा (२) वा (३) बमोजिम सरकारी वकील समक्ष मिसिल पठाउँदा सरकारी वकीललाई मुद्दा चल्ने नचल्ने निर्णय गर्न लाग्ने समय र सरकारी वकीलबाट मुद्दा चल्ने निर्णय भएमा फिरादपत्र तयारी गरी मुद्दा गर्न लाग्ने समयलाई समेत ध्यानमा राखी समयमै पठाउनु पर्नेछ।

(५) उपदफा (२) वा (३) बमोजिम प्राप्त मिसिलमा मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने सम्वन्धमा यस ऐनको दफा १७ को उपदफा (२) को व्यवस्था लागू हुनेछ।

(६) उपदफा (२) वा (३) बमोजिम प्राप्त मिसिल अध्ययन गरी मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने सिलसिलामा मिसिल अध्ययन गर्दा मुद्दा चल्ने देखेमा सरकारी वकीलले फिरादपत्र तयार गरी सबूद प्रमाण सहित सम्वन्धित अदालतमा मुद्दा दायर गर्नु पर्नेछ।

(७) सरकारी वकीलले मुद्दा नचल्ने निर्णय गरेकोमा मिसिल र सबूद प्रमाण सम्वन्धित अधिकृत कहाँ फिर्ता पठाउनु पर्नेछ र त्यस्तो मिसिल र सबूद प्रमाण सम्वन्धित अधिकृतले तोकिएको अवधिसम्म सुरक्षित राख्नु पर्नेछ।

२३. श्री ५ को सरकार वादी हुने :

अनूसूची १ वा २ मा लेखिएको मुद्दा श्री ५ को सरकार वादी भई चल्नेछन् र त्यस्तो मुद्दा सम्वन्धी सूचना दिने व्यक्ति वादी पक्षको गवाह मानिनेछ।

तर तहकिकातको गर्दै जाँदा सबूद प्रमाणबाट अनूसूची १ वा २ को अपराध वा अवस्था नदेखिई प्रचलित कानून बमोजिम मर्का पर्ने व्यक्ति आफैले नालिस गर्नु पर्ने देखिएमा सोही कुराको उल्लेख गरी सरकारी वकीलले निर्णय गरी सम्वन्धित व्यक्तिलाई सूचना दिनु भनी प्रहरी वा सम्वन्धित अधिकृतलाई जनाउ दिनेछ। त्यस्तो जनाउ पाएको मितिले सम्वन्धित व्यक्तिको हकमा प्रचलित कानून बमोजिमको हदम्यादको गणना हुनेछ।

२४. पुनरावदेन वा पुनरावोलोकन गर्दा गर्ने :

(१) अनूसूची १ वा २ मा लेखिएका मुद्दा र कुनै ऐनमा श्री ५ को सरकार वादी हुने भनी लेखिएको मुद्दामा पुनरावेदन वा पुनरावलोकन वा तत्सम्वन्धी कुनै निवेदन दिनु पर्दा सम्वन्धित सरकारी वकीलले दिनेछ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक श्री ५ को सरकार पक्ष वा विपक्ष भएको मुद्दामा पुनरावेदन वा पुनारावलोकन वा तत्सम्वन्धी कुनै निवेदन दिनु पर्दा सम्वन्धित अधिकृत वा कार्यालय प्रमुख आफैले दिन सक्नेछ।

तर सम्वन्धित अधिकृत वा कार्यालय प्रमुखले लेखी पठाएमा सम्वन्धित सरकारी वकीलले पुनरावेदन वा पुनरावलोकन वा तत्सम्वन्धी कुनै निवेदन दिन सक्नेछ।

(३) सरकारी काम कारवाहीको सम्वन्धमा कुनै सरकारी कर्मचारी वादी वा प्रतिवादी भई चलको मुद्दामा पुनरावेदन वा पुनरावलोकन वा निवेदन गर्न पर्ने अवस्थामा वादी वा प्रतिवादी भएको कर्मचारी त्यस पदमा रहेनछ भने त्यस पदमा वहाल रहेका कर्मचारीको नामवाट पुनरावेदन वा पुनरावलोकन वा निवेदन दिन सकिनेछ।

२५. श्री ५ को सरकार वा सरकारी कर्मचारी उपर नालिस उजुर दिने र समाव्हान इतलायनामा इत्यादि तामेल गर्ने :

(१) श्री ५ को सरकारले गरको काम कारवाहीको सम्वन्धमा नालिस वा उजुर गर्दा श्री ५ को सरकारलाई पक्ष बनाउनु पर्नेछ।

(२) उपदफा (१) वमोजिमको मुद्दामा सरकारी वर्कील मार्फत श्री ५ को सरकारलाई इतलायनामा वा सूचना तामेल गरिनेछ।

(३) सरकारी काम कारवाहीका सम्वन्धमा कुनै सरकारी कर्मचारी उपर नालिस वा उजूर परेकोमा सम्वन्धित कर्मचारी वा निजको सट्टामा काम गर्ने कर्मचारी कहाँ समाव्हान, इतलायनामा, वा सूचना पठाउनु पर्छ। त्यस्तो समाव्हान, इतलायनामा वा सूचनामा पद र कार्यालयको ठेगानासम्म लेख्ने पुग्छ।

तर सरकारी गैर सरकारी कामको सम्वन्धमा कुनै सरकारी कर्मचारी उपर व्यक्तिगत नवरवाट पर्न आएको नालिस वा उजूरीको समाव्हान, इतलायनामा वा सूचना पाउनेमा यो दफाको कुनै कुरा लागू हुने छैन।

२६. म्याद दिने :

(१) अनूसूची १ वा २ मा लेखिएको मुद्दामा पुनरावेदनको म्याद दिंदा अदालतले सत्तरी दिनको म्याद दिनु पर्नेछ।

(२) उपदफा (१) वमोजिम म्याद गुज्री सम्वन्धित पक्षले मनासिव माफिकको कारण देखाई अदालतलाई निवेदन गरेमा अन्य प्रचलित कानूनले थमाउन पाउने म्यादमा अदालतले वढीमा तीस दिनसम्म थप गर्न सक्नेछ।

(३) श्री ५ को सरकारको तर्फवाट कुनै व्यक्तिको नाउँमा देवानी विषयमा नालिस गर्नु पर्ने भएमा प्रचलित कानूनमा सो विषयमा श्री ५ को सरकारले नालिस उजूर गर्न हदम्याद तोकिएको भए सोही हदम्यादभित्र र त्यस्तो हदम्याद नतोकिएकोमा सो नालिस गर्नु पर्ने भएको कुरा श्री ५ को सरकारलाई थाहा भएको मितिले दुई वर्षभित्र नालिस गर्नु पर्नेछ।

तर प्रचलित कानूनमा नालिस गर्नलाई हदम्याद हुँदैन भन्ने र जहिले सुकै पनि नालिस उजूर गर्न नालिस लाग्छ भन्ने खोजिएको जहिले सुकै पनि नालिस उजूर लाग्ने सक्नेछ।

स्पष्टीकरण : श्री ५ को सरकारको सम्वन्धित अधिकृतले थाहा पाएकोलाई श्री ५ को सरकारले थाहा पाएको मानिनेछ।

२७. सरोकारवाला व्यक्तिलाई पक्ष कायम गर्ने :

यस ऐन वमोजिम श्री ५ को सरकार वादी भई दायर भएको कुनै मुद्दा अनूसूची १ वा २

भित्र नपर्ने भन्ने देखिएमा अदालतले आदेश दिई सरोकारवाला व्यक्तिलाई झिकाई निजले सकार गरेमा वादी पक्ष कायम गरी सोही मुद्दाको मिसिलबाट प्रचलित कानून बमोजिम कारवाही किनारा गर्नु पर्नेछ।

२८. पोल उजूर गरे वापतको सजायमा छुट :

(१) अनूसची १ वा २ मा लेखिएको मुद्दामा पोल उजूर गरे वापतको सजाय हुने छैन।

(२) उपदफा (१) मा जुनसुकै लेखिएको भएता पनि आफू गवाह भई श्री ५ को सरकार, प्रहरी कर्मचारी वा अन्य अधिकारीलाई विश्वास पर्ने किसिमसंग कुरा वा सबूद प्रमाण देखाई पोल उजूर गरेकोबाट अदालतमा मुद्दा चलिसकेपछि सो कुरा वा सबुद प्रमाण झुट्टा वा बनावटी हो भन्ने देखिएमा अदालतले देहाय बमोजिम सजाय गर्न सक्नेछ :

(क) त्यस्तो झुट्टा मुद्दा कुरा लेखी दिने वा बनावटी प्रमाण पेश गर्ने गवाहलाई तीनहजार रूपैयाँसम्म जरीवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ।

तर त्यसरी सजाय गर्दा कसूरदारलाई हुने सजायको आधा भन्दा बढी जरीवाना वा कैद गर्नु हुँदैन।

(ख) त्यस्तो झुट्टा कुरा लेखी दिने वा बनावटी प्रमाण पेश गर्ने काम पोल उजूर गर्ने गवाहले मनासिब, माफिकको कारण नभई रीसइबीले गरेको भन्ने अदालतलाई लागेमा सफाई पाउने प्रतिवादीलाई त्यस्तो गवाहबाट मुद्दाको अवस्था विचार गरी पाँचहजार रूपैयाँसम्म क्षतिपूर्ति त्यसै मुद्दाबाट भराईदिन सक्नेछ।

२९. सरकारी मुद्दा फिर्ता लिने वा मिलापत्र गर्ने :

(१) प्रचलित कानून बमोजिम श्री ५ को सरकार वादी भै हेरिने वा श्री ५ को सरकारको तर्फबाट चलाईएको वा श्री ५ को सरकार उपर परेको मुद्दा मामिला श्री ५ को सरकारको आदेश भएमा सरकारी वकीलले अरू पक्षको सहमतिले त्यस्तो मुद्दा मिलापत्र गर्ने वा अदालतको मन्जूरीले त्यस्तो मुद्दा मध्ये श्री ५ को सरकार वादी भएको फौजदारी मुद्दा फिर्ता लिनु हुन्छ र सो भएमा देहायका कुरामा देहाय बमोजिम हुनेछ :

(क) मुद्दामा मिलापत्र गरेकोमा कसैलाई बक्सौनी लाग्ने छैन।

(ख) मुद्दा फिर्ता लिएकोमा फौजदारी अभियोग वा सरकारी दावी समाप्त भई प्रतिवादीले फुर्सद पाउँछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै गैर सरकारी व्यक्तिको सम्पत्ति सम्वन्धी कुरामा असर पर्ने रहेछ भने त्यस्तो मुद्दा यस दफा बमोजिमको अदालतबाट फिर्ता लिन हुँदैन।

३०. सरकारी वकीलको अन्य काम :

(१) अनूसूची १ वा २ मा लेखिएको मुद्दा तथा श्री ५ को सरकारलाई सरोकार पर्ने अन्य जुनसुकै मुद्दामा साक्षी बकाउने तथा प्रमाण पेश गर्ने काम सरकारी वकीलले गर्नेछ।

(२) अनुसूची १ मा लेखिएका मुद्दाका साक्षी प्रमाणहरू अदालतले खोजेका दिन सरकारी खर्चमा सरकारी वकील मार्फत उपस्थित गराउने कर्तव्य प्रहरीको हुनेछ।

(३) अनुसूची २ मा लेखिएका मुद्दा र श्री ५ को सरकार वादी वा प्रतिवादी भएको अन्य मुद्दाका साक्षी प्रमाणहरू अदालतले खोजेका दिन सरकारी वकील मार्फत उपस्थित गराउने कर्तव्य सम्बन्धित अधिकृतको हुनेछ।

३१. अनुसूची १ वा २ मा लेखिएको बाहेकका मुद्दाका सम्बन्धमा :

(१) अनुसूची १ वा २ मा लेखिएका मुद्दा बाहेक श्री ५ को सरकारको तर्फबाट चलाईने अन्य मुद्दाका सम्वन्धमा सम्बन्धित कानूनमा वा श्री ५ को सरकारले मुद्दा चलाउने वा सबूद प्रमाण संकलन गर्ने कुनै अधिकारी तोकिदिएको भए त्यस्तो अधिकारीबाट र त्यस्तो अधिकारी नतोकिएकोमा सम्वन्धित कार्यालय प्रमुखले सबूद प्रमाण संकलन गरी अभियोगपत्र वा फिरादपत्र दायर गर्न म्याद ननाघ्ने गरी आफ्नो राय सहित मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि सम्वन्धित सरकारी वकील समक्ष मिसिल एवं सबूद प्रमाण पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त मिसिलमा मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने सम्वन्धमा यस ऐनको दफा १७ को उपदफा (२) को व्यवस्था लागू हुनेछ।

(३) उपदफा (१) बमोजिम मिसिल प्राप्त भएपछि मुद्दा चल्ने वा नचल्ने निर्णय गरी मुद्दा चल्ने भए कुन कानूनको कुन अभियोगमा कहाँ कसलाई मुद्दा चलाउने सो समेत उल्लेख गरी मुद्दा दायर गर्न म्याद ननाघ्ने गरी प्राप्त मिसिल फिर्ता पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम सरकारी वकीलबाट मुद्दा चलाउने निर्णय प्राप्त भएपछि अभियोगपत्र वा फिरादपत्र तयार गरी प्रचलित कानूनमा तोकिएको व्यक्तिले सही गरी थुनुवा भए थुनुवा समेत लगी म्याद भित्रै सम्वन्धित अदालत समक्ष मुद्दा दायर गरी मिसिलको एक प्रति नक्कल सरकारी वकीललाई उपलब्ध गराउनु पर्नेछ।

(५) सरकारी वकीलले मुद्दा नचल्ने निर्णय गरेकोमा तोकिएको अवधिसम्म मिसिल राख्नु पर्नेछ।

३२. सम्बन्धित निकायमा पठाउन सकिने :

यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अनुसूची १ वा २ मा पर्ने भनी तहकिकात गरिएको कुनै मुद्दा तहकिकात गर्दै जाँदा यस ऐन अन्तर्गत नपर्ने देखिएमा सम्वन्धित निकायमा पठाउन सकिनेछ।

३३. सरकारी वकीलले बहस पैरवी गर्ने :

(१) अनुसूची १ वा २ मा लेखिएको मुद्दा र श्री ५ को सरकार वादी हुने भनी कुनै कानूनमा लेखिएको मुद्दामा सरकारी वकीलले वहस पैरवी र प्रतिरक्षा गर्नेछ। सो बाहेक श्री ५ को सरकारलाई विपक्षी बनाएको वा श्री ५ को सरकारले वादी भई चलाएको मुद्दामा सम्वन्धित निकायबाट अनुरोध भई आएमा सरकारी वकीलले बहस पैरवी वा प्रतिरक्षा गरी दिन सक्नेछ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेकको श्री ५ को सरकारलाई सरोकार पर्ने जुनसुकै मुद्दामा प्रतिरक्षाको लागि सम्बन्धित अधिकारीले महान्यायाधिवक्तालाई सोझै अनुरोध गरी पठाएमा त्यस्तो मुद्दामा महान्यायाधिवक्ताले सरकारी वकीललाई वहस पैरवी वा प्रतिरक्षाको लागि खटाउन सक्नेछ।

३४. माथिल्लो तहका कर्मचारीको अधिकार :

यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम सरकारी वकील वा प्रहरी कर्मचारीले गर्न सक्ने वा गर्नु पर्ने कुनै काम देहायको सरकारी वकील वा प्रहरी कर्मचारीले गर्नु हुन्छ :

(क) सो प्रहरी कर्मचारी भन्दा माथील्लो दर्जाको सम्वन्धित क्षेत्रको कुनै प्रहरी कर्मचारीले र माथिल्लो दर्जाको सरकारी वकीलले।

(ख) सो प्रहरी कर्मचारीको अनुरोधमा अन्य प्रहरी कार्यालयको समान वा माथिल्लो स्तरको कुनै प्रहरी कर्मचारीले र अन्य कार्यालयको माथिल्लो स्तरको सरकारी वकीलले।

३५. अनुसूचीमा थपघट गर्न सक्ने :

श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूची १ वा २ मा लेखिएको मुद्दाहरूमा थपघट गर्न सक्नेछ।

३६. नियम बनाउने अधिकार :

(१) यो ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियम बनाउन सक्नेछ।

(२) उपदफा(१) मा लेखिएको अधिकारको सर्वमान्यतामा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी देहायका विषयहरूमा नियम बन्न सक्नेछ :

(क) सरकारी वकीलको काम, कर्तव्य र अधिकार तोक्ने,

(ख) श्री ५ को सरकारलाई सरोकार पर्ने मुद्दा चलाउने र प्रतिरक्षा गर्ने,

(ग) तहकिकात सम्बन्धी आवश्यक कुराहरू।

३७. खारेजी :

सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ खारेज गरिएको छ।

३८. रुपान्तर :

प्रचलित कानूनमा ठाउँ ठाउँमा प्रयोग भएका देहायका शब्दहरूको सट्टा देहायका शब्दहरू राखी रूपान्तर गरिएकोछ :

- मुख्य न्यायाधिवक्ता को सट्टा वरिष्ठ सरकारी अधिवक्ता
- अतिरिक्त न्यायाधिवक्ता को सट्टा अतिरिक्त सरकारी अधिवक्ता
- सह न्यायाधिवक्ता को सट्टा सरकारी अधिवक्ता
- उप न्यायाधिवक्ता को सट्टा सहायक सरकारी अधिवक्ता
- जिल्ला न्यायाधिवक्ता को सट्टा जिल्ला सरकारी अधिवक्ता

अनुसूची- १

१. राजगद्दी वा राजपरिवारको गाथ सम्बन्धी मुद्दा।

२. राज्य विरूद्धको अपराध र सजाय ऐन, २०४६ अन्तर्गत सजाय हुने मुद्दा।

३. मुलुकी ऐन ज्यान सम्बन्धीको महलले सजाय हुने मुद्दा।

४. मुलुकी ऐन चोरीको महलले सजाय हुने मुद्दा(जारी चोरी बाहेक)।

६. घरमा वा सरकारी कागजपत्रमा आगो लगाएको वा लगाउन उद्योग गरेको मुद्दा।

७. गोबध सम्बन्धी वा मुलुकी ऐन चौपायाको महलको ८ नं. अन्तर्गत सजाय हुने मुद्दा।

८. सरकारी वा अरू सार्वजनिक धनमाल नोक्सान वा हिनामिना गरेको मुद्दा।

९. हात हतियार खरखजाना सम्बन्धी मुद्दा।

१०. मुलुकी ऐन खोटा चलनको महलले सजाय हुने मुद्दा।

११. जोसुकैसंग रहने भए पनि सरकारी छाप दस्तखत वा सो छाप दस्तखत भएको वा सरकारी काममा कुनै कर्मचारीको छाप दस्तखत भएको कागज किर्ते गरेको मुद्दा।
१२. अरूका धर्ममा खलल पर्ने गरी कुनै धर्म प्रचार गर्ने, कसैको धर्म परिवर्तन गर्ने गराउने वा सो कुराको उद्योग गरेको मुद्दा।
१३. जुवा सम्बन्धी मुद्दा।
१४. मुलुकी ऐन जीउ मार्ने बेच्नेको महलले सजाय हुने मुद्दा।
१५. हुलाक ऐन, २०१९ अन्तर्गत सजाय हुने मुद्दा।
१६. जासूसी ऐन, २०१८ अन्तर्गत सजाय हुने मुद्दा।
१७. नेपाल नागरिकता ऐन, २०२० अन्तर्गत सजाय हुने मुद्दा।
१८. प्राचीन स्मारक संरक्षण ऐन, २०१३ अन्तर्गत हुने मुद्दा।
१९. यस ऐनको अनुसूची १ वा २ अन्तर्गतका मुद्दाको जरीयाबाट उठेको किर्ते वा जालसाजी मुद्दा।
२०. केही सार्वजनिक (अपराध र सजाय) ऐन २०२७ अन्तर्गत सजाय हुने मुद्दा।
२१. लागू औषध (नियन्त्रण) ऐन, २०३३ अन्तर्गत सजाय हुने मुद्दा।
२२. आवश्यक सेवा सञ्चालन ऐन, २०१४ अन्तर्गत सजाय हुने मुद्दा।
२३. काले बजार तथा केही अन्य सामाजिक अपराध र सजाय ऐन, २०३२ अन्तर्गत सजाय हुने मुद्दा।
२४. अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ अन्तर्गत सजाय हुने मुद्दा।
२५. लिखतहरूको गोप्यता सम्बन्धी ऐन, २०३९ अन्तर्गत सजाय हुने मुद्दा।
२६. राहदानी ऐन, २०२४ अन्तर्गत सजाय हुने मुद्दा।
२७. मुलुकी ऐन ठगी महलले सजाय हुने मुद्दा।
२८. जुनसुकै तरिकाबाट लोग्ने स्वास्नी कायम हुने गरी अर्को स्वास्नी ल्याएमा वा विवाह गरेमा वा राखेमा मुलुकी ऐन विहावरीको महलको १० नं. अन्तर्गत सजाय हुने मुद्दा।
२९. वैदेशिक रोजगार ऐन, २०४२ अन्तर्गत सजाय हुने मुद्दा।
३०. ज्यान सम्बन्धीको महल र चौपायाको महलले सजाय हुने बाहेक मानिस, गाई, साढे र गोरू मरेकोमा सवारी सम्बन्धी प्रचलित कानून बमोजिम सजाय हुने मुद्दा।
३१. जीउ मार्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०३४ अन्तर्गत सजाय हुने मुद्दा।
३२. बैंक वा श्री ५ को सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्थाको नगदी वा जिन्सी सम्बन्धित बैंक वा संस्थाको कर्मचारीसंग मिलोमतो गरी वा नगरी अन्य कुनै व्यक्तिले मसोट वा हिनामिना गरेको मुद्दा।
३३. बैंक वा श्री ५ को सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्थामा किर्ते कागजात पेश गरी ठगी गरेको किर्ते तथा ठगी मुद्दा।
३४. बगलीमारा चोरी मुद्दा।
३५. कुनै ऐनमा नै यो अनुसूचीमा समावेश भएको मानिनेछ भनी लेखिएको मुद्दा।
३६. यो ऐन बमोजिम श्री ५ को सरकार वादी हुने भनी श्री ५ को सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अरू कुनै फौजदारी अपराध सम्बन्धी मुद्दा।

अनुसूची- २

१. सरकारी जग्गा सम्बन्धी मुद्दा।
२. तिरो दपोट सम्बन्धी मुद्दा।
३. मुलुकी ऐन अदालको महलको २ नं. र ३ नं. अन्तर्गतको मुद्दा।
४. मुलुकी ऐन लेनदेन व्यवहारको महलको ३५ नं. अन्तर्गतको मुद्दा।
५. मुलुकी ऐन जग्गा आवाद गर्नेको महलको १२ नं. अन्तर्गतको मुद्दा।
६. मुलुकी ऐन जग्गा पजनीको महलको १६ नं. अन्तर्गतको मुद्दा।
७. मुलकी ऐन अपुतालीको महलको १७ नं. अन्तर्गतको मुद्दा।
८. मुलुकी ऐन कल्याण धनको महलको १ नं. अन्तर्गतको मुद्दा।
९. सरकारी रकम कलम दबाएको वा सरकारी हक दैया लाग्ने कुरा कायम गर्ने विषयको मुद्दा।
१०. यो ऐन बमोजिम श्री ५ को सरकार वादी हुने भनी श्री ५ को सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अरू देवानी मुद्दा।

■

परिशिटांक २

थुनामा रहँदा यातना दिइएको व्यक्तिलाई क्षतिपूर्ति दिने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

लालमोहर सदर मिति :- २०५३।९।३।४

प्रस्तावना :

अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिए वा निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरे बापत क्षतिपूर्ति दिने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले, श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पच्चीसौं वर्षमा संसदले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) यातना भन्नाले अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई दिएको शारीरिक वा मानसिक यातना सम्झनु पर्छ र सो शब्दले निजसंग गरिएको निर्मम, अमानवीय वा अपमानजनक व्यवहारलाई समेत जनाउँछ।

(ख) पीडित व्यक्ति भन्नाले यातना पाउने व्यक्ति सम्झनु पर्छ।

३. यातना दिन नहुने :

(१) अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाइ यातना दिनु हुँदैन।

स्पष्टीकरण : यस उपदफाको प्रयोजनको लागि थुनामा रहेको भन्ने शब्दले प्रचलित कानून बमोजिम हिरासतमा रहेको अवस्थालाई समेत जनाउँछ।

(२) कुनै पनि व्यक्तिलाई थुनामा राख्दा र छोड्दा सम्भव भएसम्म सरकारी सेवामा रहेका चिकित्सक र चिकित्सक उपलब्ध हुन नसकेको अवस्थामा सम्बन्धित अधिकारी आफैले निजको शारीरिक स्थितिको जाँच गरी गराई सोको अभिलेख खडा गरी राख्नु पर्नेछ।

स्पष्टीकरण : यस उपदफाको प्रयोजनको लागि चिकित्सक भन्नाले सरकारी सेवामा रहेको डाक्टर, कविराज, हेल्थ असिष्टेण्ट, अ.हे.व. वा वैद्य समेतलाई सम्झनु पर्छ।

(३) उपदफा (२) मा उल्लेखित शारीरिक वा मानसिक स्थितिको जाँच सम्बन्धी प्रतिवेदनको

एक प्रति सम्बन्धित जिल्ला अदालतमा पठाउनु पर्नेछ।

४. क्षतिपूर्ति दिइने :

श्री ५ को सरकारको कुनै कर्मचारीले कुनै व्यक्तिलाई यातना दिएको ठहरेमा पीडित व्यक्तिलाई यस ऐन बमोजिमको क्षतिपूर्ति दिइनेछ।

५. उजुरी दिन सक्ने :

(१) पीडित व्यक्तिले आफूलाई यातना दिएको मितिले वा थुनाबाट मुक्त भएको मितिले ३५ दिनभित्र क्षतिपूर्तिको माग दाबी गरी आफू थुनामा रहेको जिल्लाको जिल्ला अदालतमा उजुरी दिन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पीडित व्यक्तिको मृत्यु भएको अवस्थामा वा अन्य कुनै कारणबाट पीडित व्यक्ति आफैंले उजुरी दिन नसक्ने अवस्था भएमा त्यसको कारण खोली निजको परिवारको उमेर पुगेको कुनै व्यक्ति वा निजको कानून व्यवसायीले उपदफा (१) बमोजिम उजुरी दिन सक्नेछ।

(३) थुनामा रहेको व्यक्तिलाई यातना दिएको छ भन्ने लागेमा निजको परिवारको उमेर पुगेको कुनै व्यक्ति वा निजको कानून व्यवसायीले सम्बन्धित जिल्ला अदालतमा निवेदन दिन सक्नेछ। यस्तो निवेदन परेकोमा अदालतले ३ दिनभित्र थुनामा रहेको व्यक्तिको शारीरिक वा मानसिक जाँच गराउन आदेश दिन सक्नेछ। यसरी जाँच गर्दा उपचार गर्नु पर्ने भएमा श्री ५ को सरकारको तर्फबाट उपचार गराइनेछ।

(४) उपदफा (१) वा (२) बमोजिम दिइने उजुरीमा यथासंभव देहायका कुराहरू समेत खुलाउनु पर्नेछ :

(क) थुनामा परेको कारण र थुनामा बिताएको अवधि।

(ख) थुनामा रहदा दिइएको यातनाको विवरण।

(ग) यातना दिएको कारणबाट पुग्न गएको क्षतिको विवरण।

(घ) दाबी गरेको क्षतिपूर्तिको रकम।

(ङ) दाबी प्रमाणित गर्न सहायक हुने अरू कुनै व्यहोरा।

६. उजुरीमा कारबाही र क्षतिपूर्ति :

(१) दफा ५ बमोजिम परेको उजुरीको सम्बन्धमा जिल्ला अदालतले संक्षिप्त कार्यविधि ऐन २०२८ बमोजिमको कार्यविधि अपनाई कारवाही गर्ने छ र त्यस्तो उजुरीको व्यहोरा ठीक ठहरेमा पीडित व्यक्तिलाई श्री ५ को सरकारबाट एकलाख रूपैंयासम्म क्षतिपूर्ति भराई दिने निर्णय गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कारबाही गर्दा बदनियत चिताई उजुरी दिएको ठहरिएमा जिल्ला अदालतले त्यस्तो उजुरी दिने व्यक्तिलाई पाँचहजार रूपैयासम्म जरिवाना गर्न सक्नेछ।

७. यातना दिने कार्यमा संलग्न व्यक्ति उपर कारबाही :

यस ऐन बमोजिम यातना दिएको ठहरिएमा जिल्ला अदालतले त्यस्तो यातना दिने सरकारी कर्मचारीलाई प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्न सम्बन्धित निकायलाई आदेश दिनेछ।

८. क्षतिपूर्तिको रकम निर्धारण :

दफा ६ को उपदफा (१) को प्रयोजनका निमित्त क्षतिपूर्तिको रकम निर्धारण गर्दा देहायका कुराहरूलाई ध्यानमा राखी निर्धारण गनुपर्छ :

(क) पीडित व्यक्तिलाई पर्न गएको शारीरिक वा मानसिक कष्ट वा पीडा र त्यसको गम्भीरता।

(ख) शारीरिक वा मानसिक क्षतिको कारण पीडित व्यक्तिको आय आर्जन गर्ने क्षमता हुने गएको ह्रास।

(ग) उपचार हुन नसक्ने किसिमको शारीरिक वा मानसिक क्षति पुगेकोमा पीडित व्यक्तिको उमेर र निजको पारिवारिक दायित्व।

(घ) उपचार हुन सक्ने किसिमको क्षति भएकोमा उपचार गराउन लाग्ने अनुमानित खर्च।

(ङ) यातनाको कारणवाट पीडित व्यक्तिको मृत्यु भएकोमा निजको आम्दानीमा आश्रित निजको परिवारका सदस्यहरूको संख्या र तिनीहरूको जीविकोपार्जनको निमित्त आवश्यक पर्ने न्यूनतम खर्च।

(च) पीडित व्यक्तिले दावी गरको कुराहरू मध्ये उचित र उपयुक्त देखिएका कुराहरू।

९. निर्णयको कार्यान्वयन :

(१) पीडित व्यक्तिलाई क्षतिपूर्ति दिने सम्वन्धमा अन्तिम निर्णय भएपछि त्यस्तो निर्णयको सूचना पाएको मितिले एक वर्षभित्र पीडित व्यक्ति वा निजको मृत्यु भएकोमा निजको नजिकको हकवालाले क्षतिपूर्तिको रकम पाउन पीडित व्यक्ति थुनामा रहेको जिल्लाको प्रमुख जिल्ला अधिकारी समक्ष क्षतिपूर्ति दिने सम्वन्धमा जिल्ला अदालतवाट भएको निर्णयको प्रतिलिपी सहित निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) वमोजिमको निवेदन प्राप्त भएको मितिले पैंतीस दिनभित्र प्रमुख जिल्ला अधिकारीले निवेदकलाई क्षतिपूर्तिको रकम दिनु पर्नेछ।

(३) उपदफा (१) वमोजिमको म्यादभित्र निवेदन नदिएमा क्षतिपूर्तिको रकम पाउने छैन।

१०. सरकारी वकिलबाट प्रतिरक्षा हुन सक्ने :

दफा ५ वमोजिम परेको उजुरीको सम्वन्धमा सम्वन्धित कार्यालय प्रमुखले अनुरोध गरेमा सरकारी वकिलले त्यस्तो कर्मचारीको तर्फवाट अदालतमा उपस्थित भई प्रतिरक्षा गरिदिनेछ।

११. यातना दिएको नमानिने :

यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम थुनामा रहेको कारणवाट स्वभावतः हुने कष्टलाई यस ऐनको प्रयोजनको निमित्त यातना दिएको मानिने छैन।

१२. प्रचलित कानूनः बमोजिमको कारवाही चलाउन बाधा नपर्ने :

यातना दिए वापत यस ऐन बमोजिम क्षतिपूर्तिको लागि कारवाही चलेको वा क्षतिपूर्ति प्राप्त गरको कारणले मात्र प्रचलित कानून बमोजिम अपराध ठहरिने विषयमा छुट्टै कारवाही चलाउन वाधा पुगेको मानिने छैन।

१३. नियम बनाउन सक्ने :

यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि श्री ५ को सरकारले आवश्यक नियमहरू वनाउन सक्नेछ।

■

परिशिटांक ३

कारागार ऐन, २०१९

संशोधन गर्ने ऐन

१.	कारागार(पहिलो संशोधन) ऐन, २०४६	२०४६।६।११	२०४६।६।११
२.	केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४८	२०४९।१।८	२०४९।१।८

प्रस्तावना :

शान्ति र व्यवस्था कायम राख्न कारागार सम्वन्धी नेपाल कानूनलाई संशोधन र एकीकृत गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ९३ अनुसार यो ऐन बनाईबक्सेकोछ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :

(१) यस ऐनको नाम कारागार ऐन, २०१९ रहेकोछ।

(२) यो ऐन नेपाल अधिराज्यभर विस्तृत हुनेछ।

(३) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा तोकिएको मितिदेखि प्रारम्भ हुनेछ।
(मिति २०२०।५।१ देखि ऐन प्रारम्भ हुनेगरी मिति २०२०।४।३० को नेपाल राजपत्रमा सूचना प्रकाशित।)

२. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) "अदालत" भन्नाले अदालत सरह न्यायिक काम गर्न अधिकार प्राप्त कमिशन, ट्राइब्युनल वा अड्डालाई समेत जनाउँछ।

(ख) "कैदी" भन्नाले कुनै अदालतको फैसला अन्तर्गत सजाय पाई कारगारमा रहेको व्यक्तिलाई जनाउँछ।

(ग) "थुनुवा" भन्नाले अपराधको तहकिकात जाँचबुझ वा पुपर्क्षका लागि अदालत, प्रहरी वा अन्य अधिकारीको हिरासतमा रहेका वा सार्वजनिक सुरक्षा ऐन २०४६ अन्तर्गत थुनामा राखेको व्यक्तिलाई जनाउँछ।

(घ) "कारागार" भन्नाले कैदी वा थुनुवालाई कैद गर्नको निमित्त बनेको वा तोकिदिएको घर कोठा वा त्यस्तै अरू कुनै ठाउँ र त्यस्तो घर कोठा वा ठाउँले चर्चेको जग्गालाई समेत जनाउँछ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमद्वारा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(च) "जेलर" भन्नाले यस ऐन बमोजिम जेलरको काम गर्न नियुक्ति भएको वा तोकिएको व्यक्ति सम्झनु पर्छ।

(छ) "कारागार कार्यालय" भन्नाले जेलरको कार्यालय सम्झनु पर्छ।

(ज) "अस्पताल" भन्नाले सरकारिया अस्पताल, डिस्पेन्सनरी वा औषधालयलाई जनाउँछ।

३. थुनुवा वा कैदी पूर्जी :

(१) कुनै व्यक्तिलाई कुनै अपराधको तहकिकात जाँचबुझ वा पुर्पक्षका लागि थुनामा राख्नु पर्ने भएमा निजलाई प्रचलित नेपाल कानून बमोजिमको थुनुवा पूर्जी दिई अन्य अधिकारीको नियन्त्रणको कारागारमा राख्नु पर्ने भए सम्बन्धित कारागार कार्यालयलाई पनि सो बमोजिमको जनाउ दिनुपर्छ।

(२) कुनै अदालतको फैसला बमोजिम कुनै व्यक्तिलाई कैद गर्नुपर्दा निजले कुन कानून अन्तर्गत के अपराध गरे बापत के कति सजाय हुने फैसलामा कुन मितिदेखि कुन मितिसम्म कैद हुने भएको छ सो सबै खोली कैद ठेकी मुद्दा फैसला भएको तीन दिन भित्र कैदी पूर्जी दिई सो कुराहरू र निजको वतन, वर्ष,वर्ण र हुलिया समेत खोली कारागार कार्यालयका नाउँमा पूर्जी लेखी कारागार पठाई दिनुपर्छ।

(३) थुनिने वा कैद पर्ने कुनै व्यक्तिको उपदफा (१) वा (२) बमोजिम दिएको पूर्जी बुझी नलिएमा सो बुझी नलिएको व्यहोरा जनाई निजकको एक अड्डाका हाकिमको सोही पूर्जीमा साक्षी सही छाप गराई राख्नु पर्छ।

४. थुनुवा वा कैदी बुझिलिने :

(१) प्रचलित नेपाल कानून बमोजिम रीत पुऱ्याई थुन्न वा कैद गर्न पठाइएको व्यक्तिलाई कारागार कार्यालयले बुझिलिई प्रचलित नेपाल कानून बमोजिम थुनामा वा कैदमा राख्नुपर्छ।

(२) प्रचलित नेपाल कानून बमोजिमको रीत नपुऱ्याई कुनै व्यक्तिलाई थुन्न वा कैद गर्न पठाएकोमा कारागार कार्यालयले बुझिलिई पूर्जी बमोजिम निजलाई थुना वा कैदमा राखी रीत नपुगेको कुराहरू खोली रीत पुऱ्याउनका लागि सम्बन्धित अधिकारी समक्ष लेखी पठाउनु पर्छ।

५. थुनुवा वा कैदीको तलासी लिने :

(१) कुनै थुनुवा वा कैदीलाई कारागार भित्र प्रवेश गराउँदा निजको तलासी लिनुपर्छ र कुनै हतियार वा निषिद्ध वस्तु फेला परेमा सो कब्जा गर्नुपर्छ।

(२) प्रचलित नेपाल कानुन बमोजिम थुनुवा कैदीले कारागार भित्र लैजान पाउने वा निजको उपयोगको निमित्त कारागार भित्र पठाउन हुने निजको दैनिक व्यवहारको निमित्त

चाहिने भन्दा बढ्ता मालसामानहरू थुनुवा वा कैदीलाई आवश्यक भएको बखत दिने गरी जेलरको जिम्मा राख्नु पर्छ।

६. थुनुवा वा कैदीलाई राख्ने व्यवस्था :

(१) थुनुवा वा कैदीलाई थुन्दा वा कैद गर्दा देहाय बमोजिम राख्निनेछ :

(क) लोग्नेमानिस र स्वास्नीमानिस छुट्याई पाएसम्म छुट्टाछुट्टै घरमा र सो नभै एउटै घरमा राख्नु पर्ने भएमा परस्पर भेटघाट वा कुराकानी गर्न नपाउने गरी सो घरको भिन्दै भागमा,

(ख) थुनुवा र कैदी एउटै कारागारमा राख्ने व्यवस्था भएकोमा खण्ड (क) का अधीनमा रही कैदी वा थुनुवालाई छुट्याई यथासम्भव भिन्दा भिन्दै भागमा,

(ग) खण्ड (क) र (ख) का अधीनमा रही एक्काईस वर्ष मुनिका र एक्काईस वर्ष माथिका कैदी वा थुनुवालाई छुट्याई यथासम्भव भिन्दा भिन्दै भागमा,

(घ) खण्ड (क) र (ग) का अधीनमा रही देवानी र फौजदारी मुद्दाका कैदीलाई छुट्याई यथासम्भव भिन्दा भिन्दै भागमा,

(ङ) रोगी थुनुवा कैदीलाई छुट्याई यथासम्भव छुट्टै भागमा।

(च) पागल र अर्धपागल थुनुवा कैदीलाई छुट्याई यथासम्भव भिन्दै भागमा।

(२) फौज्दारी मुद्दामा सजाय पाएका कैदीलाई आवश्यकतानुसार एक्लै भिन्दै कोठामा राख्न हुन्छ।

७. नेल हतकडी नलगाइने :

कैदबाट भागी पक्राउ परेको वा कैदबाट भाग्ने उद्योग गर्ने वा दफा २२ को उपदफा (२) बमोजिमको कुनै काम कुरा गर्ने कैदी बाहेक अन्य थुनुवा वा कैदीलाई कारागारभित्र नेल वा हतकडी लगाईने छैन।

८. कारागारमा नाबालकको हेरचाह :

(१) थुनिए वा कैद परेकी स्वास्नीमानिसको कारागार भित्र छोरा छोरी जन्मेछ वा दुई वर्ष नपुगेको नाबालक छोरा छोरी रहेछ भने बाहिर हेरबिचार गर्ने वारिसवाला भए पनि निजलाई आमाले आफैसित राखी हेरविचार गर्न चाहेमा कारागार भित्रै राख्न हुन्छ। त्यस्ता नाबालक दुई वर्ष पुगेपछि आवश्यक भएमा बाहेक, निजलाई वारिसवालाको जिम्मा लगाई दिनु पर्छ।

(२) कुनै थुनुवा वा कैदीको निजले लालन पालन गर्नु नाबालक रहेछ र त्यस्तो नाबालकको लालन पालन गर्ने अरू कोही रहेनछ भने निज थुना वा कैदमा रहुन्जेल त्यस्तो नाबालकको सम्पूर्ण हेर विचार, शिक्षा दीक्षा र लालन पालन तोकिए बमोजिम श्री ५ को सरकारको खर्चमा गरिनेछ।

(३) बाह्र बर्ष ननाघेको कुनै नाबालक थुनिए वा कैद परेमा निजको हेरबिचार गर्न निजको आमा, बाबु वा अरू नातादार कारागार भित्र बस्न चाहेमा पनि बस्न दिइने छैन।

९. थुनुवा र कैदीहरुको सिधा खर्च र लुगा सम्बन्धी व्यवस्था :

कारागारमा थुनिएका वा कैद परेका थुनुवा वा कैदीहरू र त्यस्ता थुनुवा र कैदीहरूको दफा (८) को उपदफा (१) र (२) मा उल्लेख भएका नाबालक छोरा छोरीलाई तोकिए बमोजिम सिधा खर्च र लुगा दिइनेछ।

तर

(क) कैद नठेकिई एकवर्ष सम्म वा सो भन्दा वढी थुनामा रहेको थुनुवालाई लुगा दिइनेछ।

(ख) कुनै थुनुवा वा कैदीले आफ्नो सिधा र लुगाको व्यवस्था आफ्नै खर्चमा गर्न चाहेमा तोकिए वमोजिम निजलाई त्यस्तो व्यवस्था गर्न दिइनेछ।

१०. थुनुवा वा कैदीहरुलाई काममा लगाउने :

प्रचलित नेपाल कानूनमा अन्यथा लेखिएकोमा वाहेक कुनै थुनुवा वा कैदीलाई निजको इच्छा विरुद्ध कुनै काममा लगाइने छैन।

तर श्री ५ को सरकारले थुनुवा र कैदीहरूको स्वास्थ्य, आर्थिक उन्नति वा सुधारको निमित्त आवश्यक ठानेमा कुनै थुनुवा वा कैदीलाई कुनै काममा लगाउने व्यवस्था गर्न सक्नेछ।

११. स्वास्थ्य र उपचार :

(१) मानसिक वा शारीरिक बिरामी परेका थुनुवा वा कैदीहरूलाई सरकारीया चिकित्सकद्वारा उपचार गराउनु पर्छ।

तर कुनै थुनुवा कैदीले आफ्नो खर्च लगाई अरू कुनै चिकित्सकवाट उपचार गराउन चाहेमा तोकिए वमोजिम त्यस्तो उपचार गराउन अनुमति दिइनेछ।

(२) कुनै थुनुवा वा कैदी असाध्य विरामी परी निजको राम्रो उपचारका लागि निजलाई अस्पतालमै राख्न आवश्यक छ भन्ने सरकारी चिकित्सकले ठहराई कारण सहित आफ्नो लिखित राय व्यक्त गरेमा त्यस्तो थुनुवा वा कैदीलाई नेल वा हतकडी परेकोमा सो समेत काटी तोकिएवमोजिम अस्पतालमा राखी औषधि गराउनु पर्छ।

(३) विरामी परी सिकिस्त भएको कुनै थुनुवा वा कैदी वाँच्ने नवाँच्ने दोसाँधमा रहेको कुराको कारण सहितको राय सरकारी चिकित्सकले दिएमा त्यस्तो थुनुवा वा कैदीको हकवालाले निजलाई घाट लैजान चाहेमा निजको रोग निको भएमा पुनः कारागारमा फिर्ता ल्याउने व्यहोराको हाजिर जमानी कागज गराई त्यसरी थुनिएको ठाउँको नजिकको घाटमा लैजान दिइनेछ। थुनुवा वा कैदी जिम्मा लिई घाट लैजाने हकवालाले सम्वन्धित थुनुवा वा कैदीको स्वास्थ्य सम्वन्धी प्रतिवेदन लेखी प्रत्येक हप्ता कारागारलाई दिनु पर्नेछ।

४. उपदफा (२) वा (३) अन्तर्गत अस्पताल वा घाट लगिएको थुनुवा वा कैदी कारागार भित्रै रहेको सम्झिनेछ र सो अवधि निजलाई हुने कैदको अवधिमा कट्टा गरिनेछ।

(५) उपदफा (२) वा (३) मा उल्लेख भएको थुनुवा वा कैदीलाई निको भएमा निजलाई थुन्न नपर्ने भएकोमा वा निजको कैद म्याद भुक्तान भै सकेकोमा वाहेक निजलाई फेरि कारागार भित्र राख्निने छ।

१२. थुनुवा वा कैदी स्वास्नीमानिस गर्भवती भएमा :

(१) कुनै थुनुवा वा कैदी स्वास्नीमानिस गर्भवती रहिछ भने राजगद्दी, राजपरिवारको गाथ वा राजकाज सम्वन्धी मुद्दाको वा दामल वा जन्म कैदको सजाय पाएकी वा त्यस्तो सजाय हुने अपराधको अभियोग लागेकी थुनुवा वा ज्यानमारा वाहेक अरूको हकमा ६ महीनाको गर्भपुगेपछि जमानी लिई छाडी दिनुपर्छ र त्यसरी जमानीमा छुटेकीलाई

निजको वालक जन्मेको दुई महिना भएपछि थुन्न नपर्ने भएकोमा वा कैद म्याद भुक्तान भै सकेकोमा बाहेक फेरी कारागार भित्र राखिनेछ।

(२) उपदफा (१) बमोजिम कुनै गर्भवती स्वास्नीमानिस कारागार बाहिर रहेकोमा निज कारागार भित्रै रहेको सरह गरी निज बाहिर रहेको अवधि जति निजलाई हुने कैदको अवधिमा कट्टा गरिनेछ।

१३. थुनुवा वा कैदीको मृत्यु भएमा गर्ने :

(१) कुनै थुनुवा वा कैदीको मृत्यु भएमा सरकारी चिकित्सकलाई जचाई निजले सो कुरा प्रमाणित गरेमा सो बेहोराको र मर्नेको जायजातको तायदाती मुचुल्का लेखी सो बखत पालो पहरामा परेको पाले सिपाही वा थुनुवा कैदीहरूमा पाएसम्म चार जनामा नघटाई सो मुचुल्कामा साक्षी गराई मर्ने थुनुवा वा कैदीको जायजात धरौटी स्याहामा आम्दानी बाँधी जुन अड्डामा वा अदालत मार्फत थुनिए वा कैद भएको हो सो अड्डा वा अदालतलाई र सो मर्ने थुनुवा वा कैदीको हकवालालाई समेत जेलरले तोकिएबमोजिम सो कुराको जनाउ दिनुपर्छ।

(२) उपदफा (१) बमोजिमको जनाउ तामेल भएको मितिले बाटाका म्याद बाहेक पैंतिस दिन भित्र हकवालाले सो मर्ने थुनुवा वा कैदीको जायजात लिन आएमा तोकिएको रीत पुऱ्याई निजलाई सो जायजात दिनुपर्छ। सो म्याद भित्र कुनै हकवाला नआएमा सो जायजात लिलाम बिक्री गरी आएको नगद स्याहामा आम्दानी बाँधी सरकारी कोषमा दाखिल गर्नुपर्छ।

(३) मरेको कुनै थुनुवा वा कैदीलाई निजको बारिसले उठाई लैजान चाहेमा अन्यथा गर्न आवश्यक भएमा बाहेक सो वारिसको जिम्मा लगाई दिनुपर्छ। सो बमोजिम वारिसले उठाई नलगेमा वा कुनै वारिस नै नभएकोमा तोकिएबमोजिम कारवाई गर्नुपर्छ।

१४. भेटघाट र पत्र व्यवहार :

(१) कुनै थुनुवा वा कैदीले वा त्यस्तो थुनुवा वा कैदीसित अरू कुनै व्यक्तिले भेट वा पत्र व्यवहार गर्न चाहेमा, तोकिएको अवस्थामा बाहेक, भेट वा पत्र व्यवहार गर्न तोकिएबमोजिम दिइनेछ।

तर यस उपदफामा लेखिएको कुनै कुराले कुनै थुनुवा वा कैदीको कानूनी सल्लाहकारलाई त्यस्तो थुनुवा वा कैदीसित तोकिएबमोजिम भेट गर्न बाधा पुऱ्याउने छैन।

(२) उपदफा (१) मा गरिएको व्यवस्थाको विरूद्ध कुनै पत्र व्यवहार गरिएकोमा त्यस्तो सबै पत्र इत्यादि नष्ट गर्न सकिनेछ।

१५. थुनुवा वा कैदीलाई अड्डा वा अदालतमा हाजिर गराउने :

(१) कुनै मुद्दा मामिलामा प्रमाण वा कुनै आवश्यक कुरा बुझ्नको लागि कुनै अड्डा वा अदालतले कुनै थुनुवा वा कैदीलाई हाजीर गराउन आवश्यक भएमा देहाय बमोजिम गर्नुपर्छ :

(क) अदालतले भए सो कैदी वा थुनुवा थुनिए वा कैद परेको कारागार कार्यालयलाई सोझै पूर्जी गरी पठाउने,

(ख) अरू अड्डाले भए सो थुनुवा वा कैदी जुन अड्डा वा अदालत मार्फत थुनिए वा कैद परेको हो सो अड्डा वा अदालतलाई पूर्जी लेखी पठाउने।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमको पूर्जी आएपछि सो थुनुवा वा कैदीलाई थुन्ने वा कैद ठेक्ने अड्डा वा अदालतले पनि सो पूर्जी बमोजिम त्यस्तो थुनुवा वा कैदीलाई पूर्जी लेखी पठाउने अड्डामा हाजिर गराउनकोनिमित्त सम्बन्धित कारागार कार्यालयलाई पूर्जी लेखी पठाई दिनुपर्छ।

(३) उपदफा (१) को खण्ड (क) बमोजिम वा उपदफा (२) बमोजिमको पूर्जी पाएपछि जेलरले पनि त्यस्तो थुनुवा वा कैदीलाई तोकिएबमोजिम हाजिर गराउनु पर्छ।

१६. कारागार प्रशासन सम्बन्धी व्यवस्था :

(१) आफ्नो इलाका भित्रको करागारको प्रशासन एवं सो सम्बन्धी अन्य सबै व्यवस्थाको सामान्य रेखदेख गर्ने कर्तव्य सम्बन्धित प्रमुख जिल्ला अधिकारीको हुनेछ।

(२) प्रत्येक कारागारको निमित्त एकजना जेलर र निज मातहतका अन्य कर्मचारी श्री ५ को सरकारबाट ठेकिएको संख्यामा रहनेछन्।

१७. जेलर र अन्य कर्मचारीको कर्तव्य :

(१) जेलरको कर्तव्य देहाय बमोजिमको हुनेछ :

(क) कारागारको सबै मिसिल, किताब, कागजात एवं मालसामानहरू र यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम निजको जिम्मा लगाइएको सबै चीज एवं मालसामानहरू सुरक्षित रूपले राख्ने,

(ख) थुनुवा वा कैदी भाग्न नपाउने गरी पालो पहराको बन्दोबस्त गर्ने र त्यस्तो पालो पहरामा खटिएका व्यक्ति आफ्नो काममा रूजु हाजीर रहेको वा नरहेको वा त्यस्तो व्यक्तिले आफ्नो काम कर्तव्य राम्रोसित पालन गरेको वा नगरेको कुराको रेखदेख गर्ने,

(ग) यस ऐनको अन्य दफा वा यस ऐन अन्तर्गत बनेको नियम वा अन्य प्रचलित नेपाल कानूनमा लेखिए बमोजिमको अरू कर्तव्यको पालन गर्ने।

(२) प्रत्येक जेलरले आफ्नो निमित्त सरकारी तवरबाट ठेकिएको ठाउँमा निवास गर्नुपर्छ र सम्बन्धित प्रमुख जिल्ला अधिकारीको अनुमति नलिई साधारणतया राती कारागार छाडी अन्त कतै जान हुँदैन।

(३) कारागार भित्र वा कारागारबाट बाहिर कुनै चिज वा मालसामान ल्याउन लैजान लाग्दा करागारमा त्यस बखत पालो पहरामा रहेको पाले सिपाहीले जाँची शंका लागेको व्यक्तिको तलासी समेत लिनु पर्छ र कुनै निषिद्ध वस्तु ल्याउन वा लैजान लागेको वा कारागारको कुनै सम्पत्ति बाहिर लैजान लागेको फेला परेमा जेलरलाई तुरून्त सो कुराको सूचना दिनुपर्छ।

(४) कारागारका कुनै कर्मचारी वाजेलर सम्बन्धित प्रमुख जिल्ला अधिकारीको अनुमति विना कारागारबाट अनुपस्थित रहन हुँदैन।

(५) कारागारका कर्मचारीहरूको अन्य कर्तव्य तोकिएबमोजिम हुनेछ।

१८. म्याद भन्दा बढी थुन्न वा कैद गर्न नहुने :

(१) म्याद तोकिई थुनिए वा कैद परेका थुनुवा वा कैदीलाई सो म्याद पुगेपछि र प्रचलित

नेपाल कानून बमोजिम अधिकार प्राप्त अधिकारीबाट छोड्न आदेश भै आएका थुनुवा वा कैदीलाई सो आदेश बमोजिम चौबीस घण्टा भित्र जेलरले थुना वा कैदबाट मुक्त गरी दिनुपर्छ।

(२) पुर्पक्षलाई थुनिएको थुनुवाका सम्बन्धमा निज कारागार भित्र थुनिएको ६ महिनासम्ममा पनि कैद म्याद ठेकिएको रहेनछ वा निजलाई थुनाबाट मुक्त गर्ने आदेश आएको रहेनछ भने सो ६ महीना नाघेका तीन दिन भित्र जेलरले सो सम्बन्धित सबै कुरा खोली त्यस्तो थुनुवालाई थुन्न आदेश दिने अदालतको पुनरावेदन सुन्ने अदालतमा प्रतिवेदन गर्नुपर्छ।

(३) कुनै थुनुवा वा कैदीलाई छाड्नु पर्ने गरी फैसला वा आदेश भएकोमा त्यसको सूचना अविलम्ब सम्बन्धित कारागारलाई पठाई दिनुपर्छ।

(४) पुनरावेदन अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशले पुनराबेदन अदालतको प्रादेशिक अधिकार क्षेत्र भित्रको कारागारको वर्षमा कम्तिमा एक पटक निरीक्षण गर्नु पर्नेछ र त्यसरी निरीक्षण गर्दा कुनै व्यक्ति ठेकिएको कैद भन्दा बढी अवधि कैदमा रहेको वा प्रचलित कानूनले थुन्न पाउने भन्दा बढी अवधि थुनामा परेको देखेमा त्यस्तो कैदी वा थुनुवालाई तुरून्त छाडी दिने आदेश दिने र त्यस्तो आदेश भएकोमा त्यसको पालन गर्नु सम्बन्धित जेलरको कर्तव्य हुनेछ।

पुनरावेदन अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशले कुनै कैदी वा थुनुवालाई तुरून्त छाडी दिने आदेश दिएकोमा र कारागार निरीक्षण गर्दा यस ऐन बमोजिम नभएको वा नगरेको अन्य कुरा देखेमा सो कुरा समेत खुलाई सर्वोच्च अदालत र श्री ५ को सरकार, गृह मन्त्रालयमा प्रतिवेदन पठाउनु पर्नेछ।

(५) कुनै कर्मचारीको हेलचेक्र्याईबाट कुनै थुनुवा वा कैदी प्रचलित कानून बमोजिम भन्दा बढी समयसम्म थुना वा कैदमा रहेको देखिएमा वा यस ऐन बमोजिम नभएको वा नगरेको अन्य कुनै कुरा देखिएमा त्यस्तो कर्मचारी उपर विभागीय कारवाही भई सजाय हुनेछ।

१९. कारागारको जाँच :

(१) प्रत्येक प्रमुख जिल्ला अधिकारीले आफै वा आफू मुनिका असिष्टेन्ट पठाउनेछ। ६ महिनामा एक पटक र आवश्यक देखेमा जहिलेसुकै पनि आफ्नो मातहतमा रहेको कारागारको जाँच गर्नु गराउनु पर्छ।

(२) उपदफा (१) अन्तर्गत जाँच गर्न गएका प्रमुख जिल्ला अधिकारी वा असिष्टेण्टले देहायका कुराहरूको जाँच गर्नुपर्छ :

(क) कैद म्याद ठेकिएको कैदीले म्याद पुगेको दिन रिहाई पाएको छ वा छैन,

(ख) प्रचलित नेपाल कानून बमोजिम हुनु गर्नु पर्ने अरू काम कुरा सो बमोजिम भए गरेको छ वा छैन।

(३) उपदफा (२) बमोजिमको कुरा जाँच्दा कुनै काम कुरा प्रचलित नेपाल कानूनको वर्खिलाप भए गरेको देखिएमा दफा २० मा लेखिएकोमा सोही बमोजिम र सो दफामा नलेखिएको कुरामा तोकिए बमोजिमको काम कारवाही गर्न गराउन पर्छ।

२०. कारागार जाँच पछि गर्नुपर्ने कारवाई :

दफा १९ बमोजिम कारागार जाँच्ने प्रमुख जिल्ला अधिकारी वा असिष्टेण्टले कारागारको जाँच गरेपछि देहायका कुरामा देहाय बमोजिम गर्नुपर्छ :

(क) थुनुवा कैदी म्याद भन्दा बढी थुनिए वा कैद परेको देखिएमा त्यस्ता थुनुवा वा कैदीलाई तुरुन्त थुना वा कैदबाट मुक्त गरी सो थुनुवा वा कैदीलाई थुन्ने वा कैद गर्ने अड्डा वा अदालतलाई सो कुराको सूचना दिने।

(ख) पुर्पक्षका लागि थुनिएको व्यक्तिको सम्बन्धमा जेलरले दफा १८ को उपदफा (२) बमोजिमको कारवाई नगरेकोमा सो गर्न लाउने।

(ग) कारागारका कुनै कर्मचारीले आफ्नो कर्तव्य पालन नगरेको वा कर्तव्य पालनमा लापरवाही गरेको देखिएमा निज उपर मुद्दा वा अन्य कारवाई चलाउनु पर्ने भएमा प्रचलित नेपाल कानून बमोजिम त्यस्तो कारवाई आफैले गर्न हुनेमा आफैले गर्ने र आफैले गर्न नहुनेमा सो कुराको जनाउ सम्बन्धित अधिकारीलाई पठाउने।

२१. थुनुवा वा कैदीले बिन्तिपत्र, दरखास्त इत्यादि दिंदाको कार्य प्रणाली :

(१) कुनै थुनुवा वा कैदीले कुनै मुद्दा मामिलाका सम्बन्धमा कुनै अड्डा वा अदालतमा दिनुपर्ने कुनै फिरादपत्र, प्रतिउत्तरपत्र, पुनरावेदनपत्र, बिन्तिपत्र, दरखास्त जनाउ इत्यादि सो अड्डा वा अदालतमा दाखिल गर्नलाई आफू थुनिए वा कैद परेको कारागार कार्यालयमा दाखिल गरेमा सो कार्यालयले म्याद भित्रको भए निजको सहिछाप गराई प्रचलित नेपाल कानूनले दस्तूर लाग्नेमा दस्तूर समेत बुझी लिई त्यस्को निस्सा दिई कागज दस्तूर दाखिल गरेको मिति समेत लेखी जुन अड्डा वा अदालतमा पठाउनु पर्ने हो सो अड्डा वा अदालतमा चलानीसाथ तिन दिन भित्र पठाई दिनुपर्छ।

(२) उपदफा (१) बमोजिम कारागार कार्यालयबाट चलान भै आएको कागजपत्र सम्बन्धित अड्डा वा अदालतले बुझी लिई प्रचलित नेपाल कानून बमोजिम गर्नुपर्छ।

(३) थुनुवा वा कैदीले आफू थुनिएको वा कैद परेका कारागारमा म्याद नारीख भित्रै उपदफा (१) मा लेखिएको कागज दस्तुर बुझाएकोमा म्याद नारिख जान सक्तैन।

२२. कारागार सम्बन्धी अपराध :

(१) कसैले यस ऐन अन्तर्गत बनेको नियमको बर्खिलाप कारागार भित्र वा कारागारबाट बाहिर कुनै चीज वा मालसामान ल्याएको वा लगेको वा सो गर्ने उद्योग गरेको वा कुनै थुनुवा वा कैदीलाई मनाहि गरिएको कुनै चीज वा मालसामान दिए वा पुऱ्याएको वा सो गर्ने उद्योग गरेको वा कुनै थुनुवा वा कैदीसित पत्र व्यवहार गरेको वा कारागारका कुनै कर्मचारीले जानीजानी वा लापरवाही गरी सो कुराहरू हुन दिएको वा कुनै व्यक्तिले माथि लेखिएको कुनै अपराधको दुरूत्साहन दिएको ठहरेमा त्यस्तो व्यक्ति वा कर्मचारीलाई ६ महिनासम्म कैद वा दुई सय रूपैयाँसम्म जरिवाना वा दुवै हुन सक्छ।

(२) कुनै थुनुवा वा कैदीले निम्नलिखित कुनै काम कुरा गरेमा निजलाई चेतावनी दिन वा असल चालचलन वापत दण्ड सजायबाट कुनै छुटको सहुलियतबाट बञ्चित गर्न वा पन्द्रह दिनमा नबढाई एकान्त ठाउँ वा कोठामा थुन्न वा स्वास्नीमानिस र रोगी बाहेक अरू थुनुवा वा कैदीको हकमा एक महिनामा नबढाई पहिले नेल नपरेकोमा नेल ठोक्न, नेल परी सकेकोमा

हतकडी हाल्न र नेल हतकडी परिसकेकोमा जञ्जीर हाल्न सकिनेछ :

(क) कुनै व्यक्ति उपर कुनै किसिमले अपराधिक बल प्रयोग गरेमा ,

(ख) कुनै व्यक्ति उपर अपमानजनक वा धम्कीपूर्ण भाषा प्रयोग गरेमा,

(ग) अनैतिक वा अभद्र वा अनुशासनहीन आचरण गरेमा,

(घ) विना अधिकार नेल वा हतकडी खोले वा भाँचेमा,

(र) कारगारको कुनै सम्पत्ति जानी जानी बिगारे वा नासेमा,

(च) कुनै मिसिल वा कागजात नासे, बिगारे, वा च्यातेमा

(छ) निषेध गरिएको कुनै चीज वा मालसामान लिए राखे वा पठाएमा,

(ज) कुनै कर्मचारी वा थुनुवा वा कैदी उपर जानी जानी झुठो अभियोग लाग्ने कुरा गरेमा,

(झ) विरामी भएको बहाना गरेमा,

(ञ) आगलागी भएको वा कुनै षडयन्त्र गरिएको वा कुनै थुनुवा वा कैदी भागेको वा भाग्न उद्योग गरेको वा कारागारको कर्मचारी वा कुनै थुनुवा वा कैदी उपर आक्रमण भएको वा हुने तयारी भैरहेको कुरा थाहा पाउना साथ जाहेर नगरेमा वा जाहेर गर्न इन्कार गरेमा,

(ट) कुनै कैदी वा थुनुवालाई भगाएमा वा भगाउने उद्योग गरेमा,

(ठ) यस ऐन अन्तर्गत बनेका नियमको बर्खिलाप अन्य कुनै काम कुरा गराएमा।

(३) उपदफा (२) मा लेखिएको अपराधका सम्बन्धमा तोकिए बमोजिमको एउटा छुट्टै किताब राख्नुपर्छ र सो दफा अन्तर्गत कुनै थुनुवा कैदीलाई कुनै सजाय भएकोमा सो कुरा सो किताबमा जनाई जेलरले आफ्नो दस्तखत गर्नुपर्छ।

२३. थुनुवा वा कैदीको चलानी :

थुनुवा वा कैदीलाई एक ठाउँबाट अर्को ठाउँमा चलान गर्दा तोकिए बमोजिम चलान गर्नुपर्छ।

२४. कैदी थुनुवा भागे वा भगाएमा सजाय :

(१) थुनुवा वा कैदी बाहेक अरू कसैले थुनुवा कैदीलाई भगाएमा वा भगाउने उद्योग गरेमा निजलाई देहाय बमोजिम सजाय हुनेछ :

(क) सम्बन्धित अड्डा वा अदालत वा कारागारका कर्मचारीले घूस खाई वा मरमोलहिजा गरी भगाएको रहेछ भने घूस खाएकोमा सो घूसको बिगो समेत जफत गरी निजलाई :

(१) ज्यान सजाय भएको कैदी वा त्यस्तो सजाय हुने अपराधको अभियोग लागेको थुनुवा भगाएको भए बाह्र वर्ष कैद,

(२) दामल वा जन्म कैदको सजाय पाएको कैदी वा त्यस्तो सजाय हुने अपराधको अभियोग लागेको थुनुवा भगाएको भए दश वर्ष कैद,

(३) अरू थुनुवा वा कैदी भगाएको भए घूस खाएकोमा सो घूसको बिगो बमोजिम जरिवाना समेत गरी दुई वर्षदेखि ६ वर्षसम्म कैद,

(ख) खण्ड (क) मा लेखिए बाहेकका अन्य सरकारी कर्मचारीले घूस खाई वा मरमोलाहिजा गरी भगाएको रहेछ भने घूस खाएकोमा सो घूसको बिगो समेत जफत गरी निजलाई :

(१) ज्यान सजाय भएको कैदी वा त्यस्तो सजाय हुने अपराधको अभियोग लागेको थुनुवा भगाएको भए आठ वर्ष कैद,

(२) दामल वा अन्य कैदको सजाय पाएको कैदी वा त्यस्तो सजाय हुने अपराधको अभियोग लागेको थुनुवा भगाएको भए ६ वर्ष कैद,

(३) अरू थुनुवा वा कैदी भगाएको भए घूस खाएकोमा सो घूसको बिगो बमोजिम जरिवाना समेत गरी दुई वर्षदेखि ६ वर्षसम्म कैद,

(ग) सम्बन्धित अड्डा वा अदालत वा कारागारका कर्मचारीले खण्ड (क) मा लेखिए बमोजिम नगरी आफ्नो कर्तव्य पालनामा लापरवाही मात्र गरी भगाएको रहेछ भने निजलाई ६ महिनासम्म कैद वा दुई सय रूपैयासम्म जरिवाना वा दुबै।

(घ) सरकारी कर्मचारी बाहेक अरू कसैले भगाएमा निजलाई :

(१) ज्यानको वा दामलको वा जन्म कैदको सजाय भएको कैदी वा त्यस्तो सजाय हुने अपराधको अभियोगको थुनुवा भगाएको भए पाँच वर्ष कैद,

(२) अरू थुनुवा वा कैदी भगाएको भए दुई वर्षसम्म कैद वा पाँचसय रूपैयासम्म जरिवाना,

तर यस खण्ड बमोजिम सजाय गर्दा भाग्ने थुनुवा वा कैदीलाई भएको वा हुन सक्ने बाकी कैदको आधा भन्दा बढी हुने गरी सजाय गरिने छैन।

(ङ) कसैले कुनै थुनुवा कैदी भगाउने उद्योग गरेकोमा सो थुनुवा वा कैदी भाग्न नपाउदै जाहेर भएकोमा ६ महिना सम्म कैद वा दुई सय रूपैयाँसम्म जरिवाना।

(२) उपदफा (१) को खण्ड (क), (ख) र (ग) मा लेखिएका व्यक्तिले कुनै थुनुवा वा कैदी भगाएकोमा बिगो समेत बुझ्न वा दिलाउन पर्ने रहेछ भने सो भगाउने व्यक्तिबाट भरी भराउ गर्नुपर्छ।

(३) कुनै म्याद ठेकिएको कैदी भागेमा पक्रिए पछि निजलाई बाँकी कैदको डेढी बढाई सजाय हुनेछ।

(४) कुनै थुनुवा भागेमा मुद्दा फैसला भएपछि निजलाई भएको सजायमा निजले भाग्नु भन्दा अघि थुनामा बसेको अवधि कट्टा गरी बाँकी हुने सजायमा डेढी बढाई सजाय कायम गरी त्यसमा निज भाग्नु भन्दा अघि वा पछि थुनामा रहेको जम्मा अवधि कट्टी गरी बाँकी रहन आउने सजाय हुनेछ।

(५) उपदफा (३) वा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि सो उपदफाहरू बमोजिम डेढी बढाई सजाय कायम गर्दा भाग्ने थुनुवा वा कैदी जुन अपराधमा कैद परेको हो सो अपराधमा हुन सक्ने सजायको उपल्लो हदको सवाई भन्दा बढी हुने गरी सजाय कायम गरिने छैन।

(६) उपदफा (३), (४) वा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफाहरू बमोजिम सजाय गर्दा बीस वर्ष भन्दा बढी कैद हुने गरी सजाय गरिने छैन।

२५. कारागारका कर्मचारीले आफ्नो कर्तव्य पालन नगरेमा सजाय :

जेलर वा कारागारका अरू कुनै कर्मचारीले यस ऐनको वा यस ऐन अन्तर्गत बनेको नियमको वा अधिकार प्राप्त अधिकारीले दिएको आदेशको बर्खिलाप गरी आफ्नो कर्तव्य पालन

नगरेमा वा जानी जानी आफ्नो कर्तव्य पालनमा लापरवाही देखाएमा वा अनुमति नलिई आफ्नो काम छोडी कतै गएको वा गयल परेको देखिएमा निजलाई यस ऐनका अन्य दफामा कुनै खास कुराका सम्बन्धमा खास सजाय तोकीएकोमा सोही बमोजिम र सो बमोजिम नतोकिएकोमा अवस्थानुसार तीन महिनासम्म कैद वा दुई सय रूपैयाँसम्म जरिवाना वा दुवै हुनेछ।

२६. यो ऐन अन्तर्गतको मुद्दा मामिला चलाउने र हेर्ने अधिकार :

(१) प्रचलित अन्य नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि थुनुवा कैदी भागे भगाएको वा दफा २२ को उपदफा (१) अन्तर्गतको मुद्दा मामिला हेरी किनारा गर्ने अधिकार जुन इलाकाको कारागारको कैदी वा थुनुवा हो सोही इलाकाको जिल्ला अदालतलाई हुनेछ।

(२) दफा २२ को उपदफा (२) अन्तर्गतको अपराधको ठाडो जाँचबुझ गरी सजाय गर्ने अधिकार सम्बन्धित जेलरलाई हुनेछ र निजले यस उपदफा अन्तर्गत दिएको कुनै आदेश उपर पुनरावेदन लाग्ने छैन।

तर यस उपदफा अन्तर्गत जेलरले कुनै थुनुवा वा कैदीलाई सजाय गरेकोमा त्यस्तो सूचना सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई दिनुपर्छ।

(३) प्रचलित अन्य नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा २५अन्तर्गतको अपराध सम्बन्धी मुद्दा मामिला हेरी किनारा गर्ने अधिकार सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई हुनेछ।

(४) दफा २२ को उपदफा (१), दफा २४ र दफा २५ अन्तर्गतको अपराधको तहकिकात गरी मुद्दा चलाउने कर्तव्य सम्बन्धित जेलरको हुनेछ र सो बमोजिम तहकिकात गर्दा कसूरमा मुछिएको व्यक्तिलाई गिरफ्तार गर्ने कुनै व्यक्ति वा स्थानको तलासी लिने, अभियुक्तलाई बयान गराउने, सरजमीन मुचुल्का तयार गर्ने समेत प्रचलित नेपाल कानूनले प्रहरीले पाए सरहको सबै अधिकार जेलरलाई हुनेछ र त्यस्तो तहकिकात गर्दा पहिलेदेखि थुना वा कैदमा रहेका बाहेक अभियुक्तलाई तारिखमा राख्ने वा जमानीमा छाड्ने बारे अदालतलाई भए सरहको अधिकार पनि आवश्यकतानुसार जेलरलाई हुनेछ।

(५) उपदफा (४) अन्तर्गत जेलरले गिरफ्तार गरेको व्यक्ति मध्ये पहिलेदखि थुना वा कैदमा रहेका व्यक्ति बाहेक अरूलाई बाटाका म्याद बाहेक चौवीस घण्टा भन्दा बढी हिरासतमा राख्नु पर्ने भएमा जेलरले मुद्दा हर्ने अधिकारीको अनुमति लिई बढीमा सात दिन सम्म थप हिरासतमा राख्नु हुन्छ।

२७. नियम बनाउने अधिकार :

(१) श्री ५ को सरकारले यस ऐनको उद्देश्य कार्यान्वित गर्न नियमहरू बनाउन सक्नेछ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी ती नियमहरूद्वारा खासगरी देहायका कुराको व्यवस्था गर्न सकिनेछ :

(क) थुनुवा र कैदीहरूको कारागार भित्र प्रवेश नियन्त्रण एवं छुटकारा,

(ख) थुनुवा र कैदीहरूको वर्गीकरण,

(ग) थुनुवा र कैदीहरूलाई सरकारीया खर्चबाट दिइने लुगा, सिधा सहित अन्य सुविधाहरू,

(घ) थुनुवा र कैदीहरूले वा निजहरूसित अरूले भेटघाट वा पत्र व्यवहार गर्ने व्यवस्था,

(ङ) थुनुवा र कैदीहरूले दिएको निवेदनपत्र, दरखास्त, उजूरी, प्रतिउत्तरपत्र वा पुनरावेदनपत्र सम्बन्धित अड्डा वा अदालतमा चलान गरी पठाउने व्यवस्था,

(च) थुनुवा र कैदीहरूको चाल चलनको रेकर्ड राख्ने, असल चालचलन भएकाको सजाय छोट्याउने व्यवस्था एवं अधिकार,

(छ) थुनुवा र कैदीहरूको शिक्षा, स्वास्थ्य, सदाचार एवं आर्थिक हित सम्बन्धी व्यवस्थाहरू,

(ज) थुनुवा र कैदी भाग्न लागेको वा कारागार भित्र उपद्रव वा अशान्ति गरेको अवस्थामा निजहरू उपर हातहतियारको प्रयोग गर्ने व्यवस्था,

(झ) कारागार भित्र वा कारागार बाहीर कुनै मालसामान ल्याउन लैजान निषेध गर्ने व्यवस्था,

(ञ) थुनुवा र कैदीलाई चलान गर्दा वा ल्याउँदा लैजादा गर्नुपर्ने व्यवस्था एवं कारवाई,

(ट) प्रमुख जिल्ला अधिकारी वा निजको असिष्टेण्टले कारागारको जाँच गर्दा वा गरिसकेपछि गर्नुपर्ने व्यवस्था एवं कारवाई,

(ठ) जेलरले दफा २२ को उपदफा (२) अन्तर्गत कुनै थुनुवा र कैदीलाई सजाय गर्दा अपनाउनु पर्ने कार्यप्रणाली एवं त्यस सम्बन्धमा राख्नु पर्ने किताब बारे,

(ड) असाध्य बिमारी परी अरू कुनै कारणले कुनै थुनुवा वा कैदीलाई छाड्नु पर्ने अवस्थामा गर्नुपर्ने कारवाई।

२८. खारेजी :

देहायका प्रचलित नेपाल कानून खारेज गरिएको छ :

(क) मुलुकी ऐन खोर झेलखानाको महल,

(ख) खोर झेलखाना विषय भएको गैह्र सवाल सनद,

(ग) मुलुकी ऐन अदालती बन्दोबस्तको महल ५१ नम्बर।

■

इन्सेक पुस्तक ४६/१९९७

मानवअधिकार र सामाजिक न्यायका लागि
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
पोष्ट बक्स नं. २७२६, काठमाडौं
टेलिफोन : २७०७७०/२७८७७०
फ्याक्स : २७०५५१